The chortens of Humla represent a type quite different from those observed in neighbouring Mugu, in Mustang or Solukhumbu. In Mugu, for example, there are a number of large two- or three-storeyed chortens with slanting roofs and the walls artistically plastered. In Humla, there is not a single large structure, only altogether some twenty small chortens. These are basically cubes with one or several trees of life emerging from the top. A larger cube on top of the base storey does not necessarily represent a harmika, which normally is placed on the dome of a chaitya. It might rather represent a second storey or a tier of a tapering building type like the pagodas in the Kathmandu Valley, in China or Japan.

Only at the eastern end of the Himalayan range, in Bhutan, do we find chortens (see drawing: an example from Rukubji) similar to those in Humla. Two-storeyed structures with tie beams are placed on multi-stepped plinths, with rows of slate inscribed with sacred formulas. The tree of life, however, is represented by a moulded stone column emerging from the top for only 20-40 cm.

The base cube tends to enclose a chamber, which serves as a repository of sacred things, and this represents the very essence of a chorten (lit: mchod= offering; rten= receptacle or support). In fact, once placed into such a repository or receptacle, an offering like the folio of a manuscript or a tsha-tsha will never loose its sacred character. Tucci said that these repositories are meant for all those objects "the living sense of sacer (Latin for sacred) guiding all... actions forbids to destroy."[8] In Muchu, the tsha-tsha offerings were exclusively miniature chortens.

As the examples from Kermi and also Yangar (see photograph) show, a chamber is not an essential feature. The platform of the roof may likewise serve as a repository for sacred objects.

Finally, one might sum up by saying that the chorten of Humla is reduced to a cube with the tree of life emerging from it. The cube thus is reduced to its bare function as a support for the tree of life, which in a way also represents the axis mundi.

Surprisingly, the classical chorten type with the four bases, support of the pentola, the pentola (or dome), the upper portion, the turret, the tree of life, the thirteen wheels, and the umbrella, which can be seen at Svayambhunath, in Solukhumbu, in Bhutan and all over Tibet, appears in Humla only in the form of reliefs. It may only be a question of time before the tradition of building archaic types is given up and the classic form of chorten introduced, representing an import from the high traditions. In 1988, for example, a new chorten was built in Tumkot with a carved srog-sin. The terminal portional of this srog-sin, for the first time in Humla, displays the sun, moon and pinnacle (or golden drop) presupposing the doctrines of the Tantric schools: "The sun is cosmic activity, moon the object realized by the first and fire is the knowing object."[9] This srog-sin appears to indicate the beginning of a major change in building traditions.

Notes

1. The villages of Humla were visited from

18th-20th May 1990 to complement a more complex study of Nepalese chaitya architecture, which is based on an extensive survey in the valley of Kathmandu, but tries to present a preliminary overview of building types from the northern districts. –Birat Thapa from HMG, Department of Archaeology was an ever present assistant on this misson.

2. Christian Kleinert, Haus-und Siedlungsformen im Nepal Himalaya unter Berucksichtigung klimatischer Faktoren, Innsbruck-Munchen 1973
3. Perdita Pohle, L'adaption de la maison et de l'habitat a l'environnement de la haute montagne. Etude du district de Manang dans l' Himalaya nepalais. – In: Architecture, Milieu et Societe en Himalaya, Denis Blamont, Gerard Toffin (ed), Etude Himalayenne No. 1, Paris 1987, p. 79-102
4. Dieter Schuh, The political organisation of Southern Mustang during the 17th and 18th centuries. – In: Ancient Nepal
5. Giuseppe Tucci, Stupa - art, architectonics and symbolism (English version of Indo-Tibetica I), New Delhi 1988, p. 40
6. op. cit., p. 40-43
7. Kurt J. Schwalbe, The construction and religious meaning of the Buddhist Stupa in Solo Khumbu, Nepal, Ph. D. dissertation, Berkeley 1979
8. Tucci, op. cit., p. 38
9. Tucci, op. cit,, p. 48

HUMLA:
Above: Chörten in Muchu. Below: Opening in the western facade of that chörten to insert tsha-tsha, votive offerings in the form of a stūpa.



HUMLĀ:
Above: Chörten in Kermi .- Below: Chörten in Muchu



HUMLĀ: Northern part of the district . Location of those 10 villages north of Simikot in which the Tibetan population builds chörtens.



GROUND PLAN



SECTION A-A

CAVE AT TUMKOṬ



HUMLĀ: Chörten in Kermi, elevation north and top view, scale 1:40



HUMLĀ: Chörten in Yalbaṅ, elevation south and ground plan, scale 1:40



HUMLĀ: Chörten in Muchu, elevation southeast and ground plan, scale 1:40



HUMLĀ: Chörten in Muchu, elevation east and ground plan , scale 1:40



BHUTAN: Chörten in Rukubji,elevation west and ground plan, scale 1:40

वैष्णव धर्मको इतिहास र फर्पिङका शिखरनारायण

–उद्धव आचार्य

वैष्णव धर्मको उद्‌भव र विकास

हिन्दू त्रिविध (शैव, शाक्त र वैष्णव) धर्ममध्ये वैष्णव धर्म एउटा लोकप्रिय एवं प्रभावकारी धर्म हो। आर. जी. भण्डारकका अनुसार वैदिक देवता विष्णु, दार्शनिक देवता नारायण र ऐतिहासिक देवता सात्वत एवं वृष्णिनायक कृष्णको संयोजनको परवर्ती विकसित रूप नै वैष्णव धर्म हो।[1]

वैष्णव धर्मको प्राचीनता खोज्दै जाँदा हामी ऋग्वेदमा पुग्दछौं। ऋग्वेदको प्रथम मण्डलको पाँचौं अध्यायको २३ सूक्तको १६ औंदेखि २१ औं मन्त्रसम्म विष्णुकै वैभवको वर्णन गरिएको छ। यस बाहेक ऋग्वेदका अन्य सूक्तकहरूमा पनि विष्णुको विषयमा उल्लेख छ। ऋग्वेदमा अति विस्तृत एवं गतिशील किरणहरू भएको एउटा ज्योतिपुञ्जको रूपमा विष्णुको उल्लेख गरिएको छ।[2] यसै गरी विष्णुको स्थानलाई देवभक्त पुरुषहरूले आनन्द प्राप्त गर्ने परम पद र अमृतको निर्झर भनिएको छ।[3] विष्णुको त्यस परम पदलाई तत्त्वज्ञानीहरू सदा चिन्तन गरिरहने र विश्वको चक्षुको रूपमा पनि उल्लेख भएको छ।[4] ऋग्वेदमा विष्णुको तीन पदले विश्वलाई ढाकने[5], तीन पदबाट विचक्रमण गर्ने, गो (विश्व) का पालक, अदाभ्य (दबाउन नसकिने) र धर्मलाई धारण

---

१) आर. जी. भण्डारकर–'वैष्णव, शैव और अन्य धार्मिक मत', माहेश्वरीप्रसाद, (अनु.) प्रथम संस्करण, (वाराणसी: भारतीय विद्या प्रकाशन, इ १९७७), पृष्ठ ४०।

२) अत्राह तदुरुगायस्य वृष्णं परमं पद भवत् भाति भूरि।।
ऋग्वेद प्रथम मण्डल, अ. २१, सू १५४, मन्त्र ६।

३) विष्णी पदे परमे मध्व उत्स
त्यही, मन्त्र ५।

४) तद्विष्णो : परमं पदं सदा पश्यन्ति सूरय। दिवीव चक्षुरातमम
त्यही, अ. ५, सू २२, मन्त्र २०।

५) इदं विष्णोर्विचक्रमे त्रेधा निसधे पदम। समूलहमस्य पांसुरे
त्यही, सू २३, मन्त्र १७।

गर्ने पनि भनिएको छ ।[6]

ऐतरेय ब्राह्मणमा अग्निलाई तुच्छ, विष्णुलाई परम र अन्य देवताहरूलाई ती दुईको बीचको मानिएको छ ।[7] यही कुरा काठक संहितामा पनि दोहोरिएको छ ।[8] गोपथ ब्राह्मणमा अग्निर्वै सर्व देवता, विष्णुर्यज्ञ भनिएको छ ।[9] ऐतरेय ब्राह्मणका विष्णुर्वै यज्ञ, विष्णुर्वै देवानाम द्वापर भनिएको छ ।[10] पौराणिक ग्रन्थको मूलरूप शतपथ ब्राह्मणलाई मानिन्छ ।[11] यस ग्रन्थमा यज्ञो वै विष्णु भनिएको छ[12] र विष्णुले वामन अवतार लिएको उल्लेख गरिएको छ ।[13]

शतपथ ब्राह्मणमा नारायणको उल्लेख आएको छ । जस अनुसार नर नामक एक ऋषि कुलमा नारायणको जन्म भएको थियो । नरनारायण सूर्योपासनाका समर्थक थिए । पछि सौर्य देवता विष्णुसंग यसको तादात्म्य भयो ।[14] महाभारतका अनुसार नारायण द्रविण मूलका थिए, जसको नामको रचना तीन द्रविण शब्द नार, अय् र अन्को योगबाट भएको छ । यसको प्रथम खण्ड 'नार' को सम्बन्ध द्रविण 'नार' संग जोडिएको छ, जसको अर्थ जल हुन्छ । दोस्रो खण्ड 'अय्' को अर्थ कुनै स्थानमा शयन गर्नु र 'अन्' पुरुष वाचक शब्द हो । यस-बाट यो नाम समुद्रमा निवास गर्ने देवताको लागि प्रयोग भएको अनुमान हुन्छ ।[15]

तैतरीय आरण्ड्यकको अन्तिम प्रपाठमा नारायण, विष्णु र वासुदेवको तादात्म्यको राम्रो उदाहरण पाइन्छ ।[16] महाभारतकालमा आएर वासुदेव कृष्णसंग विष्णुको तादात्म्य भएपछि वैष्णव धर्मको लोकप्रियता र प्रभावकारितामा विस्तार भयो । महाभारत भीष्म पर्वमा वासुदेवलाई साक्षात् विष्णु भनिएको छ ।[17] शान्ति

---

६) त्रिणिपदा विचक्रमे विष्णु गोपा अदाभ्य अतो धर्माणि धारयन
त्यही, अ. ३, सू. २२, मन्त्र १८ ।

७) गंगाप्रसाद उपाध्याय– (अनु.) "ऋग्वेदीय ऐतरेय ब्राह्मण, प्रथमवार, (प्रयाग : हिन्दी साहित्य सम्मेलन, वि. सं २००६), पृष्ठ १७ ।

८) मंगलदेवजी शास्त्री– वैदिक वाङमय मे विष्णु देवताका स्वरूप, "कल्याण", वर्ष ४७, अङ्क १, सन् १९७३, पृष्ठ ८६ ।

९) त्यही, पृष्ठ ८६ ।

१०) त्यही, पृष्ठ ८६ ।

११) वासुदेव उपाध्याय–"प्राचीन भारतीय मूर्ति विज्ञान", प्रथम संस्करण, (वाराणसी : चौखम्वा संस्कृत सिरिज २०२६) पृष्ठ ९९ ।

१२) मुन्सीरामजी शर्मा 'सोम',—वैदिक विष्णु, "कल्याण", वर्ष ४७, संख्या १, सन् १९७३, पृष्ठ १०३ ।

१३) उपाध्याय, उही, नं. (११), पृष्ठ ९९ ।

१४) सुविरा जायसवाल–"वैष्णव धर्मका उद्भव और विकास", अनन्तलाल चौधरी, (अनु.) प्रथम संस्करण (दिल्ली: भारतीय इतिहास अनुसन्धान परिषद, सन् १९७६), पृष्ठ ३४ ।

१५) त्यही, पृष्ठ ३४ ।

१६) नारायणाय विद्महे वासुदेवाय धिमहि तन्नो विष्णु प्रचोदयात्
सहि कृष्णावतारे वसुदेवस्य पुत्र स्याद् वासुदेवः ।
तै. आ. १०–१६ ।

१७) भण्डारकर, उही, नं (१), पृष्ठ ३९ ।

पर्वमा नारायण र विष्णुबीच अनन्य स्थापित गरिएको छ ।[18] नारायणीय खण्ड र तैतरिय आरण्यकमा नारायण, विष्णु र वासुदेव कृष्णमा अभेद बताइएको छ । शतपथ ब्राह्मणमा प्रजापति ब्रह्माद्वारा लिएका अवतारहरू महाभारतको नारायणीय खण्डमा आएर विष्णुसंग सम्बन्धित गराइएको छ ।[19] गीतामा सबै धर्मलाई छोडेर मेरो भजन गर भनिएको छ ।[20] यसबाट महाभारतकालीन वैष्णव धर्मको बढ्दो लोकप्रियता र प्रभुत्वबारे राम्ररी थाहा पाउन सकिन्छ तापनि भृगुवंशी ब्राह्मण उट्टंक वासुदेवलाई श्राप दिन तत्पर भएको र शिशुपालद्वारा कृष्ण निन्दा भएको देखिएबाट त्यसबेलासम्म वैष्णव धर्मले पूर्णरूपले सर्वव्यापकता ओगट्न नसकेको देखिन्छ ।[21]

वैष्णव धर्मको अभाव पौराणिककालमा आएर परिपूर्ति भयो । वायुपुराण (२४-१-३०) अनुसार प्रलयकालमा एकमात्र विष्णुको सत्ता बाँकी रहन्छ । पद्म पुराण (उत्तरा खण्ड, अध्याय २८२) अनुसार त्रिदेवमा विष्णु सर्वोच्च छन् ।[22] विष्णुपुराणमा कृष्णलाई विष्णुको अवतार मानिएको छ तर भागवतपुराणमा कृष्णास्तु भगवान् स्वयं भनिएको छ । भागवतपुराण (१-१८-५१) मा ब्रह्माले विष्णुको पद पक्षालन र शिवद्वारा गंगाजलको रूपमा आफ्नो मस्तकमा धारण गरेको उल्लेख छ ।[23] यसरी भागवतकालमा आएर वैष्णव धर्मले परिपूर्णता कायम गरेको देखिन्छ ।

यसरी ऋग्वैदिककालमा अपेक्षाकृत गौण स्थितिमा रहेका विष्णुले उपनिषदिक एवं ब्राह्मणकालमा आफ्नो महत्त्व निरन्तर अभिवृद्धि गरी महाकाव्य एवं पौराणिककालमा आएर पूर्ण प्रतिष्ठा कायम गरेको देखिन्छ ।

वैष्णव बाहेक अन्य ग्रन्थमा पनि वैष्णव धर्मको चर्चा पाइन्छ, जुन कुरा वैष्णव धर्मको विकासक्रमको मूल्यांकन गर्न उपयुक्त छ । इ. पू. ४ शताब्दी ताकाको मानिएको निर्देशको पाली बौद्धग्रन्थमा वासुदेवको र बलदेवको उल्लेख पाइन्छ ।[24] मनुस्मृतिमा नारायणलाई विश्वको श्रष्टा मानिएको छ ।[25] पातञ्जलीको महाभाश्यमा वासुदेव विष्णु एवं सम्बद्ध देवताको विषयमा महत्त्वपूर्ण जानकारी पाइन्छ ।[26] 'चरक' संहिता एवं 'सुश्रुत' संहितामा केही रोगका मन्त्रहरू दिइएका छन्, जुन विष्णुसंग सम्बन्धित छन् ।[27] भासको 'बालचरित' नाटकमा वासुदेव कृष्णको शैशव अवस्थाको चित्रण गरिएको छ ।[28] यसबाट तत्कालीन जनमानसमा वैष्णव धर्मको लोकप्रियता स्पष्ट हुन्छ । कौटिल्यले नगर निर्माण गर्दा अप्रतिहरा (विष्णु) मन्दिर पनि शहरभित्र बनाउनु

१८) त्यही, पृष्ठ ३७ ।

१९) उपाध्याय, उही, नं. (११), पृष्ठ ७८ ।

२०) सर्व धर्मान्परित्यज्य मामेकं शरणं व्रज
श्रीमद्भागवत गीता, अध्याय १८, श्लोक ६४ ।

२१) भण्डारकर, उही, नं. (१), पृष्ठ ३९-४० ।

२२) उपाध्याय, उही, नं. (११), पृष्ठ ७७ ।

२३) त्यही, पृष्ठ ७८ ।

२४) भण्डारकर, उही, नं. (१), पृष्ठ ४ ।

२५) "मनुस्मृति"- रणधीर बूक सेल्स, हरिद्वार, द्वितीय संस्करण, सन् १९८८, पृष्ठ ११-१२ ।

२६) जायसवाल, उही, नं. (१४), पृष्ठ २० ।

२७) त्यही, पृष्ठ २२ ।

२८) त्यही, पृष्ठ २१ ।

पनें कुरा उल्लेख गरेका छन् ।[29]

पुरातात्त्विक दृष्टिकोणले हेर्ने हो भने पनि वैष्णव धर्मको इतिहास इसापूर्व दोस्रो शताब्दीसम्म पुग्दछ । इसापूर्व द्वितीय शताब्दीको वेसनगर अभिलेखमा वासुदेव-को सम्मानमा राखिएको गरुडध्वजको विषयमा वर्णन गरिएको छ । यो गरुडध्वज यवन राजदूत भागवत होलियोदोरसले स्थापना गरेका हुन् ।[30] इसापूर्व प्रथम शताब्दीको वेसनगरकै अर्को अभिलेख अनुसार नवौं सुंगराजा भागवतको समयमा गौतमी पुत्र भागवतले वासुदेवको सुन्दर मन्दिर बनाई गरुडध्वज स्थापना गरेका थिए ।[31] इसापूर्व प्रथम शताब्दीको घोषाण्डी अभिलेखमा पारासारी पुत्र भागवत सर्वतातले संकर्षण, वासुदेवको पूजा स्थान वरिपरि ढुंगाको पर्खाल लगाई नारायण वाटिका निर्माण गरेको उल्लेख छ ।[32] रानी नायनिकाको इ. पू. प्रथम शताब्दीको नानाघाट गुफा अभिलेखमा संकर्षण, वासुदेव तथा अन्य देवताको स्तुति गरिएको छ ।[33] इस्वी प्रथम शताब्दीका पाञ्चाल नरेश विष्णु मित्रको मुद्रामा चतुर्बाहु मूर्ति अंकित छ ।[34] यसरी प्रथम शताब्दीमा आएपछि त विष्णुको प्रतिभाले मुद्रामा समेत स्थान पाए-कोले त्यसबेला वैष्णव धर्मले राजकीय धर्मको रूपमा मान्यता पाइसकेको देखिन्छ । माथिका यी उद्धरणहरूबाट इ. पू. दोस्रो शताब्दीदेखि वैष्णव धर्मलाई राजाहरूको संरक्षण प्राप्त हुनथालेको, विदेशीहरूमा पनि यो धर्म लोक-प्रिय रहेको र यसको महत्त्वपूर्ण पक्ष व्यूहवाद भलिभाँति विकसित अवस्थामा रहेको तथ्य स्पष्ट हुन्छ ।

गुप्तकालमा आएर गुप्त सम्राटहरूको संरक्षण र पुरोहित वर्गको सहमतिले वैष्णव धर्मको लोकप्रियता प्रतिष्ठामा अभूतपूर्व बृद्धि भयो ।[35] चन्द्र गुप्त द्वितीयको पालामा विष्णु धर्मोत्तर आदि उप-पुराणहरू लेखिए ।[36] साथै अन्य पुराणहरूमा पनि प्रक्षेपको रूपमा अनेक अंश-हरू थपिए । वैष्णव धर्म केवल भारतमा मात्र नभई जावा आदि उपनिवेशमा पनि प्रसार भयो ।[37]

समुद्र गुप्त र चन्द्र गुप्त द्वितीयले 'अप्रतिरथ' भन्ने वैष्णव उपाधि लिएका थिए ।[38] समुद्र गुप्तको धनुर्धर मूर्तिले शार्गिन विष्णुप्रति संकेत गर्दछ ।[39] चन्द्र गुप्त द्वितीय, स्कन्द गुप्त र कुमार गुप्तले 'परम भागवत' उपाधि लिएका थिए ।[40] यसका अतिरिक्त स्कन्द गुप्तले सुवन्धि,[41] कुमार गुप्तले परमदैवत[42] र नरसिंहावतार[43]

२९) सोमनाथ शर्मा–(सं) "कौटिल्यको अर्थशास्त्र", प्रथम संस्करण (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२४), पृष्ठ ६२ ।

३०) राजवली पाण्डे– "हिष्टोरिकल एण्ड लिटररी इस्क्रिप्सन्स, फष्ट इडिसन, भोलम २३, (वाराणसी: चौखम्वा संस्कृत सिरिज, वि. सं. २०१९), पृष्ठ २४ ।

३१) जायसवाल, उही, नं. (१४), पृष्ठ १७२ ।

३२) त्यही, पृष्ठ ६४ ।

३३) पाण्डे, उही, नं. (३०), पृष्ठ ४८ ।

३४) जायसवाल, उही, नं. (१४), पृष्ठ १७७ ।

३५) त्यही, पृष्ठ १७८ ।

३६) त्यही, पृष्ठ १६५ ।

३७) त्यही, पृष्ठ १७८ ।

३८) त्यही, पृष्ठ १६२ ।

३९) त्यही, पृष्ठ १६२ ।

४०) त्यही, पृष्ठ १६२–१६७ ।

४१) त्यही, पृष्ठ १६४ ।

४२) त्यही, पृष्ठ १६२ ।

४३) त्यही, पृष्ठ १६३ ।

उपाधि पनि लिएका थिए। झाँसीको दशावतार मन्दिर[44] र स्कन्द गुप्तको जुनागढ अभिलेख[45] गुप्तकालको वैष्णव धर्मको विकसित अवस्थाको ज्वलन्त उदाहरण मानिन्छ। त्यस्तै कैकुटक महाराज दद्दसेन र व्याघ्रसेनले 'परम वैष्णव' उपाधि लिएको कुरा उनका सिक्कामा 'परम वैष्णव' अभिलेख अंकित भएबाट स्पष्ट हुन्छ।[46]

बुध गुप्तको समयको दामोदरपुर ताम्रपत्रमा ऋभुपालल कोकामुख स्वामी र श्वेतवराह स्वामीको निमित्त दुई मन्दिर र दुई भण्डार बनाएको उल्लेख छ।[47] सोही स्थानको अन्य ताम्रपत्रमा अयोध्यावासी अमृतदेवले श्वेतवराह स्वामीको मन्दिरको जीर्णोद्धार र पूजाको लागि जग्गा गुठी राखेको कुरा उल्लेख छ।[48] दिनेश चन्द्र सरकारले वराह पुराणको आधारमा कोकामुख स्वामी र श्वेतवराह स्वामीलाई नेपालको वराहक्षेत्रसंग सम्बन्धित मान्नु भएको छ।[49]

नेपालमा वैष्णव धर्मको विकास

नेपालको परिप्रेक्ष्यमा हेर्दा यस धार्मिक सम्प्रदायले यहाँ कहिले प्रवेश गऱ्यो स्पष्ट रूपले भन्न सकिन्न। रामायणमा जनकपुरको उल्लेख आएको छ। नरसिंहपुराण अनुसार हिरण्याक्षले पृथ्वीलाई पातालमा पुऱ्याएपछि भगवान् विष्णुले वराहरूप लिई पृथ्वीको उद्धार गरी हिरण्याक्षको वध गरेपछि कोकामुख तीर्थमा वराहरूप त्यागेका थिए।[50] भागवत पुराणमा किराँतहरूले पनि वैष्णव धर्म अपनाउन थालेको कुरा उल्लेख गरिएको छ।[51] नेपालमा लिच्छविहरूले भन्दा अघि किराँतहरूले शासन गरेका थिए।[52] यी किराँतहरूको शासन महाभारतकालदेखि नै शुरू भएको थियो।[53] अतः नेपालमा यी किराँतहरूले पनि वैष्णव धर्म मानेको अनुमान हुन्छ। अंशुवर्माको संवत् ३२ को हाडीगाउँको अभिलेखमा उल्लेखित किराँत भाषाबाट नाम रहेको भुकभुकिका जलशयन शायद किराँतकालीन जलशयन पो हो कि? यो कुरा विचारणीय छ। हिमवत्खण्डपुराण[54] तथा नेपाल महात्म्यमा महेन्द्रदमनले उपत्यकालाई पुनः जलमग्न गरिदिएकोले द्वारकाबाट श्रीकृष्ण आई नागहृदको रूपमा रहेको उपत्यकालाई बस्ती योग्य बनाएको उल्लेख

---

४४) त्यही, पृष्ठ १८२।
४५) त्यही, पृष्ठ १९४।
४६) त्यही, पृष्ठ १९५।
४७) त्यही पृष्ठ १७०।
४८) त्यही, पृष्ठ १८८।
४९) त्यही, पृष्ठ १८८।
५०) विहायरूपं वाराहं तीर्थे कोकेति विश्रुते।
वैष्णवानां हितार्थाय क्षत्रं तद्गहा मुत्तमम॥
नरसिंहपुराण, ३९।१८।
५१) किराँत हूणान्ध पुलिन्द पुल्कसा, आभिरकङ्का यवनाः खसादयः
येन्वे च पापा यदुपाश्रयाश्रयाः शुध्यन्ति तस्मै प्रभ विष्णवे नमः
५२) ज्ञानमणि नेपाल— नेपाल निरुक्त, प्रथम संस्करण (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०४०), पृष्ठ ७०।
५३) त्यही, पृष्ठ ८।
५४) योगी नरहरिनाथ (सं)-"हिमवत्खण्ड पुराण", प्रथम प्रकाश, (कासी : गोरक्षटिल्ला, वि. सं. २०१३), पृष्ठ ३४३।

छ ।[55] नेपाल महात्म्यमा यसै क्रममा श्रीकृष्णका पुत्र प्रद्युम्नबाट फर्पिङका शिखरनारायणको स्थापना गरेको कुरा उल्लेख छ ।[56] लैनसिंह बाङ्देलले पाटन चयासल हिटीको गजलक्ष्मीको मूर्तिलाई भारतका गजलक्ष्मीका मूर्तिहरूसंग तुलना गरी इसापूर्व पहिलो शताब्दीको मान्नु भएको छ ।[57] यसरी पुरातात्त्विक प्रमाणबाट पनि इ. पू. प्रथम शताब्दीदेखि नै नेपालमा वैष्णव धर्मको विकास भएको देखिन्छ ।

गोपालराज वंशावली अनुसार मानदेवभन्दा पूर्ववर्ती राजा हरिदत्त वर्माले उपत्यकाको चार शिखरमा चार नारायणको स्थापना गरेका थिए ।[58] मानदेवको चांगु गरुडध्वजमा अंकित दोलाशिखर स्वामीको भावबाट चांगुनारायणको स्थापना मानदेवभन्दा धेरै अगाडि भएको देखिन्छ ।[59] इचंगुनारायणमा भएको वि. सं. १२३२ को अभिलेखबाट पनि हरिदत्त शर्माले चार नारायणको स्थापना गरेको कुरामा पुष्टि मिल्दछ ।[60] जगदीशचन्द्र रेग्मीले हरिदत्त वर्माको समयलाई वि. सं २५०–३०० मान्नु भएको छ ।[61]

भारतमा वैष्णव धर्मको चरम विकास गुप्तकालमा भएको हो । त्यस्तै समसामयिक नेपालमा पनि लिच्छविकालमा वैष्णव धर्म भलिभाँति विकसित अवस्थामा थियो भन्ने कुरा अनेक प्रमाणबाट सिद्ध हुन आउँछ । भारतको वेसनगर गरुड स्तंभाभिलेख अनुसार इसापूर्व द्वितीय शताब्दीमा यवन राजदूत होलिओदोरसले देवाधिदेव वासुदेवको गरुडध्वजको स्थापना गरेको कुराको उल्लेख माथि परिसकेको छ । त्यही आदर्श अनुरूप मानदेवले शक संवत् ३८६ मा दोलाद्रि (चांगु) मा गरुडध्वज स्थापना गरी भट्टारक दोलाशिखर स्वामीको वर्षबन्धनको पूजाको लागि जग्गा गुठी राखी दिए ।[62] त्यसमा देवताहरूले पूजा गरिरहेका हरि सबभन्दा ठूला हुन् भनी विष्णुको स्तुति गरिएको छ ।[63] नेपालमा वैष्णव धर्मको इतिहास केलाउन यो अभिलेख एउटा महत्त्वपूर्ण एवं प्रामाणिक साक्षीको रूपमा रहेको छ ।

उनकै शक संवत् ३८९ मा आमा राज्यवतीको पुण्य बृद्धिको लागि तीनगंगा र लाजिम्पाटमा असल राम्रो मन्दिर सहित विष्णु विक्रान्तको सुन्दर मूर्ति

---

५५) मुक्तिनाथ खनाल (अनु)–"नेपाल महात्म्य", प्रथम संस्करण (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०२८), पृष्ठ १०६–१० ।

५६) त्यही, पृष्ठ १२९ ।

५७) लैनसिंह बाङ्देल–"प्राचीन मूर्तिकलाको इतिहास", प्रथम संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०३९), पृष्ठ २६ ।

५८) धनबज्र बज्राचार्य र
कमलप्रकाश मल्ल–"दि गोपालराज वंशावली", फष्ट इडिसन, (काठमाडौं : नेपाल रिसर्च सेन्टर, सन् १९८५), पृष्ठ २८ ।

५९) धनबज्र बज्राचार्य–"लिच्छविकालका अभिलेख", (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३०), पृष्ठ १० ।

६०) रामजी तेवारी (सं)–"अभिलेख संग्रह", नवौं भाग (काठमाडौं : संशोधन मण्डल, वि सं. २०२०), पृष्ठ २६ ।

६१) जगदीशचन्द्र रेग्मी–"नेपालको धार्मिक इतिहास", प्रथम संस्करण, (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि. सं. २०३०), पृ ठ १२७ ।

६२) बज्राचार्य, उही, नं. (५९), पृष्ठ ९–१३ ।

६३) त्यही, पृष्ठ नं. ९ ।

स्थापना गरेका थिए।[64] उक्त मूर्ति तथा मन्दिर निर्माण गरी राखिएको अभिलेखमा गीतामा भनिए जस्तै सुरमुनी सहित सर्वलोकै कनाथम् भनी विष्णुको स्तुति गरिएको-ले त्यसबेला वैष्णव धर्म प्रधान वा राजकीय धर्मको रूपमा रहेको स्पष्ट हुन्छ। कलाकारितामा बेजोड यस्ता सुन्दर मूर्तिको तुलनामा आउन सक्ने खालका मूर्तिहरू भारतमा पनि भेटिएका छैनन्। विष्णु विक्रान्त वामन अवतारको अर्को रूप भएकाले अवतार सिद्धान्तबाट पनि तत्कालीन नेपाल अनभिज्ञ नरहेको तथ्य स्पष्ट हुन्छ।

मानदेवकै समकालीन गुप्त सम्राट बुध गुप्तको दामोदरपुर ताम्रपत्रमा कोकामुख स्वामी र श्वेतवराह स्वामीको उल्लेख आएको र ती देवताहरू नेपालको वराहक्षेत्रसंग सम्बन्धित भएको कुराको चर्चा माथि परिसकेको छ। वराह क्षेत्रमा स्थित वराहको मूर्तिलाई पनि प्राचीन मूर्ति मानिएको छ। यसैगरी इनरूवामा पनि एउटा नृसिंहको मूर्ति फेला परेको छ। रमेशजंग थापाले यसलाई इसाको चौथो शताब्दीताकाको मान्नु भएको छ।[65] धनकुटाको डाँडा बजारमा पनि आयुध पुरुष सहितको विष्णुको प्राचीन मूर्ति फेला परेको जान-कारीमा आएको छ। यसबाट वैष्णव धर्म केवल काठ-माडौं उपत्यकामा मात्र सीमित नरही पूर्वाञ्चलमा पनि लोकप्रिय भैसकेको थियो भन्ने देखिन्छ।

भारतमा कुमार गुप्त र उनका उत्तराधिकारी-हरूले 'परम दैवत' उपाधि लिएका थिए।[66] जसलाई विद्वान्हरूले वैष्णव उपाधिको रूपमा लिएका छन्। त्यस्तै नेपालमा वसन्तदेवले आफ्ना पिता महिदेवलाई 'परम दैवत' भन्ने विशेषण दिएका छन्।[67]

हाडीगाउँ सत्यनारायणस्थानको गरुडध्वजमा अंकित भागवत द्वैपायन (व्यास) को स्तुतिमा व्यासलाई 'भागवत' उपाधि दिएको छ।[68] विष्णुको २४ अवतार-मध्ये व्यासलाई पनि एउटा अवतार मानिएको छ।[69] गीतामा स्वयं कृष्णले आफूलाई मुनिहरूमा व्यास हुँ भनेका छन्।[70] हाडीगाउँको उक्त स्तुति गरुडध्वजमा अंकित गरिएको र यसमा बादरायण सूत्रको राम्रो व्याख्या गरिएकोले यसले वैष्णव धर्मको विकासमा ठूलो योगदान दिएको देखिन्छ। यसैगरी शंखमूल सिकुवहीको अभिलेखबाट देश वर्माले 'परम भागवत' उपाधि लिएको देखिन्छ।[71]

शिवदेव प्रथमको विष्णुपादुका अभिलेखको मंगलाचरणमा वासुदेवले रक्षा गरून् भनिएको छ।[72] ठिमीको अभिलेखमा गुरोर्व्वासुदेव शब्द परेको छ।[73] ब्यूहवादमा वासुदेव परम देवता हुन्। अतः यसले नेपाल-मा ब्यूहवादको विकासबारे छलङ्ग्याएको छ।

संवत् ५२६ को शिवदेव र अंशुवर्माको लेले

६४) त्यही, पृष्ठ ३४–३५।

६५) रमेशजंग थापा–'इनरूवाको नरसिंह', "प्राचीन नेपाल", संख्या ४०, (वि. सं. २०३४) पृष्ठ ५७।

६६) जयसवाल, उही, नं. (१४), पृष्ठ १६२।

६७) बज्राचार्य, उही, नं. (५९), पृष्ठ ९१।

६८) त्यही, पृष्ठ १६२।

६९) धनबज्र बज्राचार्य– 'लिच्छविकालमा द्वैपायन र वैशम्पायन पूजा', "पूर्णिमा", वर्ष ४, अंक ९, (वि. सं. २०३३), पृष्ठ १२०।

७०) मुनीनामप्यहं व्यास : कवीनामुशना कवि :
श्रीमद्भागवत गीता, अध्याय १०, श्लोक ३७।

७१) बज्राचार्य, उही, नं. (५९), पृष्ठ २११।

७२) त्यही, पृष्ठ २१४।

७३) त्यही, पृष्ठ ३९२।

अभिलेखमा भगवद् वासुदेव ब्राह्मण गोष्ठी र अर्चा गोष्ठीको उल्लेख छ ।[74] अर्चाको अर्थ मूर्ति हो तापनि विशेष गरेर यो शब्द विष्णुको श्रीविग्रहको रूपमा वैष्णव धर्ममा बढी प्रचलित छ ।[75] अहिर्बुध्न संहिता अनुसार पञ्चरागको पाँच तत्त्वमध्ये अर्चा पनि एक हो ।[76]

मानदेवको समयमा वैष्णव धर्म राजकीय धर्मको रूपमा थियो तर अंशुवर्माले 'पशुपति भट्टारक पादानु गृहितो' उपाधि लिई शैव धर्मलाई बढी प्रश्रय दिइएकोले धार्मिक सहिष्णुताको नीति अनुरूप चांगुनारायणको सुनको कवच र गरुडको जीर्णोद्धार गरे तापनि[77] उनको संवत् ३२ को हाडीगाउँ अभिलेखमा दोला शिखर स्वामी दोस्रो नम्बरको देवतामा परेकोले[78] त्यसताका वैष्णव धर्मलाई शैव धर्मले ओझेल पारेको जस्तो देखिन्छ ।

भीमार्जुनदेव र विष्णु गुप्तको संवत् ५७ को थानकोट अभिलेखको मंगलाचरणमा विष्णुको स्तुति गरिएको छ ।[79] भीमार्जुनदेव र विष्णु गुप्तको संवत् ६४ को यङ्गाल हिटी र संवत् ६५ को भृङ्गारेश्वरको अभिलेखमा विष्णुको जलशयन मूर्ति निर्माण गरेको उल्लेख छ ।[80] यसमा उल्लेखित मूर्ति हाल बूढानीलकण्ठको मूर्ति हो भन्ने विद्वान्हरूको विचार छ । भाषा वंशावलीमा विष्णुगुप्तले सन्तानको कामना गरी फर्पिङ्ग नृसिंह-नारायणमा विष्णुको मूर्ति निर्माण गरी स्थापना गरेको उल्लेख छ ।[81] यसैगरी गोपालराज वंशावलीमा विष्णुगुप्तले वागमतीको तटमा आफ्नो छोराहरूसहित आफ्नो विष्णु स्वरूपको मूर्ति बनाई स्थापना गरेको उल्लेख छ ।[82] यसबाट आभिर गुप्तहरूको बोलवाला भएपछि पुनः वैष्णव धर्म फष्टाएको देखिन्छ ।

नरेन्द्रदेवको अनन्त लिंगेश्वर अभिलेखमा लोकपाल स्वामीको पूजाको लागि कुलपति नियुक्त गरिएको छ । उक्त अभिलेखमा वराह यात्रा र पूजाको अवसरमा देवदास दाशीद्वारा नाच, कीर्तन गर्ने र पूजा एवं यात्राको अवसरमा ध्वजापताकाहरू उत्थान गरिने उल्लेख छ ।[83]

पतञ्जलीको महाभाष्यमा राम, केशव आदि वैष्णव मन्दिरहरूमा अनेर बाजाहरू बजाउने कुरा उल्लेख छ ।[84] नरेन्द्रदेवको उपर्युक्त अभिलेखको विवरणबाट नेपालमा वैष्णव देवताहरूको पूजा र यात्रा धूमधामसंग हुन्थ्यो भन्ने देखिन्छ ।

चाबहिल कुटुवहिल र चांगुनारायण स्थानको विश्वरूपका मूर्तिलाई अध्ययन गर्दा गीतामा उल्लेखित विश्वरूपको आदर्श अनुसारका मूर्तिहरू नेपालमा बनेको देखिन्छ । त्यस्तै लिच्छविकालीन धूमवराहको सजीव मूर्ति र कालियदमनका मूर्तिहरूले लिच्छविकालीन नेपालमा वैष्णव धर्मको लोकप्रियता र व्यापकता स्पष्ट्याउछ ।

---

७४) त्यही, पृष्ठ २८३ ।
७५) त्यही, पृष्ठ २८७ ।
७६) जायसवाल, उही, नं. (१४), पृष्ठ ४१ ।
७७) बज्राचार्य, उही, नं. (५९), पृष्ठ ३१७ ।
७८) त्यही, पृष्ठ ३२० ।
७९) त्यही, पृष्ठ ४३३ ।
८०) त्यही, पृष्ठ ४४२, ४४८ ।
८१) नयनाथ पौडेल (सं)– "भाषा वंशावली", (काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय, वि. सं. २०२०), पृष्ठ ८१ ।
८२) बज्राचार्य र मल्ल. उही, नं. (५८), पृष्ठ ३० ।
८३) बज्राचार्य, उही, नं. (५९), पृष्ठ ५८५–८६।
८४) जायसवाल, उही, नं. (१४), पृष्ठ १४८ ।

मध्यकालमा पनि वैष्णव धर्म उत्तिकै लोकप्रिय-रूपमा रहेको कुरा तात्कालिक प्रमाणहरूबाट स्पष्ट हुन्छ । पृथ्वीमल्लको वि. सं. १४१५ को एउटा ताम्रपत्रमा हरिशङ्करी यात्राको उल्लेख आएकोले सुदूर पश्चिमाञ्चल नेपाल पनि वैष्णव धर्मबाट अक्षुण्ण रहन सकेको थिएन भन्ने पुष्टि हुन्छ ।[85] मुक्तिनाथलाई वैष्णव क्षेत्रको रूपमा विकास गर्नलाई जुम्लाक कल्याल राजाहरूको पनि निकै हात थियो । भक्तपुर तीलमाधव स्थान अगाडि रहेको वि. सं १२२० (ने. सं. २८३) को अभिलेखबाट यस कालमा पनि गरुडध्वज स्थापना गर्ने परम्परा कायमै रहेको देखिन्छ ।[86] वि. सं १२३३ (ने. सं. २९६) को चांगु अभिलेखमा विष्णुको पूजाको वर्णन छ ।[87] वि. सं. १२५६ (ने. सं. ३२०) माधको विजय कामदेवको इचंगु अभिलेखले मध्यकालमा वैष्णव धर्मको स्थान राम्रो रहेको देखिन्छ ।[88] वि. सं. १२९९ (ने. सं ३६२) मा लेखिएको महिरावण वध नाटकबाट जयारिमल्लले 'परम वैष्णव' उपाधि लिएको देखिन्छ ।[89] वि. सं. १२९१ (ने. सं ४५५) मा लेखिएको अगस्त्य संहिता अनुसार फर्पिङ्गका शासक जैतसिंहले 'संग्राम नारायण' लिएका थिए ।[90] जयस्थितिमल्लले 'असुरनारायण', धर्ममल्लले 'वीरनारायण' र ज्योतिर्मल्लले 'दैत्यनारायण' उपाधि लिएका थिए ।[91] वि. सं. १४७७ (ने. सं.५४१) मा शक्ति पुरुषोत्तमको स्थापना गरी १२ वर्ष लगाएर फर्पिङ्गका शासक शक्तिसिंह समेतले भव्य मन्दिर निर्माण गरेका थिए ।[92] महेन्द्रमल्लले वि. सं. १६१९ मा हनुमान्ढोका दरबारको प्रांगणमा चतुर्मूर्ति विष्णुको प्रस्तर प्रतिमा स्थापना गरी मन्दिर बनाइदिए ।[93] उक्त मन्दिर हाल जगन्नाथ देवल नामले प्रसिद्ध छ । प्रताप-मल्लले भारतको जगन्नाथपुरीको दर्शनार्थ जगन्नाथको स्थापना गरे ।[94] यसका अतिरिक्त वि. सं १७१४ मा विश्वरूप,[95] वि. सं. १७२९ मा दरबार अगाडि हनुमान् र वि. सं. १७३० मा नासलचोकमा नृसिंहको मूर्ति स्थापना पनि प्रतापमल्लले गरे ।[96] तर त्यसबेलाको वैष्णव धर्म तन्त्रमार्गबाट ग्रसित थियो भन्ने कुरा चांगु-नारायणको लिच्छविकालीन विश्वरूप र प्रतापमल्लले बनाउन लगाएको विश्वरूपको मूर्तिको तुलनात्मक अध्ययनबाट सिद्ध हुन्छ । प्रतापमल्लले बनाएको हनु-मान्ढोका राजदरबारको मोहन चोकमा भागवतपुराणमा उल्लेखित विष्णुका विविध पराक्रमलाई दर्शाउने खालका मूर्तिहरू सजाइएका छन् ।

---

८५) भीमप्रसाद श्रेष्ठ (स)–"कर्णाली प्रदेश एक विटो अध्ययन", पहिलो संस्करण, (काठमाडौं : सामाजिक अध्ययन समुदाय, वि. सं २०२८), पृष्ठ ९ ।

८६) रेग्मी, उही, नं. (६१), पृष्ठ १३६ ।

८७) त्यही, पृष्ठ १३६ ।

८८) तेवारी, उही, नं. (६०), पृष्ठ २६ ।

८९) डिल्लीरमण रेग्मी–'मिडियभल नेपाल", पार्ट १, (कलकत्ता : फर्मा के. एल. मुखोपाध्याय, सन् १९६५), पृष्ठ ५५४ ।

९०) त्यही, पृष्ठ ४१० ।

९१) त्यही, पृष्ठ ५५४ ।

९२) परिशिष्ट १ ।

९३) गौतमवज्र बज्राचार्य– "हनुमान्ढोका राजदरबार",(काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३३), पृष्ठ १८ ।

९४) त्यही, पृष्ठ ६६ ।

९५) त्यही, पृष्ठ २२ ।

९६) त्यही, पृष्ठ २३ ।

पाटनका राजा सिद्धिनरसिंहमल्लले वि. सं. १६९३ (ने. स. ५५७) मा कलात्मक कृष्ण मन्दिर बनाई राधा कृष्ण स्थापना गरी दशावतारका मूर्तिहरू समेत कुँढाइ मध्यकालमा वैष्णव धर्मको इतिहासमा ठूलो योगदान दिए।[97] त्यही बेला गोरखाका राजा रामशाहले मुरलीधरनारायणको मन्दिर निर्माण गरी वैष्णव धर्ममा आफ्नो आस्था देखाएका थिए।[98]

सेनहरूले पनि रूपनारायणेत्यादि उपाधि लिएका थिए।[99] यसकासाथै सेनहरूले पश्चिम नेपाल, विशेषत: शालिग्रामी कृष्ण गण्डकीको तटलाई वैष्णव क्षेत्रको रूपमा विकसित गराएका थिए।

शाहकालमा पनि यो परम्परा कायम रह्यो। रणबहादुर शाहले केन्द्रीय कारागारदेखि पूर्वपट्टि राजदूत शैलीमा जगन्नाथको मन्दिर निर्माण गरे।[100] वि. सं. १८३९ मा अमरसिंह थापाले जनकपुरमा सीता, राम र लक्ष्मणका मन्दिर बनाए।[101] इस्वीको १९०० तिर जनकपुरमा जानकीको प्रख्यात र विशाल मन्दिर निर्माण भयो। यो मन्दिर भारतको टिकमगढ 'रियासत' की महारानी वृषभानु कुमारीले बनाएकी हुन्।[102] जंगबहादुर राणाले पशुपति मृगस्थलीमा राजपुत शैलीमा विश्वरूपको मन्दिर निर्माण[103] गराउनुका साथै त्रिपुरेश्वर कालमोचन घाटको प्रसिद्ध सत्यनारायण मन्दिर पनि बनाए।[104]

यसरी प्राचीनकालमा नै नेपालमा वैष्णव धर्म भलीभाँति विकास भै मध्य तथा शाहकालमा पनि यथावत रूपमा कायम रहँदै आएको देखिन्छ।

नेपालमा वैष्णव धर्मको विकासमा शिखरनारायणको भूमिका

फर्पिङ्गको शिखरनारायण नेपालको एउटा महत्त्वपूर्ण वैष्णव हो। कामधेनु (गाई) को आज्ञाबाट विष्णु (कृष्ण) ले गोपालेश्वर लिंग स्थापना गरेको र गोपालेश्वरको आज्ञाबाट विष्णु (कृष्ण) ऋक्षवान पर्वत (शिखरनारायण रहेको स्थान) मा रहेको भन्ने हिमवत्खण्डपुराणको कथन[105] र श्रीकृष्णका छोरा प्रद्युम्नले शिखरनारायणको स्थापना गरेको भन्ने नेवाल महात्म्य तथा भाषा वंशावलीको कथनबाट गोपालकालमा नै शिखरनारायणले वैष्णव तीर्थको रूपमा प्रसिद्धि पाइसकेको बुझिन्छ। किरातकालमा पनि यस भेकमा थुप्रै बस्तीहरू बसिसकेको बुझिन्छ।[106] अर्को कुरा, शिखरनारायण

९७) डिल्लीरमण रेग्मी–"मिडियभल नेपाल" पार्ट २, (कलकत्ता : फर्मा के. एल. मुखोपाध्याय सन् १९६६), पृष्ठ २७२।

९८) धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठ–"शाहकालका अभिलेख", (काठमाडौं : नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३७), पृष्ठ ११।

९९) शंकरमान राजवंशी (सं)–"सेन वंशावली", (काठमाडौं : वीर पुस्तकालय, वि. सं. २०२०), विविध पृष्ठ।

१००) जगदीशचन्द्र रेग्मी–"शाहकालीन कला र वास्तुकला", प्रथम संस्करण, (काठमाडौं : साझा प्रकाशन, वि. स. २०३३), पृष्ठ १७१—१७२।

१०१) त्यही, पृष्ठ १६१।

१०२) त्यही, पृष्ठ २४८।

१०३) त्यही, पृष्ठ २२२–२३।

१०४) त्यही, पृष्ठ २३१–३२।

१०५) उही, नं. (५४), पृष्ठ २३१—२३३।

१०६) उद्धव आचार्य– 'फर्पिङ्गको ऐतिहासिक परिचय' "प्राचीन नेपाल" संख्या ९८–९९, (पुरातत्त्व विभाग, वि. स. २०४३–०४४), पृष्ठ १६।

विराजमान भएको पर्वत फर्पिङ्ग शब्दको पहिलो रूप फणपिंगुमा पिंगु भन्ने किराँत भाषा पनि प्रयुक्त भएको छ।[107] किराँतहरूले पनि वैष्णव धर्म अंगीकार गरेका थिए भन्ने कुरा भागवतपुराणबाट थाहा पाइन्छ। यी कुराहरूको वर्णन माथि नै परिसकेको छ। यी कुराहरूको आधारमा किराँतहरूद्वारा पनि फणपिंगु अथवा फर्पिङ्गस्थित शिखरनारायण पूजित थिए भन्ने देखिन्छ। विद्वान्हरूले पशुपति आर्यघाटस्थित विरूपाक्षको मूर्तिलाई किराँतकालीन पशुपतिको मूर्ति मानेका छन्। लिच्छविहरूको प्रवेशपछि मात्र पशुपतिमा मुखलिंग स्थापना भएको विश्वास गरिन्छ। यसै गरी शिखरनारायण मन्दिरस्थित नृसिंहनारायण भनिने शिलाको स्वयंभू मूर्ति किराँतकालीन शिखरनारायणको मूर्ति हुन सक्छ। यहाँ पनि लिच्छविहरूको नेपाल आगमन भएपछि हरिदत्त वर्मा आदिले नारायणको चतुर्वाहु मूर्ति स्थापना गरेर मन्दिर बनाएको हुन सक्छ। यसरी फर्पिङ्गका शिखरनारायणको इतिहासमा वैष्णव धर्मको विकासको शृङ्खलालाई राम्ररी पहिचान गर्न सकिन्छ। नेपालमा देवीदेवताका यात्राको इतिहासमा फर्पिङ्ग शिखरनारायण (हरिशंकर) यात्राले सर्व प्राचीन स्थान ओगटेको छ।[108] फर्पिङ्ग गोरखनाथको गुफा भएको भीरलाई तिब्बती भाषामा असुरहि ट्हाग (असुरहरूको भीर) भनिन्छ। अघि शिखरनारायणको यात्रामा देवताका खटहरू राक्षस वा असुरहरूले बोक्दथे भन्ने विश्वास गरिन्छ।[109] यात्राको अवसरमा गोरखनाथ गुफानेर गएर बाजा बजाई असुरहरूलाई आह्वान गरिन्थ्यो र असुरहरू आई खट बोकी दिन्थे भन्ने अनुश्रुति छ। यहाँ राक्षस अथवा असुर शब्दले अनार्य किराँतहरूलाई लक्ष्य गरेको बुझिन्छ। असुर वा किराँतहरू शिखरनारायणको खट बोक्न आउँथे भन्ने किंवदन्तीले विष्णुको शरणमा आए भन्ने भागवतपुराणको आख्यानलाई संझाउँछ। यस कुराले शिखरनारायणको माध्यमबाट त्यहाँका किराँतहरूमा वैष्णव धर्मको प्रचार प्रसार भएको तथ्यलाई बुझाउँछ।

शिखरनारायण स्वयं एउटा वैष्णव तीर्थ हो भने बौद्ध धर्मावलम्बीहरूमा शिखरनारायण विष्वभ्भि वेतराग अथवा फणिकेश्वर वेतरागको नामबाट प्रसिद्ध छ।[110] आठौं शताब्दीका वज्रयानका प्रख्यात आचार्य पद्मसंभवले मन्दिरसंगैको गुफामा बसी तपस्या गरेको विश्वास गरिन्छ।[111] आजसम्म पनि पद्मसंभवले तपस्या गरेको याङ्लेश्वर भनेर तिब्बती बौद्ध धर्मावलम्बीहरू र फनिकेश्वर वेतराग भनेर नेपाली बौद्ध धर्मावलम्बीहरूमा शिखरनारायण प्रख्यात छन्। शिखरनारायणमा चामुण्डा पिठ स्थापना गरिएकोले शाक्तहरूमा पनि यसको उत्तिकै महत्त्व छ। यसरी शिखरनारायणले नेपालको धार्मिक सहिष्णुता अथवा सर्वधर्म समन्वयको राम्रो उदाहरण प्रस्तुत गर्दछ।

वैष्णव धर्मले पराक्रमी राजा, जनप्रिय नेता, लोकप्रिय देवता आदि जनताका श्रद्धाका केन्द्रहरू सबैलाई स्वयं विष्णु अथवा विष्णुको अवतार मानेर आफ्नो धर्मको क्षेत्रलाई व्यापक बनाएको छ। यसो भएर नै यवन, किराँत, हुण, खस आदि जातिमा पनि यो धर्मले लोकप्रियता प्राप्त गर्न सक्यो, जुन कुरालाई वैष्णव धर्मको महत्त्वपूर्ण विशेषता मान्न सकिन्छ। यसरी नै शिखरनारायण क्षेत्रमा पनि शैव, शाक्त, बौद्ध आदि विविध सम्प्रदायलाई स्थान दिएर सर्वधर्म समन्वयको आदर्शलाई दर्शाउँदै नेपालमा वैष्णव धर्मको विकासमा महत्त्वपूर्ण योगदान दिँदै आएको छ।

---

१०७) त्यही, पृष्ठ १४–१५।

१०८) उद्धव आचार्य–'फर्पिङ्गको हरिशंकर यात्रा' "प्राचीन नेपाल", संख्या १००, (पुरातत्त्व विभाग, वि. सं. २०४४), पृष्ठ २९।

१०९) त्यही, पृष्ठ २९।

११०) हेमराज शाक्य–"स्वयंभू महाचैत्य" (काठमाडौं : स्वयंभू विकास मण्डल, ने. सं. १०९८), पृष्ठ ४९२।

१११) सूर्यविक्रम ज्ञवाली–'नेपाल उपत्यकाको मध्यकालीन इतिहास', प्रथम संस्करण, (काठमाडौं : रायल नेपाल एकेडेमी, वि. स. २०१९), पृष्ठ २५१।

परिशिष्ट नं. १

फर्पिङ्ग थथेयटोलको अभिलेख

फर्पिङ्ग थथेयटोल नारायण डबलीबाट कोथेय टोलतर्फ लाग्दा बायाँतर्फ रहेको पाटीमा यो शिलापत्र रहेको छ। शिलापत्र कुँदिएको भागको लम्बाइ १'½" चौडाइ ८½" छ।

मूलपाठ

१) ॐ नमः श्री शक्ति पुरूषोत्तमाय। संसारयस्य कुक्षौ वसति निरूपमं स्वर्गम—

२) स्थे च नागं दुल्लेक्ष यस्य मूर्तिर्गमम मिव सयो योगिनां ज्ञान गम्यय् त्रैलो—

३) क्यं व्यापि देहो विविधतनुधृतो मत्स्य कुर्म्मादिरूपं सौर्य देवो मुरारिर्ज्जंद द्व—

४) नुपुरी नित्य मुर्ध्ना नमामि ।। श्री नेपाल मण्डले ।। परम भट्टारक परमेश्वर महा—

५) राजाधिराज श्री श्री मज्जयज्योतिमल्ल देवस्य विजयराज्ये ।।०।। श्री शिखर पत्तने—

६) श्री रामसिहः सुरकी कुलेशः श्री धम्म सिंहो भुवनैक वीरः श्री देव सिंहारिपुह—

७) स्ति सिंहः श्री नाथ सिंहो मदनावतार : ।। श्री श्री गोपालेश्वर चरण पारायण श्री श्री

८) मत्तिल ब्रह्मेश्वराधन तत्पर श्री श्री शिखर नारायण चरण सेवित सुरकी वशा

९) वतंस सर्व्व श्री राउत्तरः समज्यमान राज्ये ।।०।। सेनात्मजा तादृशलोविकानां सद्रापि

१०) नीनां च शिरोमणिमि। लोको पकारी कणकः प्रवर्षी श्री जैतलक्ष्मी भुवनै प्रसिद्धा।

११) चंद्रानना विशालाक्षी वितोष्ठी चारू भाषिता। जैतलक्ष्मी ति विख्याता देवसिहस्य

१२) वल्लभा ।। तस्यानुजोस्ति गुणसागर कृष्णमूर्ति : सत्कीर्ति कांतिकुमुदोज्वल शोभमानः

१३) गांभीर्यसागर समो भूवनेषु धीरः श्री शक्ति सिंहनृपवीर महागुणस :।। की

१४) ति लक्ष्मीप्रिया तस्य गर्भाधान भवेत तय। । दशमेमास संपूर्ने सुषुवे च कुमारकम। आनं—

१५) द परमं लय पितामात्रा जनास्तशा। श्री यस कीर्तिसीहेति कृतां नामावधारणम् ।।

१६) एवं महोत्सवे काले मासैक च गते सति। सुजन पीडितोवाल गतोसौ विष्णुमं—

१७) दिरम। तमुद्दिस्य कृतंदेव वालस्य प्रतिविंवकम पाषाण निर्मित देवं श्री शक्तिपु—

१८) रुषोत्तमम् ।। स्थापितं रक्षा कांनेतु कृत्वा यज्ञं चतुर्दिनम्। प्रतिष्ठितं तु विधिना सम्पूर्ण

१९) कृतयज्ञकः। चन्द्रे विरिचिवदने विशिषे गतेद्वे माघे शिते विधि तिथौ वसुदेवता : मे।

२०) सच्छद्धियोग वस्के रविवार मुख्ये संस्थापितं च विधिना पुरूषोत्तमतु ।। इति श्री शक्ति

२१) पुरूषोत्तम स्थापनम् ।।०।। ततोयित्वं विश्वकर्म देहली योज्य भूमिकम विधिना स्था—

२२) पितां द्वारं यज्ञं कृत्वा दिनैककम्। हस्ते च भूतहरवक्रंकेपि मासे तथा कृष्णक वहि ति—

२३) व्याम्। मं चोत्तरः फाल्गुण शुलयोगे सूर्य दिने स्थापित द्वारकं तु इतिद्वार स्थापन—

२४) म् ।।०।। विश्वकर्म्माविकालोकै काष्ट तु योजितं पुनः यज्ञं कृत्वा दिनैकं च तुलिकांतु

२५) प्रतिस्थितम्। यक्षे च वाणेन्द्रिय वत्सुरेनु मासे तथा फाल्गुण चाष्टमीके। म ज्येष्ठयुक्तैं तनु

२६) शुद्धियोगे मानोद्धिने तु चुलिकां पुरोप्य ।। इति चुलिकां स्थापनम् ।।०।। परमभट्टार—

२७) कपरमेश्वर महाराजाधिराज श्री श्री यज्जय यक्ष मल्लदेवस्य विजयराज्ये ।।०।। सि

२८) द्धि कृत्वा तुं सत्वत्रच्छादितं शृंखलेवच। सुवर्ण्ण-कलशैकं तु विधिना च प्रतिष्ठिताम्।

२९) पुर कृष्णयेरिकेन यज्ञं कृतदिनाष्टकं जैतलक्ष्मी वधूद्वैच शक्तिसिंहो नृपस्तयो। ज्योति—

३०) सिंहः कुमारश्च संपूर्ण्ण कृत यज्ञकम्। कः नेत्रैसर भूतपुते गतेऽब्दे राद्योशिते षष्ट

३१) तिथौ शिवक्षे सूर्यदिने सुक्रम योग मुख्ये स्वर्णध्वजा रोपित विष्णुहर्म्ये शुभमस्तु सर्वजगतामिति ।।

अनुवाद

श्री शक्ति पुरुषोत्तमलाई नमस्कार । जसको पेट-भित्र स्वर्ग पृथ्वी पाताल तीनै लोक रहेका छन्, यसको दर्शन दुर्लभ छ, आकाश जस्तो, योगीहरूले मात्र ज्ञानद्वारा जानिने तीनलोक ढाक्ने जीउ भएका, माछा कछुवा आदि अनेक अवतार लिएका त्यस्ता देवता श्री कृष्णलाई सधैं ढोग्दछु । श्री नेपालमण्डलमा परमभट्टारक परमेश्वर महाराजाधिराज श्री श्री जयज्योति मल्लको विजय राज्यमा श्री शिखरपत्तन (फर्पिङ्ग) मा

सुरंकी कुलका मालिक श्री रामसिंह, वीर श्री धर्मसिंह शत्रुलाई खत्तम पार्ने श्री देवसिंह कामदेवका अवतार भएका श्री नाथसिंह ।

श्री श्री गोपालेश्वरको पाउको सेवा गर्ने श्री श्री तीलब्रह्मेश्वरको सेवामा लागेका श्री श्री शिखरनारायणको पाउको सेवा गरेका सुरंकी कुलका गहना जस्ता सबै राउत्तहरूले पालना गरिएको राज्यमा ।।

सेनराजाकी छोरी श्री जैतलक्ष्मी ..... आइमाइ-हरूमा शिरोमणि, लोकको उपकार गर्ने, सुनदान दिने नाउँ चलेकी छिन् । चन्द्रमा जस्तो राम्रो अनुहार भएकी ठूलो आंखा भएकी, गोलकांक्री जस्तो ओठ भएकी, राम्रो बोली वचन भएकी, जैतलक्ष्मी देवसिंहकी पत्नी हुन् ।

तिनका (देवसिंहका) भाइ शक्तिसिंह गुणी, असल, कीर्ति फैलिएका, गम्भीर, धीर राजाहरूमा श्रेष्ठ छन् ।

तिनकी पत्नी कीर्तिलक्ष्मी हुन् । तिनको गर्भाधान भयो । दश महीना पूरा हुंदा तिनीले छोरा जन्माइन् । आमाबाबु र अरू मानिसहरूलाई ठूलो आनन्द भयो । दश कीर्तिसिंह भन्ने नाम राखियो । यसरी ठूलो उत्सव-साथ एक महीना बितेपछि बिरामी भई सो केटाको मृत्यु भयो । सोही केटोलाई लख गरी शक्ति पुरुषोत्तमको ढुंगे मूर्ति स्थापना गरियो । प्रतिष्ठा गर्दा चार दिनसम्म यज्ञ गरिएको थियो ।

ने. सं. ५४१ (वि. सं. १४७७) माघ शुक्ल-तिथि धनिष्ठा नक्षत्र शुद्धियोग, आदित्यवारको दिन विधिपूर्वक पुरुषोत्तमको स्थापना गरिएको हो । श्री शक्तिपुरुषोत्तम-को स्थापना गरिएको कुरा सिद्धियो । त्यसपछि क्रमशः मन्दिर बनाउने कालीगडी काम हुन थाल्यो । एकदिन यज्ञ गरी ढोका हालियो । ने. सं ५५१ (वि. सं. १४८७) माघ कृष्ण प्रतिपदा उत्तर फाल्गुनी नक्षत्र, मूल-योग आदित्यवारको दिन ढोका हालिएको हो । ढोका हालेको कुरा सिद्धियो । सिकर्मी आदिहरूले परमभट्टारक परमेश्वर महाराजाधिराज श्री श्री मज्जय यक्षमल्ल देवको विजय राज्यमा सिद्ध गरेर छाना हालिएको हो । सुनको गजूर पनि विधिपूर्वक चढाइयो । आठ दिनसम्म यज्ञ गरियो । शक्तिसिंह राजा जैतलक्ष्मी र कुमार ज्योति-सिंह भैकन यज्ञ सम्पूर्ण गरिएको हो ।

ने. सं. ५५२ (वि. सं. १४८९) वैशाख शुक्ल षष्ठि आइतवार आदिनक्षत्र सुकर्मायोग आदित्यवारको दिन विष्णुको मन्दिरमा सुनको ध्वजा चढाइयो ।

सारा संसारको कल्याण होस् ।

सिद्ध मीननाथ

–डा. राजाराम सुवेदी

तुर्किस्तानतर्फबाट मुसलमानहरू हिन्दूस्तानमा प्रवेश गरेपछि उनीहरूले हिन्दूहरूमाथि बर्बर एवं अमानवीय व्यवहार गरे। त्यस्तो बर्बर र अन्यायपूर्ण शासनबाट मुक्त हुन दुइवटा उपायहरू थिए, पहिलो लोहालिनू र विजय गर्नु, दोस्रो मुसलमानहरूसंग एक घनिष्ठ सम्बन्ध बढाई इर्ष्या त्याग गर्न लगाउनु। हिन्दूहरूको संख्या कम हुनाले लोहा लिनु आफ्नै विनाश गर्नुमात्र हुनाले दोस्रो मार्ग अपनाउनु कल्याणकारी हुन गयो। त्यो काम कनफट्टा योग सम्प्रदायका हिन्दूहरूले गरे। कनफट्टा योगीहरूलाई नाथ पनि भनिन्छ। उनीहरूले आफ्नो नाइकेलाई 'पीर' भन्न थालेका थिए जो मुसलमानी फकीरहरूलाई सम्बोधन गर्ने शब्द हो। मुसलमानीहरूको उग्ररूपले हिन्दू उन्मूलन गर्ने मारबाट बच्नको लागि 'पीर' भन्ने शब्द प्रयोग गर्नु परेको हो। हिन्दूहरूमा व्यापक मुसलमानीकरण बढेको हुनाले त्यो प्रवाहलाई रोकी गैह्र हिन्दूहरूलाई पनि हिन्दू बनाउने अभियान स्वरूप नाथ, सिक्खजस्ता सम्प्रदायहरूले विशेष भूमिका खेलेका थिए। उनीहरूले सबै धर्मग्रन्थका निचोडहरू लिएर पृथक सम्प्रदायको सिर्जना गरेका हुन्। त्यसैले त्यस्ता सम्प्रदायका केन्द्र पञ्जाब, कच्छ, अफगानिस्तान तूर्कजस्ता देश प्रमा बन्न गएका थिए। अर्को कुरा, कनफट्टा नाथपन्थी पीरहरूले मुसलमानहरूका झैं हिंगलजाकी देवीको पूजा गर्ने हुनाले पनि उनीहरूको घनिष्ट सम्पर्क हुन गयो। त्यसको परिणाम नाथपन्थीहरूलाई मुसलमानहरूले उत्पीडन कम गर्न थालेका थिए।[1]

नाथपन्थी योगीहरूको वर्णन हिन्दू उपनिषद्, पुराण र स्मृतिग्रन्थहरूमा भेटिदैन। मुसलमानी ग्रन्थ कुरान–सरिफमा पनि ती कनफट्टा पीरहरूको वर्णन छैन। त्यसैले हिन्दूहरूका दृष्टिबाट वर्णधर्म हीन, मुसलमानहरूका दृष्टिबाट इश्लामेत्तर ठानिने हुँदा दुवै धर्मका दीक्षितहरूले नाथपन्थीहरूलाई हेय ठान्दथे। परिणामतः बंगालका राजा बल्लाल सेनले नाथपन्थीहरूलाई अस्पृश्य घोषित गरे।[2] शुरूका केही समयमा नाथपन्थीहरूको प्रतिष्ठा उच्चतम रहेको थियो। तर पछि आएर उनीहरूले वर्णाश्रम धर्म अपनाए, व्यभिचार बढ्यो र मदिराको पनि सेवन गर्न थाले। सबभन्दा उल्लेखनीय कुरा के थियो भने, नाथहरूले मुसलमान धर्ममा आकर्षित अछूत हिन्दूहरूलाई कनफट्टा बनाइदिएकाले हिन्दूहरूको कवचको काम गरे र मद मदिरा पनि सेवन गर्न मिल्ने बनाइ दिए। अर्को कुरा नाथहरू अछूतहरूका घरमा खाने बस्ने र जातीयबन्धन स्वीकार नगर्ने हुँदा मुसलमानहरू र

हिन्दूहरू समेतले नाथहरूलाई घृणा गर्न थालेका थिए ।

नाथ सम्प्रदाय सोझै भगवान् शंकरद्वारा प्रेषित नियमहरूको पालना गर्ने पन्थ मानिन्छ । त्यसो हुँदा नाथहरूका प्रमुख देव पशुपतिनाथ नै हुन् । मानव शरीर-धारी नाथहरूको मूल सिद्ध आदिनाथ मानिन्छन् । त्यसैले आदिनाथलाई स्वयं शंकरको अवतार भनिन्छ । नाथहरू-लाई नाथोक्त, सिद्धमत, सिद्धमार्ग योगमार्ग, योग सम्प्रदाय, अवधूतमत, अवधूत सम्प्रदाय इत्यादि नामले पुकारिन्छ । वास्तवमा योगप्रधान सम्प्रदाय हुनाले योग सम्प्रदाय भन्नु नै सार्थक छ । उनीहरूलाई जे भनियोस्, तापनि उनीहरू धर्म सहिष्णु, भगवान् शंकरका परम उपासक वर्णाश्रमी एवं हठयोगी मार्गका हुन्छन् ।

नाथपन्थीहरूले कानको मध्यभागको आँतलाई तीखो हतियारले चेप्टो गरी छेड्छन् र त्यस ठाउँमा (दुवै-कानमा) कुण्डल लगाउने गर्छन् । त्यसो गर्ने जतिलाई पछि आएर गोरखपन्थीहरू भन्न थालियो । बसन्त पञ्चमीको पावन पर्व पारेर गोरखपन्थीहरूले कान छेड्द-छन्, आफ्नो हैसियत अनुसारका कुण्डल लगाउँछन् । कुण्डल लगाउने नियमका कुरा हेर्दा सिद्ध गोरखनाथले आफ्ना चेलाहरूलाई कान चिरेपछि माटाका कुण्डल (मृत्तिका) लगाइदिएका थिए । तर माटाका कुण्डल चाँडै फुट्ने हुनाले काठ या धातुका कुण्डल लाउने चलन चल्यो । त्यसैले काठ, जरायोका सिङ हस्तिहाड, धातुहरू र सुनका पनि कुण्डल बनाउन थाले । कान चिरेर कुण्डल धारण गरेदेखि घाउ राम्ररी सच्चो नभएसम्म त्यस योगीले स्त्रीजातिको दर्शन गरेमा घाउ त्रिग्ने र पाक्ने डर हुने भएकोले गुफा बस्ने चलन छ ।[3] त्यसरी कान चिरेर जोगी बन्ने हुनाले "जुन जोगी आयो कानै चिरेको" भन्ने उखान नेपालमा प्रख्यात छ ।

सिद्धमार्गमा नाथ शब्दको अर्थ (ना + थ = नाथ) ना = अनादि रूप, थ = त्रिलोकको संस्थापन हुन्छ । तसर्थ नाथ भन्नाले त्यो आदिम वा प्राचीन साधन वा धारणा हो जसले स्वर्ग, मर्त्य र पाताल (त्रिलोक) को स्थिति थाम्न सक्षम हुन्छ । त्यसको अर्को अर्थ ना = नाथब्रह्म-द्वारा मोक्ष दिन सक्ने क्षमता भएको र थ = अज्ञानतालाई स्थगित गर्नसक्ने हुन्छ । त्यसो हुनाले नाथ सम्प्रदायका योगी ज्ञानवान्, चेतनशील हुनाले उनीहरू अज्ञानी नहुनु भन्ने संकेत हुन्छ ।[4] सबै नाथ सम्प्रदायीहरू शैवमार्गी हुँदा उनीहरूले आफूलाई शंकरसंग आत्मसात् गरेका ठान्दछन् । नाथहरूको साहित्यमा, त्यसैले भगवान् शंकरलाई कनफट्टाको रूपमा हेरिएको छ । नाथ सम्प्रदायका पुराना सिद्धहरू अझै पनि जीवित छन् । । उनीहरू ठूला ठूला तीर्थमा, पर्व पर्वमा भ्रमण गर्दछन् र बाँकी समय हिमालयका गुफामा बसेर बिताउँछन् । पैतालासम्म लर्कने लटा पाल्ने ती योगीहरूलाई पृथ्वी र जल तत्त्वलाई स्वीकार नगरी केवल तेज, वायु र आकाश तत्त्व मात्रले दीर्घायु भएका छन् र खानाको आवश्यकता नपर्ने जाडो न्यानोको अनुभूति हुँदैन भनिन्छ ।

सिद्ध आदिनाथको शिष्य परम्परा निम्नानुसार रहेको ज्ञात हुन्छः



हठयोग प्रदीपिकानामक ग्रन्थमा प्राचीन नाथ शिष्यहरूमध्येमा क्रमशः आदिनाथ, मत्स्येन्द्रनाथ, शारदा-नन्द, भैरव, चौरंगी, मीननाथ, गोरक्षनाथ, विरूपाक्ष, विलेशय, मंथान भैरव, सिद्धबोध, कन्हडीनाथ, कोरंट-कनाथ, सुरानन्द, सिद्धपाद, चर्पटीनाथ, कणेरीनाथ, पूज्यपाद, नित्यनाथ, निरंजननाथ, कापालिनाथ, विंदुनाथ, काकचण्डीश्वर, मयनाथ, अक्षयनाथ, प्रभूदेव, घोडाचूलीनाथ, टिण्डिणीनाथ, मल्लरीनाथ, नागबोध र खण्डकापालिका गरी ३१ वटाको नाम दिइएको छ जसमा मीननाथलाई छैठौंमा उल्लेख गरिएको छ ।[5] नाथमतका अनुसार मानव शरीरधारी गुरुहरूमा क्रमशः वाशिष्ठ, मीननाथ, हरिनाथ, कुलेश्वर, विरुपाक्ष, महेश्वर सुख र पारिजातहरू रहेका बुझिन्छन् ।[6] त्यति भएर पनि नाथ पन्थीहरूका प्रख्यात सिद्धहरूमा मीननाथको स्थान उच्च देखिन्छ । त्यसैगरी तन्त्र

मतका आधारमा भने बाह्रवटा सिद्धहरूको नाउँ उल्लेख भएको पाइन्छ । जस्तैः विमल, कृशर, भीमसेन, मीन, गोरक्ष, भोजदेव, मूलदेव, रंतिदेव, विघ्नेश्वर, हुताशन, समरानन्द र सन्तोष आदि छन् ।

एक लेखकले वज्रयानीहरूमा नाथ सिद्धमध्ये श्रेष्ठ सिद्ध मीननाथ हुन् भनी लेखेका छन् । मीननाथपछिमात्र गोरखनाथको नाउँ आउँछ ।[7] नाथ परम्परामा सिद्ध आदिनाथपछि सबैभन्दा महत्त्वपूर्ण स्थान आचार्य मत्स्येन्द्रनाथलाई दिइएको छ । मत्स्येन्द्रनाथलाई गुरु भन्ने चलन नाथ सम्प्रदायको रहेको छ । तो मत्स्येन्द्रनाथ सिद्ध गोरखनाथका गुरु हुनाले लोक इतिहासका हर आख्यानहरूमा तो दुवैको नामसंगै आउँछ । विडम्बना यही छ कि, तो दुवै सिद्धको जन्म कहाँ र कहिले भयो भन्ने कुरा थाहा पाइएको छैन वा जे थाहा पाइयो त्यो पत्यारलाग्दो छैन । सिद्ध मत्स्येन्द्रनाथद्वारा लिखित प्रशस्त ग्रन्थहरू श्री ५ को सरकार, राष्ट्रिय अभिलेखालयमा संग्रहित छन् । तो ग्रन्थका लिपि र भाषाको अध्ययन गर्दा नवौं शताब्दीका भएको अड्कल गरिएको छ ।[8] पण्डित हरप्रसाद शास्त्रीले मत्स्येन्द्रनाथको अर्को नाउँ मच्छिन्न वा मच्छन्न पनि हुनाले तो सिद्ध माझी (जालाहारी) जातका भएको अनुमान गरेका छन् । तर तन्त्रालोकनामक ग्रन्थको पहिलो भाग पृष्ठ २५ मा जन्ममरणरूपी महाजाल छिन्नभिन्न पारी मोक्षको मार्ग खुलस्त गरिदिएका हुँदा तो सिद्धलाई मत्स्येन्द्र वा मच्छन्न भएको कुरा उल्लेख छ । अर्को पक्षबाट हेर्दा मत्स्य वा माछा अत्यन्तै स्वच्छ र चञ्चल जलचर हो । त्यसरी सान्है चञ्चल मत्स्य जस्तै मानवमन हुनाले त्यो चञ्चलतालाई स्थिरता प्रदान गर्न सक्ने समर्थवानलाई मत्स्येन्द्र वा मच्छन्न भयो । मत्स्य शब्द एक प्रज्ञावाचक हुनाले मत्स्येन्द्रनाथ नाम रहनुको तात्पर्य प्रज्ञावान्, प्राज्ञचक्षु वा षट्चेतनायुक्त पुरुष भन्ने अर्थ प्रयुक्त गर्न पनि सकिन्छ । सो माछालाई मीन पनि भनिने हुँदा मत्स्येन्द्रनाथ भन्नु र मीननाथ भन्नु उस्तै अर्थ निस्कने शब्द हुन् ।[9]

हाम्रो जिज्ञासाको विषय हुनआएको छ कि सिद्ध मत्स्येन्द्रनाथ र मीननाथ एउटाको नाम हो कि छुट्टाछुट्टै । यस विषयमा शास्त्र चर्चा गर्दा हठयोग प्रदीपिका नामक ग्रन्थमा दुवै नाम भएका सिद्धहरू छुट्टाछुट्टै हुन् भन्ने वर्णन छ । त्यसैगरी कौशलज्ञान निर्णय नामक ग्रन्थमा एउटै व्यक्ति हुन् भन्ने उल्लेख छ । नाथ सम्प्रदायको श्रुति परम्पराका आधारमा गुरु मत्स्येन्द्रनाथका पुत्रको नाउँ मीननाथ भन्ने प्रचलित छ ।[10] सिद्ध मत्स्येन्द्रनाथ एउटै हुन् भन्ने कुरा भगवान् शंकरबाट 'मीननाथ नामक महासिद्ध मच्छन्दले कामरूप नामक महापीठमा मेरो ज्ञानबाट योग सिद्ध गरेको थियो' भन्ने उल्लेख गरेको पाइनाले तो दुवै नाम बीचको सन्देह निवारण भएको छ ।[11] त्यसैले मीननाथ भन्नु नै मत्स्येन्द्रनाथ रहेछन् र मत्स्येन्द्रनाथ भन्ने स्पष्ट भयो । त्यसैले आगामी पंक्तिहरूमा तो सिद्ध मीननाथको चर्चा गरिन्छ जसका सम्झनामा नेपालमा ठाउँ ठाउँमा गुठी, मन्दिर निर्माण एवं जात्रा गरिन्छ ।

गोरक्षशतक नामक ग्रन्थमा सिद्ध गोरखनाथले मीननाथलाई आफ्ना गुरु मानेर विधिवत् प्रार्थना गर्दा चञ्चलमनलाई स्थिरपारी ज्ञानरूपी समुद्रमा तीनलोकका नाथ भएका हजूरले व्यक्त अव्यक्त अधिक गुणहरू भएका तमरूपी अन्धकारका हन्ता तपाईंलाई भजन गर्दछु ।[12] गोरक्ष सिद्धान्त संग्रह तथा विवेकमार्तण्ड नामक ग्रन्थहरूमा पनि स्तुति गाइएको छ । जहाँ मीननाथको स्तुति छ त्यहाँ मत्स्येन्द्रनाथको छैन । यसबाट पनि दुवै एकै व्यक्ति भएको स्पष्ट हुन्छ । तो ग्रन्थहरूमा मीननाथले भनेका छन् कि 'योगीहरू त्यस्ता शंकरको प्रार्थना गर्दछन् जसको कोपानलबाट कामदेव भष्म भए' ।[13] श्री ५ को सरकार, राष्ट्रिय अभिलेखालयमा संग्रहित नित्यआह्निकतिलकम् नामक ग्रन्थमा २५ कौल सिद्धका नाम, जात, जन्मस्थल, चर्यानाम, गुप्तनाम, कीर्तिनाम, शक्तिनाम उल्लेख गरिएको छ । सो ग्रन्थमा मत्स्येन्द्रनाथ र मीननाथको वृत्तान्त निम्नानुसार रहेको छ ।[15]

नारः विष्णुशर्मा जातः ब्राह्मण
चर्यानाम : श्री गौडिशदेव जन्मभूमिः वाराणा (वंगदेश)
गुप्तनामः श्री भैरवानन्द पूजानामः श्री पिप्पलीशदेव
शक्तिनामः श्री ललिताभैरवी अम्वा पापू
कीर्तिनामः वीरानन्दनाथ, इन्द्रानन्ददेव, मत्स्येन्द्रनाथ ।

अखिल भारतीय नाथ दर्शनमा गुरु दर्शनमा गुरु गोरखनाथपन्थीका २ वटा गुरुको उल्लेख गरिएको छ । ती ३ वटामा क्रमशः आदिनाथ (महादेव) मत्स्येन्द्रनाथ (विष्णु भास्कर) र अन्त्यका गोरखनाथको नाउँ छ जहाँ मीननाथको उल्लेख छैन ।[15] काठमाडौं उपत्यकाका भित्रको एक शहर पाटनका मत्स्येन्द्रनाथ विषयक प्रचलित नेपाली लोक इतिहासमा भनिएको छ कि, भगवान् शंकरले एक पटक विष्णुको मोहनी रूप देखेर कामानुरक्तले धैर्य धारण गर्न नसकी वीर्य पत्तन गरिदिए । त्यो पतीत वीर्य मत्स्यले खाँदा गर्भ रहन गए र त्यहींबाट जन्मेका हुनाले उनी मत्स्येन्द्रनाथ भएका र एक अर्को ठाउँमा रहेको गोबरमा शंकरको वीर्य श्खलन हुँदा त्यहाँ भ्रूण जन्मेकाले गोरखनाथ भएका र कालान्तरमा ती दुवै ठूला सिद्ध भए । यसरी मत्स्येन्द्रनाथ र गोरखनाथलाई बिलकूल अलौकिक सिद्ध बनाइएको छ ।[16] सिद्ध गोरखनाथ कलिगत ३६७६ मा नेपालका लिच्छवि राजा नरेन्द्रदेवका राज्यकालमा काठमाडौं उपत्यकामा भ्रमण गर्दै आएका थिए । राजा नरेन्द्रदेवले उनको कुनै खातिर गरेनन् । त्यही रीसले सिद्ध गोरखनाथले वृष्टि गर्ने नागहरूको आसन बनाएर मृगस्थलीमा तपस्या गर्न थाले । त्यस दिनदेखि उपत्यकामा सुखा पऱ्यो । बन्धुदत्त नामक नरेन्द्रदेवका राज्यका एक तान्त्रिकले गोरखनाथका गुरु मत्स्येन्द्रनाथलाई बाहिरबाट काठमाडौं ल्याएपछि गुरुको दर्शन गर्छुभन्दा आसनमा रहेका नागले छुट्टी पाए । त्यसपछि मात्र पानी पऱ्यो र अकाल टर्न गएको लोकधारणा छ । ती मत्स्येन्द्रनाथलाई कलिर्गताब्द ४२०८ मा पाल्पाका राजा मुकुन्द सेनले चाँदीको सिक्री अर्पण गरेका थिए । राजा श्रीनिवासमल्लले मत्स्येन्द्रनाथको भव्य मन्दिर निर्माण गराई अर्द्धरात्रिमा सिद्ध आरती गर्ने भनी प्रशस्त गुठी अर्पण गरे । वि. सं. १८२० मा ती मत्स्येन्द्रनाथको रथयात्रा गर्दा गर्दै अग्निदाह भयो र धेरै क्षति भयो । वि. सं. १९९० को महाभूकम्पमा २ पटक सो मन्दिर भत्केर मेटिने स्थितिमा पुग्यो । तर वि. सं. १९९५ मा सो प्राचीन शैलीमा पुनर्निर्माण गरियो ।[17]

पाटनका सिद्ध मीननाथ विषयक एक नेपाली लोक इतिहास पनि साँह्रै प्रचलित छ । लिच्छविकालीन राजा अंशुवर्माका समयमा कालपति यमराज प्रकट भएका थिए । कलिगत ३४०० चैत्र शुक्ल ८ तिष्य नक्षत्रका दिन ती यमराजलाई प्रसन्न पार्न मीननाथको स्थापना गरी मन्दिर पनि बनाएर अंशुवर्माले पूजा गरे । राजा वीरदेवका राज्यकालमा ललितपुरमा बस्ती बसाली मीननाथ र लोकनाथको भव्यरूपमा यात्रा गर्ने परम्परा शुरू गरे । त्यसका निम्ति उनले प्रशस्त गुठी राखे । राजा नरेन्द्रदेवको राज्यकालदेखि वर्षेनी मत्स्येन्द्रनाथको यात्रा गर्ने परम्पराको थालनी भयो । कलिर्गताब्द ३६९४ मा त्यसको शुरूआत भयो । त्यो बेलादेखि मीननाथको छाना मान्द्राले छाइन्थ्यो । श्री ५ सुरेन्द्रको राज्यकालमा श्री ३ जङ्गका छोरा जगतजङ्ग बहादुरले मत्स्येन्द्रनाथको यात्रा गर्दा बोक्ने रथको मन्दिरबाट मान्द्रा हटाई सुनको मोलम्बा लगाएको छाना हालिदिए । वि. सं. १९९० माघ ३० गते रोज २ का दिन गएको भूकम्पबाट मीननाथको मन्दिरलाई कुनै क्षति पुऱ्याएन ।[18]

काठमाडौंमा सेतो मत्स्येन्द्रनाथ भनी देउपाटन भन्ने ठाउँमा राजा शिवदेवले एक मन्दिरको निर्माण गरेका थिए । ती मत्स्येन्द्रनाथको यात्रा यमलेश्वर मन्दिरका समीपमा रथ निर्माण गरी गर्ने परम्परा चलाए । त्यसका निम्ति प्रशस्त गुठी राखेका थिए । एक पटकको यात्रामा रथ खोलामा पल्टेर डुब्यो । त्यसो भएकाले तब उप्रान्त देवतामात्र चोभारमा लगे पुग्ने रथ तानेर लैजान नपर्ने भयो । वि. सं. १९९० को महाभूकम्पमा उपत्यकाका बस्तीभित्रका सडक ध्वस्त भएकाले भोटाहिटीसम्म मात्र रथ ताने पुग्ने भयो ।[19]

मत्स्येन्द्रनाथको भोटो देखाउने परम्पराका विषयमा पनि एक लोक इतिहास प्रचलित छ । एक पटक टौदहका कर्कोट नागकी पत्नीका दुवै आँखा बन्द भए । औषधि गर्ने मानिसको खोजी गर्दा भक्तपुरको एक ज्यापुले सक्ने रहेछ । ज्यापुले आँखा ठीक गरिदिए पछि नागले पुरस्कार स्वरूप एउटा रत्न जडित भोटो दियो । ज्यापुले त्यो भोटो खेतको डीलमा राखी काम गर्न थालेका बेलामा एक भूतले चोरेर लग्यो । मत्स्येन्द्रनाथको यात्रा

चलेका दिनमा भूतहरू भेला भएका समयमा ज्यापुले आफ्नो रत्न जडित भोटो चोर्ने भूत चितेर समात्यो। कर्कोट नागले ज्यापुको पक्ष लियो। भूतले ज्यापुलाई भोटो फिर्ता गर्न नमानेको हुँदा जाउलाखेलमा वर्षको १ दिन भक्तपुरतिर, टौदहतिर र काठमाडौं मत्स्येन्द्रनाथ मन्दिरतिर देखाउन भोटो यात्रा चलाइयो। त्यो भोटो मत्स्येन्द्रनाथका पूजारी जिम्मा राखियो। त्यो समयदेखि जाउलाखेलमा राजा-रकले भोटो हेर्न जम्मा हुने भए।[20] कदलीमञ्जुनाथ माहात्म्यम् नामक ग्रन्थमा सिद्ध आदिनाथलाई महादेव भनी सम्बोधन गरिएको छ भने त्यसपछि क्रमशः मीननाथ, कन्तडिनाथ र गोरक्षनाथका नाउँहरू उल्लेख गरिएका छन्।[21] सोही प्रसंगमा सिद्ध आदिनाथ, मञ्जुनाथ, मीननाथ र गोरखनाथको उल्लेख गरिएको छ।[22]

योगी सिद्ध धीरजनाथ चरित्रको पीठिका वाक्यमा आदिनाथलाई ग्रहहरूका चन्द्रमा सरह अटल, शान्त एवं सुन्दरतम् सिद्धका रूपमा प्रस्तुत गरेर उनका शिष्य मीननाथ पनि त्यही लक्षण र गुणसम्पन्न हुनाले आफ्नो उद्धारका निम्ति प्रार्थना गरेका वाक्यहरू प्रकाशमा आएका छन्।[23] सिद्ध मत्स्येन्द्रनाथले आफ्ना शिष्यहरूका माध्यमबाट चार प्रकारका योग सम्प्रदायहरूको प्रचार गराएका थिए। ती सम्प्रदायहरूमा क्रमशः गोरखनाथी, पगल वा अरजनंगार (रावल), मीननाथ सिवतोर, पारक्षनाथ हुन्। ती चार सिद्ध संप्रदायहरूमा अन्तिम दुइवटा सिद्ध जैन पन्थी मानिन्छन्। यसरी हेर्दा सिद्ध मीननाथ सिद्ध मत्स्येन्द्रनाथका एक नयाँ संप्रदाय आरंभ गर्ने शिष्यका रूपमा वर्णित छन्। त्यसका साथै उनलाई जैन साधु पनि भनिएको पाइन्छ।[24]

अरू योगीहरू जस्तै नाथ संप्रदायका योगीहरू पूर्णतः ब्रह्मचर्यमा रही गार्हस्त्य जीवनमा प्रवेश गर्दैनथे। एक लोककथाका आधारमा कनफट्टा नाथ योगीहरूको गृहस्थ विषयमा प्रकाश पारिएको छ। सो कथाको आधार यस प्रकार छः कुनै समयमा महादेव र गौरी देशावर डुल्दै थिए। पार्वतीले सिद्ध योगीहरू डुलेका समयमा भगवान् शङ्करका आज्ञाले मोहनी रूपधारण गरी भोज भण्डाराको आयोजना गरिन्। धेरै सिद्धहरूका जमघटमा पार्वती आई बितरक भई खुवाउन थालिन्। त्यो बेला सिद्ध मीननाथले त्यस्ती सुन्दरी स्त्रीको मनमनै कामना गरेका हुँदा पार्वतीले श्राप दिइन्।[25] फलतः सिद्ध मीननाथले ज्ञानगुण बिर्सेर कुनै कदलीदेशमा पुगेर धेरै षोडशीहरूका बीचमा रसरंग गर्न थाले। सिद्ध मीननाथ उत्तर दिशातिर लागेका थिए भने उनका अरू मित्रहरू क्रमशः पूर्वमा हाडिफा, पश्चिममा गोरक्ष र दक्षिणमा कानफा। तीमध्ये गोरखनाथ स्वच्छ योगी भएकाले उनको ज्ञान बिस्मृति भएको थिएन। उता गुरु मीननाथ मस्तसंग नर्तकीहरूका हावभावमा भुलेका बेला कानफाले सिद्ध गोरखनाथलाई मीननाथको विकृत मार्गको खिसी उडाए। आफ्ना गुरुको त्यो दुर्दशा सुनेर गोरखनाथले कदलीदेशतिर प्रस्थान गरे। मीननाथले नर्तकी बाहेक अरूको भेट स्वीकार नगर्ने हुँदा गोरखनाथले नर्तकीकै भेषमा गुरु मीननाथका कोठरीमा पुगे। त्यही मौकामा गोरखनाथले ज्ञानका भजनहरू गाएर मीननाथको सुषुप्त सिद्धलाई जागृत गरिदिए। मीननाथ विषय वासना विरक्त भएको चाल पाएर उनका पत्नीहरूले गोरखनाथ माथि आशंका गरी उनको हत्या गर्ने प्रपञ्च गरे। तर गोरखनाथ फुत्के।[26] त्यसरी मीननाथ विषय लम्पट भएको बेला भीमराम नामक पुत्र पैदा भएका थिए भन्ने कुरा पनि उल्लेख हुनुका साथै ती मीनराम पछि गएर ठूला सिद्ध भएको कुरा पनि प्रकाशमा आएको छ।[27]

यसरी विचार गर्दा सिद्ध मीननाथ एक अमर योगी हुन् भन्ने थाहा हुन्छ। उनले ठाउँ ठाउँमा योग प्रचार गर्दै काठमाडौं उपत्यका पनि आएका थिए। उनको स्मरणमा मन्दिर, यात्रा, गुठी खडा भएका छन्। भारत, पाकिस्तान, अफगानिस्तान जस्ता देशहरूमा मीननाथका धेरै शिष्यहरू छँदैछन्। धेरै मुसलमान फकीरहरू पनि योग संप्रदायमा सम्मिलित भएका छन्। योगीहरूका श्रेष्ठलाई "पीर" भनिने हुँदा त्यो शब्द मुसलमानी संस्कृतिको योगीलाई संकेत गर्ने शब्द विशेष हो। तापनि कनफट्टा नाथपन्थीहरूलाई पशुपतिनाथ पन्थी भनिन्छ।[28]

नेपालका प्राय: बाइसी चौबीसी राजाका कोटहरूमा नाथ पन्थी योगीहरूलाई गुठी दिई गोरखनाथ र भैरव-नाथको पूजा गर्ने दरबन्दी दिइएबाट यिनीहरूको महत्त्व देखिन्छ ।[१७] ती जोगीहरूले पहिले मीननाथको पूजा गरेर मात्र गोरखनाथको पूजा गर्ने हुँदा मीननाथको महत्त्वबारे स्पष्ट भइहाल्छ ।

पाद टिप्पणीहरू

१) नागेन्द्रनाथ उपाध्याय– "नाथ और सन्त साहित्य" (वाराणसी: विश्वविद्यालय प्रकाशन, १९६५), पृष्ठ ५५ ।

२) ऐजन, पृष्ठ ५७ ।

३) हजारीप्रसाद द्विवेदी– 'नाथ संप्रदाय" (इलाहाबाद: हिन्दुस्तानी एकेडेमी, १९५०), पृष्ठ १५ ।

४) नाकारोऽनादिरूपं थकार स्थाप्यते सदा ।
भुवनत्रयमेवैक: श्रीगोरक्ष नमस्तुते ।।" ऐजन, पृष्ठ ३ ।

५) पाणिनि अफिस– "हठयोग प्रदीपिका" (इलाहाबाद: पाणिनि अफिस, १९१५ ई.), पृष्ठ १५ ।

६) द्विवेदी– पूर्ववत्, टिप्पणी ३, पृष्ठ २६ ।

७) ऐजन, पृष्ठ २७ ।

८) ऐजन, पृष्ठ ३८ ।

९) ऐजन, पृष्ठ ३९ ।

१०) चन्द्रनाथ योगी– "योगीसम्प्रदायाविष्कृति:" (अहमदाबाद: चन्द्रनाथ योगी, १९२४ ई.), पृष्ठ २२७-२२८ । ऐजन, पृष्ठ ४० ।

११) भैरव्यां भैरवात् प्राप्तं योगं व्याप्य तत: प्रिये ।
तत्सकाशात्तु सिद्धेन मीनाख्येन वरानने ।
कामरूपे महापीठे मच्छन्देन महात्मना ।
तन्त्रालोक टीका, पृष्ठ २४ ऐजन, पृष्ठ ४० ।

१२) "अन्तर्निश्चलितात्मदीपकलिका स्वाधारवेधादिभि
र्यो योगीयुगकल्पकालकलनातत्वं च यो गीयते
(जेगीयते)
ज्ञानामोदमहोदधि: समभवद्यत्रादिनाथ: स्वयं
व्यक्ताव्यक्तगुणाधिकं तलनिशं श्री मीननाथं भजे ।।"
द्विवेदी, ऐजन, पृष्ठ ४२ ।

१३) परमहंसास्सु कामंनिषेधयन्ति स निषेधो न भवत्येवम् । कथम् ?
तदुक्तं श्री मीननाथेन हरकोपानलनैव भस्मीभूत: कृत: स्मर:
अर्द्धं गौरीशरीरो हि तेन तस्मै नमोस्तुते ।
अतोमहासिद्धा विषयरीत्यातु त्यागमेव कुर्वन्ति ।
ऐजन, पृष्ठ ४३, गोरक्षसिद्धान्तसंग्रह, पृष्ठ ६६-६७ ।

१४) योगी नरहरिनाथ,– "नाथ-सन्देश", (दिल्ली: अखिल भारतवर्षीय नाथ दर्शन, २०३४), पृष्ठ १३ ।

१५) द्विवेदी, पूर्ववत्, टिप्पणी ३, पृष्ठ ४४ ।

१६) योगी नरहरिनाथ–"देवमाला वंशावली", (काठमाडौं: योगी क्षिप्रानाथ, २०१३) पृष्ठ २७ ।

१७) ऐजन, पृष्ठ २८-२९ ।

१८) ऐजन, पृष्ठ ३५ ।

१९) ऐजन, पृष्ठ ३५ ।

२०) ऐजन, पृष्ठ १-४ ।

२१) "आदिनाथो महादेवो मीननाथस्तत: परम् ।
तत: कन्तडिनाथाख्यास्ततो गोरक्ष एव च ।।"
योगी नरहरिनाथ,–"कदलिमञ्जुनाथ माहात्म्यम्", (काशी: योग प्रचारिणी महासभा, २०१३), पृष्ठ ६ ।

२२) "तत्रादिनाथश्चिद्रूपो मञ्जुनाथ स्वयं प्रभु ।
स एव मीननाथाख्यो गोरक्ष: स खलु स्मृत: ।।"
ऐजन ।

२३) "आदिनाथ नमस्यादौ योगचन्द्रोदयाचलम् ।
मीननाथं ततो नौमि श्रुतिमुद्धर्तुमुद्यतम् ।।
योगी नरहरिनाथ "श्री सिद्ध धीरजनाथ चरित्रम्" (काठमाडौं: चमेलीनाथ योगी, २०११), पृष्ठ १ ।

२४) हजारीप्रसाद द्विवेदी– पूर्ववत्, टिप्पणी, ३, पृष्ठ १३–१४ ।

२५) ऐजन, पृष्ठ ४६,५० ।

२६) ऐजन, पृष्ठ ४६–४७ ।

२७) ऐजन, पृष्ठ ५० ।

२८) भैरवनाथलाई मदिरा अर्पण गर्नुपर्ने हुँदा केही कनफट्टा योगीहरूले भैरवको प्रसाद भनी मदिरा लिने गरेकै छन् ।

२९) भगवतीप्रसाद सिंह– "चौरासी सिद्ध तथा नाथ सम्प्रदाय", "कल्याण" (योगाङ्कः गीता प्रेस, गोरखपुर प्रकाशन, मिति थाहा नभएको) पृष्ठ ४६८–७२ ।

सिद्ध गोरखनाथ मत्स्येन्द्रनाथका चेला थिए । मत्स्येन्द्रनाथलाई मीनपाको छोरा भनिएको छ । मीनपा र मीननाथ एउटै व्यक्ति हुन् भने त त्यो कुरा मिल्न आएन । त्यसो हुनाले मीनपा, मीनराम, मीन र मीननाथ छुट्टाछुट्टै सिद्ध भएको बुझिन्छ भने मत्स्येन्द्रनाथ र मीननाथ एउटै व्यक्ति भएको कुरा स्पष्ट हुनआएको छ ।

लिच्छविकालीन श्रीराजविहारको स्थापना काल

–शङ्करमान राजवंशी

श्रीराजविहारको चर्चा

लिच्छविकालीन श्रीराजविहारको उल्लेख सर्वप्रथम हाडिगाउँको संवत् ३२ को महासामन्त अंशुवर्माको अभिलेखमा भएको छ । त्यसमा भनेको छ—

"प्रजाहितार्थोद्यतशुद्ध चेतसां (शुवर्मणा) श्री कलहाभिमानिना कथम्पुजामे सुखिता भवेदिति प्रिय व्यवस्थेयमका रि"

[प्रजाको हितमा लागेका शुद्ध मनसाय भएका श्री कलहाभिमानी अंशुवर्माले मेरा प्रजा कसरी सुखी होऊन् भनी यो प्रिय व्यवस्था गरियो ।]

प्रजा सुखी होऊन् भनी व्यवस्था गरिदिएको उक्त व्यवस्थामा विभिन्न मन्दिर, देवदेवी एवं विहारहरूको व्यवस्थाका लागि रकम छुट्याएको कुरा दिइएको छ । त्यसमा श्रीराजविहारका लागि भनी छुट्याइएको रकम ३ पुराण २ पण दिइएको छ । यस्तै ललितपुर यङगुवहाल टोल ताहागल्लीमा रहेको संवत् १०३ को नरेन्द्रदेवको अभिलेखमा पनि श्रीराजविहारको उल्लेख आएको छ । त्यसमा भनेको छ—

"प्रणालीप्रमइत्येतत्सीमपरि क्षिप्तेस्मिन्नग्रहारे यदि कदाचिदार्य संघस्याशक्यं कार्यमुत्पद्येत तदा परमासर्नन विचारणीयम्"

[कुलो ल्याइएको यस सीमा छुट्याइएको जग्गाको अग्रहारमा यदि केही गरी आर्यसंघले गर्न नसकिने काम परि आएमा त्यस बेला परमासनले विचार गर्नू ।]

यसरी कुलो धाराको लागि कुलो निर्माण गर्दा श्री राजविहारको सीमा क्षेत्रमा पर्ने अग्रहारको वर्णन दिइएको छ । त्यस वर्णनमा गोमिभूधन्चो प्रदेशमा वागमती नदीलाई लिएर सीमा क्षेत्रहरू बताउँदै गएको छ । सो यस्तो छ—

"चतुर्दिशार्यभिक्षुसङ्घायास्माभिरतिसृष्ट सीमाचास्य पूर्वोत्तरेण विहाराप्रणालीप्रमस्ततोदक्षिणमनुसृत्य गोमिभूधश्चोप्रदेशेवाग्वती नदी–नुसृत्य .. श्रीराजविहारे न्द्रमूलपेय पानीय मार्ग संघात (खातकस्तस्योत्तर पूर्वेण) (वृ) हन्मार्गस्य दक्षिण वाटिकाया दक्षिणाल्पानुसारेण पूर्व दक्षिण–श्चानुसृत्य पथ स्ततो यावत्स्वल्प प्रणाली परिगे स्युल्लीपार्श्वेमार्गस्ततस्तमेव मार्गन्दक्षिणेनानुसृत्य स एव विहार"

[चारै दिशाबाट आएर बसेका आर्य भिक्षु संघका लागि हामीले छोडिदिएको सीमा क्षेत्रको पूर्वोत्तरमा पर्ने विहारका कुलीको क्रम यस्तो छ । दक्षिणदेखि लिएर गोमि भूधश्चो प्रदेशमा वागमती नदीलाई लिएर बनाइएको श्रीराजविहार र इन्द्रमूलको पानीपोखरी, त्यसको

उत्तरपूर्व ठूलो बाटोको दक्षिण बगैंचा, त्यसै दक्षिणतिर-बाट ल्याइएको साना साना कुलाको पार्श्व (बगल) को बाटो, त्यही बाटोको दक्षिणतिरबाट लिएर आउँदा सोही विहार आइपुग्छ ।]

यसरी चारै दिशाबाट आएर बसेका आर्य भिक्षु-संघका लागि श्रीराजविहारको कुलोको व्यवस्था गरी छोडिदिएको सीमा क्षेत्रमा पर्ने बाटा बगैंचा साना कुलोको वर्णन यहाँ बताइएको छ । आर्य भिक्षु संघ बस्ने विहार भएको श्रीराजविहार ठूलो तथा प्रसिद्ध बौद्ध विहार रहेछ भन्ने स्पष्ट थाहा हुन्छ । यो बौद्ध विहार कहाँ थियो भन्ने कुरा यस अभिलेखबाट चाहिं यकिन हुँदैन । यसको यकिन अर्को अभिलेखबाट भएको छ ।

श्रीराजविहार रहेको ठाउँ

हाल प्राप्त गोकर्ण बालुवा गाउँ वडा नं. ७ महाकालस्थानमा रहेको अंशुवर्माको सवत् ५३६ को अभिलेखले श्रीराजविहार रहेको ठाउँ यकिन हुनआएको छ । यो अभिलेख रोलम्बा भाग १० को नं. १ मा श्यामसुन्दर राजवंशीद्वारा प्रकाशित भएको छ । त्यस अभिलेखमा भनेको छ—

"स्वस्ति कैलासकूट भवनाच्छ्री महासामन्ताङ्शुवर्म्मा कुशली अहि दुं कोट्टग्राम निवासिनः कुटुम्बिनो यथा प्रधानङकुशल माभास्यसमाज्ञापयति विदितमस्तु वोस्माभिरिमङ्ग्रामङ कृत सीम निर्णयः स्वकारितक श्रीराजविहारिचतुर्दिशान्य भिक्षु सङ्घाये प्रतिपाद्य तदाज्ञा सम्पादेन परितुष्टैर्यत्र मल्लकर प्रतिबद्ध कुटुम्बिनो निव-सन्ति तेषाम्मल्ल करापहासेन वः प्रसादः कृतः"

[स्वस्ति कैलासकूट भवनबाट श्रीमहासामन्तांशुवर्माले अहिदुं कोट्टग्राम निवासी परिवारहरूलाई प्रधानदेखि लिएर कुशल सोधेर आज्ञा हुन्छ । तपाईंहरूलाई थाहा होस् भनेर हामीहरूले यस गाउँलाई सीमानिर्धारण गरी आफूले बनाउन लगाएको श्रीराजविहारका चारै दिशा-बाट आएर बसेका भिक्षु संघलाई प्रतिपादन गरी आज्ञा जाहेर गर्नाले सन्तोष भएका जुन यहाँ मल्लकर लागेका परिवारहरू बस्छन् तिनीहरूको मल्लकर घटाएर तपाईंहरूलाई निगाह गरियो ।]

यस कथन अनुसार उक्त श्रीराजविहार अहिदुं कोट्ट गाउँमा सीमा निर्धारण गरी अंशुवर्माले आफैंले बनाउन लगाएको हुन ले उक्त श्रीराजविहार अहिदुं कोट्ट नामक गाउँ हाल गोकर्ण बालुवा गाउँ महाकालस्थानमा प्राप्त अभिलेखले यकिन हुन आउँछ । किनभने सो अभिलेख रहेको ठाउँमा चैत्यका अवशेष समेत पाइएका छन् । यसबाट पनि उक्त श्रीराजविहार रहेको ठाउँको अनुमान हुन्छ ।

मल्लकरको चर्चा

उक्त श्रीराजविहारमा बस्ने भिक्षु संघका लागि प्रतिपादन गरी आज्ञा जाहेर गर्नाले सन्तोष भएका त्यस गाउँका परिवारलाई जुन मल्लकर लाग्ने छ त्यो मल्लकर घटाइदिएको छ भनी आदेश जाहेर गरेको उक्त अभिलेख हो । यो मल्लकरसम्बन्धी कुरा बूढानीलकण्ठ विष्णुपादुका फेदीको अभिलेख तथा धर्मस्थलीको अभि-लेखमा एवं थानकोटको अभिलेखमा पनि परेको छ । त्यो कर कुनै प्राणी विशेषमा लाउने कर भन्ने इतिहास-कारहरूको भनाइ छ । तर यस अभिलेखमा भिक्षु संघले लगाउने कर रहेछ भन्ने स्पष्ट छ । त्यो कर भिक्षु संघले अनियमित तरीकाले उठाउँथ्यो होला त्यसलाई नियमित तरीकाले कर लाग्ने आदेश जाहेर गरेको हुनाले नै त्यहाँका जनता सन्तुष्ट भएका छन् भनी उल्लेख भएको हो ।

बौद्धमङ्गलाचरणको कुरा

उक्त श्रीराजविहार बौद्ध भिक्षु बस्ने विहार भन्ने कुरा यस अभिलेखमा उल्लिखित मङ्गलाचरणले पनि स्पष्ट गर्छ । सो मङ्गलाचरण यस प्रकारको छ—

त्रैधातुकक्लेश तरू स्परन्त-
चतुर्विधानासृतधीभुजेन ।
समूलमुन्मूल्यादिदेश मार्ग-
म्मोक्षस्य यस्तन्नमनादरेण ॥

[त्रैधातुकक्लेशसरूपी ठूलो रूखलाई चतुर्विधानासृत बुद्धि-रूपी भुजाले जरैसहित उखेलेर जसले आदेश गरे त्यो मोक्षमार्गलाई आदर पूर्वक नमस्कार छ ।]

यस अभिलेखमा उल्लिखित त्रैधातुको अर्थ बौद्ध-सूत्रानुसार कामधातु रूपधातु आरोग्यधातुलाई बुझाउँछ ।

त्यस त्रैधातु रूपी वृक्षलाई चतुर्विधानासृत बुद्धि भन्नाले सौत्रान्तिक वैभाषिक योगाचार माध्यमिक गरी यी चार विधानमा आसृत बुद्धिरूपी भुजाले जरैदेखि उखेलेर जसले देशना गरे त्यस मोक्ष मार्गलाई नमस्कार गरिएको छ ।

बौद्धचतुर्विधानको कुरा

उक्त चतुर्विधान स्थवीरवाद र महासांधिकवादका मार्ग हुन् । त्यसमा सौत्रान्तिक र वैभाषिक स्थवीरवादका मार्ग हुन् भने योगाचार र माध्यमिक महासांधिकवादका मार्ग हुन् । बौद्ध नियमलाई शतप्रतिशत पालना गर्नुपर्छ भन्ने पक्ष स्थवीरवाद हुन् । स्थवीरवाद पनि दुई मतका छन् । एक थरीले संसार छैन निर्वाण छ भन्छन् भने अर्को थरीले संसार छ निर्वाण छैन भन्छन् ।

यस्तै महासांधिकवादमा पनि दुई मत छन् । एक रीले संसार पनि छ निर्वाण पनि छ भन्छन् भने अर्को थरीले संसार पनि छैन निर्वाण पनि छैन भन्छन् । यो उनीहरूको आफ्ना आफ्ना सिद्धान्त हुन् ।

बोधिसत्त्वको देशना

उपर्युक्त चतुर्विधानासृतधी रूपी भुजाले त्रैधातु-कक्लेश रूपी वृक्षलाई समूल उन्मूलन गरेर बोधिसत्त्वले जुन देशना गरे त्यो देशना ४ थरी छन् । गृहस्थ उपासक उपासिकाको लागि गरेको देशनालाई देवतात्मक देशना भन्छन् । श्रावकयानीका लागि गरेको देशनालाई पञ्च-स्कन्धात्मक देशना भन्दछन् । प्रत्येक यानीका लागि गरेको देशनालाई योगात्मक देशना भन्दछन् । महायानी-का लागि गरेको देशनालाई शून्यात्मक देशना भन्दछन् । यो कुरा संवरोदयतन्त्रमा यसरी बताएको छ—

विनयसूत्रसर्वं च श्रावकश्चात्मदेशना
शून्यसूत्रं महाभाषं बोधिसत्त्वस्य देशना ।
योगिनी योगतन्त्रस्य रहस्यं बुद्धगोचरं
मन्दपुण्यानि सत्त्वानां देवतात्मक देशना ।।

(सम्बरोदयतन्त्र)

अंशुवर्माले व्यवहार गरेको संवत

अंशुवर्माले व्यवहार गरेको प्रथम अभिलेखमा उल्लिखित संवत् वुंगमतीको हो । त्यसमा संवत् २९ अंकित छ । यसलाई उत्तर लिच्छविकालको संवत् भन्द-छन् । गोकर्ण बालुवा गाउँको अभिलेखमा संवत् ५३६ उल्लेख छ । यो संवत् पूर्व लिच्छविहरूले व्यव-हार गरेको संवत्कै परम्पराको हो । काठमाडौं व्यवहाल-को अभिलेखमा उल्लिखित संवत् ५३५ पनि पूर्व लिच्छविहरूले व्यवहार गरेको संवत् हुनाले यो व्या-वहालको अभिलेखलाई इतिहासकारहरूले शिवदेवको भनी अनुमान गरेका थिए । तर यो संवत् पछि ५३६ को अंशुवर्माको अभिलेख पाइएको हुनाले उक्त व्यावहालको अभिलेख पनि अंशुवर्माकै हो भन्ने देखियो । यसरी अंशुवर्माले व्यवहार गरेको संवत्मा पूर्व लिच्छविकाल र उत्तर लिच्छविकालका दुवै थरी व्यवहार गरेको स्पष्ट छ ।

लिच्छविकालीन संवत्बारे पूर्व विचार

पूर्वलिच्छविकालको संवत्लाई शक संवत् र उत्तरलिच्छविकालको संवत्लाई शक ४९८ बाट उठेको मानदेव संवत् भनी इतिहासकारहरूले मानिआइरहेका थिए । त्यसको आधार सुमतितन्त्र भन्ने पुस्तक थियो । त्यसमा ग्रन्थकारले मानदेव संवत्को उल्लेख गरेका छैनन् । केवल पछिका टिप्पणीकारले कल्पना गरी थपेको कल्पित थियो । यस अनुसार अंशुवर्माले व्यवहार गरेको संवत्को कालनिर्धारण निम्न प्रकारले हुन्छ । जस्तै,

वुंगमतीको अभिलेखको संवत्को समय
१+४९८+२९=५२८शक
गोकर्णको अभिलेखको संवत्को समय
शक संवत् अनुसार=५३६ शक

हुन आउँछ । तर गोकर्णको अभिलेखको संवत् ५३६ मा मिति द्वितीय पौष शुक्ल पञ्चम्याम् लेखिएको हुनाले संवत् ५३६ मा अधिमास रहेछ भन्ने स्पष्ट छ । तर शक ५३६ पौषमा अधिमास पर्दैन । शक संवत् ५३५ मा भाद्रमा र शक ५३८ मा वैशाखमा मात्र अधिमास पर्छ । यो कुरा मेरो हालै प्रकाशित लिच्छवि संवत्को परिचर्चा भन्ने पुस्तकमा परिशिष्टमा दिइएको केतकरको अधिमास सारणी हेरे थाहा हुन्छ । त्यसकारण पूर्वलिच्छविकालको

संवत् शक संवत् होइन भन्ने सिद्ध हुन्छ। जब पूर्व-लिच्छविकालको संवत् शक संवत् होइन भन्ने सिद्ध भए-पछि उत्तरलिच्छविकालको संवत् मानदेव संवत् भन्ने स्वत: अशुद्ध हुन्छ।

मेरो लिच्छवि संवत्को निष्कर्ष अनुसार उक्त संवत्को काल निर्धारण निम्न प्रकारले हुन्छ। जस्तै,

उत्तर लिच्छविकालको संवत् शक ४७४ कार्तिकमा उठेको हुनाले वुंगमतीको अभिलेखको संवत् २९ जेष्ठको

४७५ + २९ = ५०४ शक हुन्छ।

पूर्वलिच्छविकालको संवत् पूर्व २२ मा चलेको हुनाले गोकर्णको अभिलेखको संवत्

५३६ − २२ = ५१४ शक हुन्छ

शक ५१४ मा वैशाखमा अधिमास परेको छ। उक्त अधि-मास सारणी हेरे थाहा हुन्छ। यसबाट उक्त श्रीराज-विहारको व्यवस्था गरेको समय शक ५१४ भन्ने निश्चय हुन्छ।

प्रधानमन्त्री जंगबहादुर राणाका समयको नेपाल–भोट युद्धका ऐतिहासिक सामग्री

(गताङ्कको बांकी)

फागुन सुदि १५ रोज ७ मा

श्री प्राइम मिनिष्टरका हजुरमा श्री मेजर कपतान् सता-राम षतृले चह्राई पठायाको फागुन सुदि १४ रोज ६ मा वागलदेषि आधाकोस माथि तोप पुऱ्याई यस ठाउंमा २ विकट ठुला डरलाग्दा फलामका किला ठोकि वनाइ राष्याका रह्याछन् १ विकट ८० हातको पहरा चाहिन्या तलदेषि पर्षाल चिह्नि पहिरो फोरी वनाउन्या काम गऱ्या अर्को पहरा भन्या पर्षाल चिन्हे ठाउं पनि नभयाको फोरन पनि नसकिन्या मेनाघोडा लस्कर भुन्या लैजानु हुन्या तोप भन्या लैजानु नहुन्या छन् माथितिर वाटो पनि फेरन हुन्या रहेछ र गंडकिका किनारवाट ढुंगामुढा वलियो गरि पानि ठेली फड्क्या हालन लागिरहेछु . २।३ दिनमा वनाई तयार गरी लैजान्या काम गरूंला औठा उठाउ यो वाटोमा तोप लायाको तजवीजको वित्ति उकालो वह्रालो तेर्छो वाटोमा वोकि हिडी आउनु हुन्या रहेछ . सिडि भयाको उकालो भंज्याङ पऱ्याको ढाडमा तोप ठोकिदो रहेछ र ठुला ठुला षरका मुठा वाधि सव सिढिसिढिमा वह्र्याई थोरै मानिसले कांध हलाई अगाडि पछाडि विचमा ३ ठाउंमा डोरि वाधि उचालदै सार्दै गरि विकट कटाईसम्म मलिनु वाटोमा वोकाइ लैजान्या काम गर्दछु . यस्तोपलाई राम्रो सह्यारसित लैजानलाई वोकन्या डोरी ठामन्या गरी १०० जना मानिस भयादेषि सह्यारीसंग जान्या रहेछ . मैले वनाई वन्यासम्म वनाइ पनि आयाका छु . अरू कुहिकाही भया नभयाको ठाउंमा फर्कदा षेरि वनाउनलाई फर्कन्या काम गरूंला . ठाउं-ठाउं अरू पुल साघुमा भन्या तोप वोकि ल्याउनु हुन्या रहेछ . स्याफ्रुको कोठे साघु भन्या सांगुरो पनि रहेछ . अलिक पुरानु पनि रहेछ . वोकि ल्याउनु भयेन र षरका मुठा वह्र्याई अगाडि पछाडि डोरीलाई थोरै मानिसले उचाल्दै सार्दै गरि तारन्या काम गऱ्या. अरू तोपलाई ल्यो साघु नया नवन्या तारनलाई दह सत् हुन्या रहेछ . सानासाना ठाडा षोला साघु हालनु भनि अघि विष्ट कपतानले अमान षतृलाई अह्रायाको हो २।३ ठाउंमा साघु नवन्याको रहेछ . जुन जुन गाउंको अम्वल हो . वहि वहि गाउंल्यालाई वनाउ भनि उर्दी दी वनाउन लाउ भनि मजि भया वनाउन लाउन्या काम गर्दाहुं शुभम्—

फागुन शुदि १५ रोज ७ मा

तस्तै विचमा श्री ५ महाराजधिराजवाट धर्माका लामा-लाई लेषि गयाको भोटवाट हाम्रा रैयत महाजनमाथि विजाई विदत गरी महसुल वढाई लिदा र षाम्वालिका झगदामा फरेपगरि हाम्रा ह्लासामा वस्न्या नायेकलाई वेइजत गरि निकाली हाम्र ह्लासामा रह्याका महाजन

सबैलाई थोरै रुपिआ दिनु पर्न्यामा धेरै रुपिआको अत्तो लगाई ४ दिनसम्म आगो पानि च्याँचपा वंद गरि दुःख दियाको सोलुषुवु पट्टि हाम्रा मुलुकका रैयतलाई सिकार्जका ढेवाले मारि अघिदेखि चल्याको थिचिमिचि जवरजस्ति गर्न्याको सबै विस्तार हाम्रा हजुरमा जाहेर हुंदा भोटवाट आहासम्म विजाई विद्दत गर्न्यापछि हामी भोटमा चढाई गरि छोददैनौ भनि इ सबै कुराको विस्तार ह्लासाका वडा अम्वलाई लेषि पठाउदा भोटवाट विजाइ विद्दत गर्न्याको सबै जरादेषि धोई रौ प्रमाण तफावत नपर्न्या गरि ताहा आफुवाङको चित्त वुझाउन्या गरि लेषि पठाउला भन्या जवाफ लेषि आउदा अम्वालाई यस्तो वेहोरा लेषि आयापछि हामीले अैल्हे चढाई गर्नु हुन्दैन भनि वाटो हेरिरह्याको थीञ्यु तेस्तै विचमा हाम्रा अठासै षोलाका रैतिहरूले अघिदेषि भोटको अम्वल षासा ढेवाको जगामा षर्चरी तिरि चौरी गोठ राषि आयाको जगामा येस पालि पुस मैह्लामा झुगातरफवाट ११ जना घोडा चढन्या १४ जना पैदल आई गोठका मालिक अरू र अरू तिनजना मानिसलाई काटी ८ जनालाई घाइत्या तुल्याई ६ सै चौरी अरू माल असवाफ गैह्र धेरै लुटी चारजना मानिसलाई पक्री दिनभरी भारी वोकाई रातभर पाता फर्काई वांधि ४ दिनका वाटासम्म लगि छोडी दिया भन्या षवर आउंदा येस्ता विजाई विद्दत गर्न्याको सहन नसकी भोटसंग लडाई गर्न भनि पैल्ला लस्कर फागुनका २३ दिन जांदा रवाना हुन्छ . वाहापछि पनि फौज चरावर रवाना हुन्याछ यस कुराको सबै विस्तार ताहावाट आई सिवुमा रह्याका लामासंग गर्न्याको छ . उनले सबै विस्तार ताहा जाहेर गर्न्याको होला अघिदेषि ताहाको आहा गोर्षा दर्वारको केही कुरा तफावत नभै दोस्ती भै आयाको हुनाले जो भयाको विस्तार सछेप लेषि पठायाको छ . भोट्याले नचाहिन्या कुरो गरि ताहाको र आहाको वीचमा फाटो पर्न्या कुरो गरी विगार्न षोजला यस्कुरामा अघिदेषिको दोस्ति जानि कदाचित् कुरा सुन्नु हुन्या छैन भन्या हामीलाई निश्चय छ . ह्लासा तरफवाट कौनै कुराको मद्दत नपाउन् शुभम्—

फागुन शुदि १५ रोज ७ मा

ताहापछि श्री प्राइम मिनिष्टरवाट श्री जनरल वद्री नरसिंह कुवर राणाजीलाई लेषि गयाको वप्तान अम्वरसिं कुंवर राणाजीलाई आहावाट लेषिगया वमोजिम ज्मादार हुदास्मेत १ पट्टी सिपाहि र जो चाहिन्या षर षजानादि अह्राउन्या कुरा अह्राई जनावर ज्मा र रसद परीद गर्न्या गोदाम घर वनाउन्या मोस्ताङ थाकठेनी पांच गाउ झारकोट छार्काका थरी अमालि छान्यातुंपुन् गैह्रका नाउमा दस्षत २ लेषी इ झार स्मेा दि फागुन वदी ११ रोज २ का दिन मोस्ताङ तरफ पठाउन्या काम वढीया गर्न्याछौं इजहारको नकल पठायाछौं आइपुग्यो वेस भयाको रहेछ मजकुर लेफटेनका रोलमा कपतानी दर्जा भयाको छ . अव उप्रान्त कपतान भनि लेषन्या काम गर्नु वुटौल मेरा तालुकमा छैन . वाहाको हाल म केहि जान्दीन अैल्हे पनि काठ षरीद गर्न अंग्रेज आयो भन्या गलवा सुनिन्छ . भनि लेष्याका कुराल ई वढीया लेष्याछौं अंग्रेज संगको चिठीपत्र तिमीले गर्नु भन्या लेषि गयापछि अंग्रेज सन्वंधको षैषवर लेफटेन कर्णेल जङ्गध्वज कुवर राणाजिले तिमीलाई लेषि सोधी काम गर्नुपर्छ . अंग्रेज सन्वंधको जो आयाको षवर आहा म छेउ तुरन्त लेषि पठाउ पठायेनौ र गाफिल गर्न्यौ भन्या . तिमीले वुझाउन पर्ला भन्या वेहोराको तिम्रा चिठी लेषि षवर मगाई कामगर्नु . पल्टनहरू सापट माग्दछन् क्या वेहोरा गर्न्या हो भनि लेष्याका कुराचाई आहा जगेरा रह्याका तेही ३ हजारमा सापट दिन्या काम गर्नु नआ पल्टन जमाउन्या कुरालाई सबै रसद पुऱ्याउन्या काममा गयाका हुनाले मानिस पाइदैनन् भन्या विस्तार लेष्याका कुरालाइ छ सये जवान जही भर्ना हुन लागि रहेछ आही भर्या हुन्छ ६ सये जवान ताहा भर्ना गर्न सकिछ भन्या भर्ना गरि अघि लेषि गया वमोजिम प्युठानवाट वंदुक लिन लगाई चांडो गरि पठाई दिन्या काम गर. ६ सये जवान भर्ना गर्न सकिदैन मानिस पाइदैन भन्या आजसम्म ताहा भर्ना भयाका जवानको येति भर्ना भयो भन्या कागज आहा पठाई देउ आहा ढाक्न्या प्रशस्त छ आहा भर्ना गरूला पिपाका कुरालाई वरफंका साविक र श्री सम्तेर जङ्गका पिपा षलासि गरी जति ठहर्छ उतिलाई पठाउनु वढता हालनु पर्दैन भन्या अघि लेषि गयाको हो पुगी वुझ्याहौ शुभम्—

४६) चैत्र वदि २ रोज २ मा फागुनका २३ दिन जांदा केरू कुति झुगा षासाका ढेवा झुपन मिझार रैंयेत गैहका नाउं थिति वंदेजको लालमोहर दस्षत भै गयाको—

स्वस्ति श्री गिरीराज चक्र चुडामणि नरनारायणत्यादि विविध विरूदावलि विराजमान मानोनत श्री मन्महाराजाधिराज श्रीश्रीश्री महाराज सुरेन्द्र विक्रम साह बहादुर सम्सेरजङ्ग देवाना सदा समर विजयीनाम्—

आगे केरू अम्बलका ढेवा झुपन रैयत प्रजा गैहके तिमीहरूलाई भोटवाट आजसम्म तिरो भरोमा र झारा वैठ वेगार गैहको सान्हे टंटा लायाका रह्या छन् . वमोजिम तपसिलको थिति वंदेज गरि वक्स्या सुभिस्तासंग थितिमा रहन पाउनन् भन्या विस्तार श्री मद्राज कुमार कुमारारत्मज श्री प्राइम मिनिष्टर यान् कम्याण्डर इनचिफ जनरल जङ्गवहादुर जनरल जङ्गवहादुर कुवर राणाजीले हाम्रा हजुरमा जाहेर गर्दा सो वमोजिम थिति वंदेज वांधि वक्स्यौ . यो थिति वंदेजमा जो रहैवैन तेस्लाई जात अनुसारको भारी सजाये होला—

तपसिल

भोटलाई आजसम्म दियाका सिर्तोमा आधि माफ गरि वक्स्यौ आधि ढेवा मार्फत हाम्रा दर्वारमा दाषिल गर्नु— १

मेजमानी दिनु पर्‍यो भनि चिया चपा पैसामाना उठाउन्या र स्वास्नीको मेजमानी दिन्या कलम माफि गरि वक्स्यौ तेस्ता कलम दिनु पर्दैन— २

झारा वेठ वेगार माफगरी वक्स्यौ. श्री ५ चिन वादशाहलाई षलिता जांदा आउंदा जो अधिदेषि दि आयाकोमा भरीया दस्तुर अव उप्रान्त पनि दिनु— ३

तिमीहरूको विहावरि गर्दा र स्वास्नी राख्दा षान्या शून्या लाउन्या कुरामा भोटका पालामा तिमीहरूका पितापुर्खादेखि चलि आया वमोजिमको थिति थामि वक्स्यौ— ४

हाम्रा तरफवाट लडाञ्जीको जंगी कामकाज चलज्याल मानिस घोडा चौरी गडाहा गैह भारी वोकन्या भरिया दि वर्षको २ षेप ज्याला मजुरी नलि मद्दत दिनु . वाहापछि वाहिक चाहियो भन्या महाजनहरूसग लियाका दर्व दि वमोजिम मजुरी लि भारी चलाई दिनु लडाञ्जी सकिया पछि तिमीहरूलाई कोनै कुराको टंटा लागन्या छैन— ५

हाम्रा मुलुकमा मुसाफेर महाजन भोट तरफ जांदा आउदा जादा अधिदेषि महाजनसंग जो ज्याला मजुरीलि घोडा चौरी भरिया दि आयाको छ अव उप्रान्त पनि सो वमोजिम मजुरी लि भरीया दि भारी चलाईदिनु— ६

परदेशि मुसाफेर महाजन षेपुवा भरिया कोहि राति वास वस्यामा ३।४ जना मिलि धनमाल लुटगर्‍या भन्या जन्म भर नेलमा पर्‍याज्यु स्मेत मार्‍या भन्या जति जना मिलि ज्यू मार्‍याको छ उतिजनाको ज्यू ज्याला— ७

कोहि मानिसले गालागाल गरि वेहकमा गालिगर्‍या भन्या फिर्‍याद गर्न आयो भन्या . आमा चाकारी गालि गर्न्यालाई पांच मोहर अरू थोक गालि गर्न्यालाई ई दुई मोहर डंड होला— ८

लाठाढुगा लठिले हानी रगतपछे भयो अंगको भंग भयेन थलिने गरि कुट्याको पनि रहेन छ . १।२ चोट हान्या रगत आयो भन्या विस मोहर डंड होला अंग भग नगरी २।४ दिन थलिन्या गरि कुट्न्यालाई चालिस मोहर डंड होला . जितन्यालाई जिताउरि पर्दैन दुवैले हानाहान गर्‍यो भन्या पैले हान्यालाई विस मोहर पछि हान्यालाई दश मोहर डंड होला— ९

झगदा गर्दा अंगुला भांचिन्यालाई पचास मोहर हातखुट्टा भाचन्यालाई दुई सय मोहर यौटा आंखा फोर्न्यालाई पांच सय मोहर डंड होला— १०

कसैले कसैको ज्यू मार्‍या ज्यानको वदला ज्यान जाला— ११

कसैले कसैका धनमाल चोरि गर्‍यो भन्या विगो भरा विगा वरोवर डंड होला— १२

अरू षतवात लाग्दा भोटका पाला जो डंड लियाको छ अव उप्रांत षतवात परि आयो भन्या भोटका पालामा लियाका डंडको तिन षंडको एक षंड डंड होला— १३

भोटको पालामाको ढेवाले रैयतसंग दैदस्तुर जो षायाको छ . तेस्मा माफ गरि वक्स्याको कलम वाहेक आधि दस्तुर षानु आधि भन्दा वढता तहसिल षायाको ठहर्‍या भन्या विगो फिर्ता गराई विगो वमोजिम ढेवालाई डंड होला— १४

कसैको स्वास्नी जवरजस्तीसंग करनि गऱ्या र स्वास्नीको मेजवानि ल्याउ भनि हाकिमले टंटा लगाई लिया भन्या सये मोहर डड होला— १५

आगे षासामर अम्वरका मिझार रैंयत प्रजा गैंहुके प्रशस्ति वेहोरा तपसिल सदर. आगे कुतिभर अम्वलका ढेवा झुपन रेयत प्रजा गैंहुके प्रशस्ति वेहोरा तपसिल तपसिल सदर आगे झुगाभर अम्वलका ढेवा झुपन रैंयत प्रजा गैंहुके प्रशस्ति वेहोरा तपसिल सदर .

स्वस्ति श्री मद्राज कुमार कुमारात्मज श्री प्राइम मिनिष्टर यान कम्याण्डर इन चिफ जनरल जङ्गवहादुर कुंवर राणाजि श्री मिनिष्टर जनरल वंम्वहादुर कुवर राणाजि-को प्रशस्ति केरू कुति जुगा षासा ताकला षार छेवर गुम्वा येति ६ जगामा लालमोहर वमोजिम वेहोरा तपसिल सदर भै दस्षत लेषिगयो—

४७) दिनसेष घटि २ पला ७ वाकिछंदा श्री ५ सर्कारमा विदा भैयाका श्री मद्राज कुमार कुमारात्मज श्री मिनिष्टर जनरल वम्वहादुर कुवर राणाजी— १

श्री मद्राज कुमार कुमारात्मज श्री कम्याण्डर कर्णेल पृथ्वीध्वज कुवर राणाजि— १

पल्टन — ५

श्री भैरवनाथ-१ श्री जंगनाथ-१ श्री गोरखनाथ-१

श्री कालिवक्स-१ श्री वर्दवानी-१ × × ×

रात्रीगत घटी २३ पला ५७ जांदा रमाना भयाका—

केरू तरफ रवाना भयाका—

श्री मद्राज कुमार कुमारात्मज . श्री मिनिष्टर जनरल वंम्वहादुर कुवर राणाजि— १

तोप वम्— ८

तोप— ६

१२ पंनि झौला . हौजार. तषतावाल— २

५ लम्वरको— १ ६ लम्वरको— १

पाहाडीया हैजर १२ पंनि तषता वाल— २

११ लम्वरको— १ १२ लम्वरको— १

६ पंनि तषता वाल— २

७ लम्वरको— १ ८ लम्वरको— १

भै तषता वाल जंगिवम्— २

९ लम्वरको— १ १० लम्वरको १

श्री महिन्द्र दल पल्टनका— ११०

मेजर जसधीरसिवस्न्यात् १ कपतान् धोकल थापा— १

सुवेदार—— २ जमादार हवल्दार स्मेत जोलंदाल १०५

१ पट्टी जङ्गजित्— १ पट्टी १ के— ५३

२ पट्टी वाग्सी थापा— १ पट्टी २ के— ५२

विगुल— १

श्री रामदल पल्टनका— ५७

लेफटेन जङ्गवीर कुवर राणाजी १ सुवेदारी ग्रहमदषां— १

६ पट्टीका जमादार स्मेत गोलंदाज. ५४ विगुल— १

तोप वम् . षरषजाना असवाफ वोकन्या र चला-उन्या— १३९६

कोन्या ५ वहिदार ५

षलासि जमादार— २७ षलासि हवल्दार २६

षलासि— १३३३

श्री भैरवनाथ पल्टनका— ५२५

मेजर कपतान वलभद्रमाझी- १ कपतान रणसुर षडका- १

लेफटेन वुद्धिमान थापा— १ राइटर जुजुमान— १

अजिटनसरूप भंडारि— १ लैन सुरविरराई— १

निसान— २ सुवेदार— १०

जमादार— १० नाल— ४९१

वानादार— ६

श्री गोरषनाथ पल्टनका— ५३७

मेजर कपतान सुर्य्य प्रकाश— १ कपतान विरवहादुर मल्ल— १

लेफटेन नरध्वज थापा— १ लेफटेन महाविर आले- १

राइटर तुलसिनारान्- १ अजिटन इन्द्रवीर कटवाल- १

लैन. जस्मानसिं वस्न्यान्— १ नीसान— २

सुवेदार— १० जमादार— १०

नाल— ५०२ वानादार— ६

श्री जंगनाथ पल्टनका— ५५६

मेजर कपतान श्रीकृष्ण साही— १ कपतान् मलेजङ्पांडे— १

लेफटेन भारथ कार्की— १ लेफटेन वीरभद्र राउट— १

षर्दार लक्ष्मीरमनपाध्या— १ राइटर रणवीर— १

अजिटन पारथ भडारी–	१ लैन रणवम् षत्री–	१
सुवेदार–	१० निसान–	२
ज्मादार–	१० नाल–	५२१
		६

कुति तरफ रवाना भयाका—

श्री मद्राज कुमार कुमारात्मज श्रीकम्माण्डर कर्णेल पृथ्वि-		
ध्वज कुवर राणाजी–		१
श्री कालिवक्स पल्टनका–		५७०
मेजर कपतान–	१ कपतान् जक्तु गुरू–	१
ऐ. लक्ष्मन गुरू–	१ लेफटेन् देविसि ठाकुर–	१
अजिटन् भक्तविर गुरू–	१ राइटर रणविर–	१
कोल्या–	१ लैनरंजित गुरू–	१
निसान–	२ सुवेदार–	१०
ज्मादार–	१० नाल–	५११
वानादार–		२९
श्री वर्दवानी पल्टनका–		५४४
कपतान इन्द्रसि अधिकारी–	१ लेफटेन चन्द्रवीर वस्न्यात्–	१
अजितनरीतु ध्वज महत–	१ राइटर सिंहविर–	१
लैन भैरवसि देउजा–	१ निसान–	२
सुवेदार–	१० ज्मादार–	१०
नाल–	५११ वानादार–	६

धनकुटा वलाचुं तरफ रवाना भयाका श्री हेमालया ध्वज पल्टनका– ८८३

मेजर कपतान जग्यवहादुर घति –	१ कपतान कार्कि–	उधोसि १
लेफटेन वसन्त गिरि–	१ अजिटन नाहारसि भडारी–	१
राइटर इन्द्रनारन्	१ कोल्या सिंहदल वस्न्यात्–	१
लैन रणकेशर षत्री–	१ वहिदार–	१
निसान–	२ सुवेदार–	१०
ज्मादार–	१० नाल–	५६१
पिपा ज्मादार–	५ पिपा हवल्दार–	५
पिपा–	२५० वानादार विगुल–	२

चैत्र वदि २ रोज २ मा

यति भया पछि श्री प्राइम मिनिष्टरका हजुरमा मेजर कपतान् सताराम षत्रीले चह्राई पठायाको चैत्र वदि १ रोज १ का दिन गंडकि किनारका दहं पुरि वाटो सिध्याई आज वृम्दि गाउंमा टोप पुऱ्याया नीज गाउंका परतिर पैंराका मुषको ढुगो वारूड हालि उडाउन्या काम गऱ्या आहादेषि टिमुऱ्यासम्म ३।४ विकट छन् इ विकट वनाइ आहावाट तोप उठाई टिमुऱ्या पुराउन्या काम गरूंला शुभम्–

ऐ रोजमा

तेस्तै वखतमा श्री प्राइम मिनिष्टरका हजुरमा मेजर कपतान दलजित् विष्टले चह्राइ पठायाको हेटौडा भैंस्या- मा हाति घोडा वयल गाडाले ल्याया‌का टाट्सिदिया फलाम र पाथी ५० माना ५० भिफेदीमा झिकाई नौ- सिन्दा १० स्मेत साथ्लगाई सोमवारका दिन भिफेदी- वाट कोल्याकन्सि थापा जिम्मा चलान गरि पठायाका छौं दाषिल होला अरू जुन घडीमा आइपुग्ला सो घडीमा रमाना गरि चह्राई पठाउन्या काम गरूंला आहाका विलकुल जीनसि उठाई ५ हजार चानचुन रसद वांकी राषी मकवान पुऱ्या रैंयतलाई ५।७ सये रोजको चलान् गर्न लगाई मंगलवारका दिन गैंह्र पिपा षलासी ली किट्यानी अडामा सछौं शुभम्–

चैत्र वदी ३ रोज ४ मा

रातका घडी ३ वांकि छंदा श्री जनरल सम्सेरजं कुंवर राणाजी हेर्चार निमित्त केरू तरफ रवाना भया—

ताहा पछि श्री मिनिष्टर जनरलवाट श्री प्राइम मिनिष्टर- का हजुरमा चह्राई पठायाको मेजर कपतान सताराम षत्रीले लैगयाको तोप रसुवासम्म पुऱ्यायाका रह्याछन् भन्या षजाना पठाई वक्स्या जावस् . केरूसम्म त्यो टोप भरीसक्य गरि पुऱ्याउन जाउला आज भरिया नआई पुग्दा आही वस्तु पऱ्यो . भोलि पनि आयेन भन्या आहा कति दिन वस्नु षालि मोहर २ र षालि दस्पत २ आहा दाषिल भयो मुकाम वालाज्यू शुभम्–

श्री प्राइम मिनिष्टरवाट श्री मिनिष्टर जनरलके लेषि गयाको मेजर कपतान सताराम षत्रीले लग्याको तोप झुगासम्म लैजानु सकन्याछु भंछौ भन्या तेस्को षर

षजाना र तोप वोकन्या मानिस पठाइ दिन्छु . ताहाता पुऱ्याउनु सकिन्या छैन भंछौ भन्या षजाना पठाउन्या काम गऱ्याछैन. तेस्कोत जवीज गरि जवाफ चाडो पठाई दिन्या काम गर षालि मोहर २ षर्दार मनोहर पाठ्याले हिजो पठाई दियाको हो. पुग्यो हो. षालिमा छाप लाग्याका कागज २ पठाई दियाको छ पुगला शुभम्—

ताहापछि श्री प्राइम मिनिष्टरका हजुरमा श्री जनरल जगत सम्सेर जङ्ग कुवर राणाजिवाट लेषि चह्राई पठायाको चैत्र वदि ३ रोज ४ का दिन २ घडी रात जांदा आरामसित स्याफ्रु आई पुग्या ह्लासावाट आउन्या लामालाई धुंच्यामा भोट्या थोरै दुवलाय छ . तिमी नेपालवाट हिड्याका कति दिन भयो भनि सोध्यार चार दिन भयो भनि भन्यो संचछ कि भनि सोधदा अरू कुरालाइ ता संचै छ . हिडी आउंदा खुटा सान्है दुख्यो भनि भंछ भनि दोभास्याले भन्यो लामाका घोडा छैन कि भनि मैले सोधदा छैन तिन गोटा घोडा ल्याछ्याथ्या मैले वहि चढाया भनि उस्ले विन्ति गऱ्यो र मेरा आठ पहरी ज्मादारका भोट्या घोडा एउटा डाकमा आयाको थियो . यो घोडा लामालाई दिआ . लौ चढिजाउ भनि भन्या दोभास्याले वहुत मेहरमानगि भयो भनि भंछन् भनि दोभास्याले भन्थ्यो . लामाले हजुरका सवारी कैले हुनु भयो भनि सोधदा आजै ३ घडि रात वांकी छंदा नेपालवाट सवार गऱ्याथ्या भनि भन्या र जिभ्राका न्हो और सदका अर्थलाई दुनियादार देषदा कतिसम्म हुनन् भनि ज हा रह्याका कारिन्दाहरूसंग सोधदा टिमुन्या स्याफ्रु गरि ज्मा लस्कर १०।१२ हजार हुनन् भनि भनि भंछ . मेरा तजवीजमा पनि १०।१२ हजार होला भन्या तजवीज छन् वढ्याका होकि घट्य ाकोहो भनि सोधदा अैले ता अ धा पनि छैन भनि भंछन् कपतान भैरववहादुर पाडे सुवा धनसुंदर टिमुन्यामा वस्याका छन् मुषिया १ नौ सिदा १० फागुण सुदि १२ रोजका दिन स्याफ्रुमा आई रसद भराई वस्याका छन् . चैत्र वदि २ रोजका दिन प्रोहित चतुर्जुजदत्त अर्ज्याल स्याफ्रुमा आई पुग्याको रहेछन् स्याफ्रुवाट टिमुन्या ३ कोस पर्दछ. भोलि टिमुन्या जान्याछु . टिमुन्याका हाल सुरत वुझी भोलि विन्ति चह्राई पठाउन्या काम गरूंला शुभं स्याफ्रु—

चैत्र वदि ३ रोज ३ मा

तस्तै वीचमा श्री प्राइम मिनिष्टरवाट श्री जनरल वद्री नरसिंह कुवर राणाजीलाई लेषि गयाको फागुन लाग्या संक्रान्तिका दिन भोलिपल्ट कप्तान अम्वरसिं कुंवरजि र श्री वरष पल्टनको १ पट्टी मुस्ताङ पठाउनु मोस्ताङ तरफको चौरी घोडा भेंडा सवै ज्मा गरि तेस तरफ पायासम्मको रसद षरिद गरि वोकाई झुगामा आउनु . श्री वरफ पल्टन पनि तेही वाटो पठाइ दिनु अघि लेषि गयाको हो सो वमोजिम कपतान अम्वरसिं कुवर राणाजिलाई अह्राउन्या कुरो अह्राई मोस्ताङ तरफ पठाउन्या काम वढीया भयेछ . अवर यहा १८ सय षोलाका हाम्रा रैतिहरूले भोटका जगामा पर्नेरी तिरि अधिदेषि चौरी गोठ राष्याको रहेछ . ११ माल पौष महिनामा गोठ हेर्न जान्या गोठको मालिक र गोठालाहरूलाई ११ जना घोडा चढन्या १४ जना पैदल गोट तरफका भोट्याहरू आई डांकादि १ जनालाई मारी ४ जनालाई घाइन्या गरि ४ जनालाई पक्री दिउमो भारी वोकाई रानि पाना फर्काई वांधी राषन्या गरि ३।४ दिनको वाटो लगि फर्काई दियाछन् यस्ता वेहोरासंग गोठका चौरी ५ ६ सये र अरू आलमाल गैह्र सवै लुटि लै गयाछन् र १८ षोलाको छान्या अम्वरसिं थापाले लेषि पठाउदा र आहावाट गयाका श्री पुराना गोरष पल्टनका सिपाहिले देषि आउंदा भोट्याहरूले येस्तोराह गऱ्यापछि . हामीले पनि चुप लागी रहनु भयेन . फौज पठाउनु पऱ्यो भनि श्री मिनिष्टर जनरल भाई वम्वहादुर कुवर राणाजि र श्री भैरवनाथ १ नजा जम्याका श्री जंगनाथ १ श्री गोरखनाथ १ ज्मा पल्टन ३ तोप ८ लि फागुणका २३ दिन जांदा येतावाट केरू झुगाका किल्ला हात्न जांछन् . श्री कालिका वक्स १ वर्दवानी १ ज्मा पल्टन २ तोप ८ लि विर्गेडीयर मेजर कपतान रणसिं षतृ कुतिको वाटो जांछन् . ताहावाट पनि कपतान् अम्वरसिं कुवर राणाजी र वरष पल्टनलाई मोस्ताङको वाटो पायासम्मको रसद चौरी घोडा भेडा लुनु गदाहा षचर गैह्र जनावरलाई रसद वोकाई वैशाषका १५ दिन जांदा झुगा पुग्नु भन्या उदि दि सायेतका पुजि वमोजिम चैत्रका दिन ८ जांदाको

सायेत गराई मोस्ताङ पठाई दिनु वाहाबाट ज्मा भै जान्यालाई पनि सायेतका पूजि वमोजिम वैशाषका ३ दिन जांदाको सायेत गरि जान भन्या उदि दि पठाउन्या काम गर औ जंगी अैनका किताबको ढडा १ पठाई दियाको छ. यसबाट सार्न लगाई कप्तानलाई सकल लेफटेनहरूलाई नकल दिनु लेषिया वमोजिमको उदि सबै पल्टनलाई वेस गरि बुझाई सुनाउनु भनि उदि दिनु . आहा पनि पल्टन पिछे राइतर १ वहिदार १ जांछन् . ताहा पनि येसै रितले पठाउनु सिपाहिका फिजवानलाई कम्बरि ३।३ गोलि गठार ३।३ पत्थर दिनु . श्री वरष पल्टनका पिपा षलासि र श्री सम्सेर जङ्ग पल्टनका पिपा षलासि गैह स्मेतलाई पिपा १ मा ४० गोलि गठा र ४० पत्थर दुई महतापका दलै भारी हालि पिपा षलासिले उठायासम्म पल्टनका साथ रवाना गरी दिनु पट्टी १ ले आफैले वोकि लैजानु पर्या . फलाम्या भाडा चुच्या ३ को दाला ३ चांड्या ३ घन १ गल ११ वंचरो १ षुर्पा ३ महातापवालन्या चिम्टा १ ज्मा थान १६ का दरले पट्टी पट्टीमा वाडी दिनु . कुम्भी पात ताहा जगेरा छ भन्या ११ हातको पलैता वाढ्याको सिपाहि फिजवानलाई वाडि दिनु. पल्टनका नीसान ताही राषि प्रजा गर्नु नीसानका वदलामा झंडा तयार गरि तिनै नीसानलाई वोकाई पठाई दिनु . अफिसर गैह सबैले वंदुक लि जानु . तिनहरूका आपना वंदुक छन् भन्या वढीया भयो रहेन छन् भन्या ताहा जगेरा रह्याका वंदुक मध्ये अफिसर गैह लैन हुवल्दार कप्रेलतकलाई वंदुक दि विदा गरि पठाउन्या काम गर्नु भरि सक्य झुगाको कील्ला आहाबाट गयाका पल्टनले दषल गर्ला आहाकाले पछि भयो भन्या वरष पल्टनले त्यो झुगा किल्ला दषल गर्नु शुभम्—

सम्वत् १९११ साल सौर मानेन चैत्र मासे दिन ८ गते सोमवार सरे दिन गत घटी १६ पला ३६ मा श्री वरष पल्टनलाई उत्तर दिशाको यात्रा शुभ दायक छ शुभम्—

सम्वत् १९१२ साल सौर मानेन वैशाष मासे दिन ३ गते शनिवारसरे रात्रिगत घटि ८ पलेषु ११ पश्चीमाभिमुखे श्री वरष पल्टनले पर भूमि प्रवेशको सायेत गर्नु—

चैत्र वदि ३ रोज ३ मा

श्री प्राइम मिनिष्टरबाट मेजर कप्तान सताराम षत्रीलाई लेखि गयाको सिढी भयाको उकालो वढालो षष्काङ पन्याको ढाङमा तोप ठोक्किदो रहेछ . ठुलाठुला षरका मुठा राषि सिढिसिढीमा वष्याई थोरै मानिसले काध हालि अगाडि पछाडी विचमा ३ ठाउं वांधी उचाल्दै सारदै विकट कटाईसम्म मसिना वाटामा वोकाई लैजान्या काम गर्न्याको छु भनि लेष्याका कुरालाई विकट वाटामा वाटो वनाई संभारसंग लैजान्या भनि तिमीलाई पठायाको हो वढीया गर्न्याछौ येस्तोपलाई राम्रो सह्यार संभारसंग लैजान्यालाई वोकन्या डोरी १०० जना मानिस भया देषी सह्यारसंग जान्या रहेछ भनी लेष्याका कुरालाई अव उप्रान्त तोपलाई तेही मेजासंग वोकाई पठाउन्या काम होला साधु हालन भनी अघी विष्ट कप्तानले अैमान षत्रीलाई अह्रायाको हो . २।३ ठाउंमा साधु नपर्न्याका रहेछ जुनजुनको अम्वल हो उस गाउ झारा गरि वनाउनु लाउनु भनि मर्जि भया वनाउदा हुं भनि लेष्याका कुर-ल ई जुनजुन गाउको अम्वल वडा पर्छ उसै गाउलाई झारा गरि वनाउनु भन्या दस्षत स्मेत मै १।२ दिनमा आउन्या छ वाटो वनाउन्या काम गर्नु शुभम्-

चैत्र वदी ४ रोज मा

श्री प्र इम मिनिष्टरबाट श्री विर्गेडीयेर जनरल षड्ग वहादुर कुवर राणाजी के लेषिगयाको अठार सय षोलाका हाम्रा रैयतहरूले भोटका जगामा षर्चेरी तिरि अधिदेषि चौरी गोठ राष्याको रहेछ पौष महिनामा गोठ हेर्न जान्या गोठको मालिक र गोठालाहरूलाई ११ जना घोडा चढन्या १४ जना पैदल हिड्न्या भोट तरफका भोट्याहरू आई डाका दि १ जनालाई मारी ४ जनालाई घाइत्या गराई ४ जनालाई पक्री दिउसो भारि वोकाई राति पाता फर्काई वांधी राषन्या गरी ३।४ दिनको वाटो लगि फर्काई दियाछन् गोठका चौरी ५।६ सये र अरू आलमाल गैह सबै लुटी लै गयाछन् र १८ से षोलाका द्वान्या अम्वरसि थापाले लेषि पठाउदा र आहा वाट गयाका श्री पुराना गोरष पल्टनका सिपाहिले देषि आउंदा भोट्याहरूले यस्तो राह गर्न्यापछि हामीले पनि चुप लागि रहनु भयेन फौज पठाउनु पर्न्यो श्री मिनिष्टर जनरल भाइ वम्वहादुर कुवर राणाजी र श्री भैरवनाथ

१ नम्रा जम्याको श्री जंगनाथ १ श्री गोरषनाथ १ जमा पल्टन ३ टोप ८ लि फागुनका २३ दिन जादा सोमवारका दिन येतावाट केरू झुगाको किल्ला हान्नलाई विदा भै हिड्या . श्री कालि वक्स १ वर्दवानि १ जमा पल्टन २ तोप ८ लि श्री विगिडीयेर मेजर कपतान रणसि षत्रि कुतिको वाटो गया श्री वरष पल्टन मोस्ताङको वाटो गरि वैशाषका १५ दिन जांदा झुगा पुग्न जान्छन् म यतावाट सिकारजुङ पुग्यापछि तिमीले डिगर्चा हान्न जानु पर्न्या छ आफनु सवै कुराको तयार गरि राषनु भन्या कुरा अघि लेषि गयाको हो अवर चांदै जानु पर्न्या डवल छ आफनु फौज षर्षजाना रसद लाउन्या दोचा वषु गैह्र जान्या वेलालाई हर्कट नहुन्या गरि तयारी भैरहनु आहावाट लेषिगयापछि येकछिन विलम्व नगरि हुकुमको सायेत गरि सिवाना देषि वढ्न्या काम गरौला येस तरफ येस्तो भयापछि तेस तरफ पनि डाकादि नआउनन् आफनु हुसियारि गरि रहन्या काम गर्नु जंगी ऐनको किताबको ढडा १ पठाइ दियाको छ . येसवाट सार्न लगाई कपतानलाई सकल लेफटेनलाई नकल दिनु लेषिया वमोजिमको उदि सवै पल्टनलाई वेस गरि वुझाई सुनाउनु भनि उहि दिनु सिपाहि काफि जवानलाई कंवरि ३।३ गोलि गठा र ३।३ पत्थर दिनु . ताहाका पल्टनका पिपा षलासि गैह्रलाई पिपा १ मा ४० गोलिगठार ४० पत्थर ४ महतापका दरले भारी हाली पिपा षलासिले उठायासम्म पल्टनका साथ रवाना गर्नु पट्टी १ ले आफैले वोकि लैजानु पर्न्या फलान्या भाडा चुच्या ३ को दाला ३ चांमा ३ घन १ गल १ वंचरो १ षुर्पा ३ महताप वालन्या चिता १ जमा थान १६ का दरले पट्टि पट्टिमा वाडीदिनु कुम्भी पाटको १० हात्या पलैता वाप्राको सिपाहि जनलाई वाडी दिनु पल्टनका निसान ताही राषि पुजा गर्नु निसानका वदला झंडा तयार गरि तिनै निसानलाई लैजानु अफिसर गैह्रले वन्दुक लि जानु तिनहरूका आफना वन्दुक छन् भन्या वढीयै भयो रहेन छन् भन्या ताहाका जगेराका वन्दुक मध्ये अफिसर गैह्र लैन हवल्दारक प्रेलतकलाई वन्दुक दिनु औ तिनीहरूका नाउंमा ह्लासा डिगर्चा भोट तरफवाट चिठीपत्र लिया आहा हामीसंग भेट गर्न आउन्या र ताहा तिह्नेरूसंग भेट गर्न आउन्याहरूले सेतो धोजा घुमाई आउने वकिल हुन् तिनहरूलाई वन्दुकतिर कमान भाला वर्छा वाहेक आयसाली आहुडन्याहरूमा २५।३० जनासम्म आउन दिनु यस्ता रितसंग आउन्यालाई जसले हतियार चलाई मालां दुःख देला तेस्तालाई जंगि ऐन वमोजिम काटियेला भन्या वेहोराको दस्षत १ पठायाको छ . सो वमोजिम उदि दिने काम गर्नु औ हिमालयेश्वज पल्टन आउन्या छ . तेस पल्टनलाई चाहिन्या षलंगा वनाउनु लगाइ राषनु भनि अघि लेषि गयाको हो . सो वमोजिम गर्न्याकै होला चैत्र वदि २ रोज २ का दिन हिमालयेश्वज पल्टन विदा भै तेस्तरफ कुच भयो पल्टनकासंगमा मेजर कंपतान जय वहादुर घर्ति र कपतान उधौ कार्किहरू आयाका छन् लेफतेन नैनसि वस्न्यात लेफटेन वसन्त गिरि असवाव षजानाका साथमा आउन्या छन् शुभम् —

चैत्र वदि ४ रोज मा

श्री प्राइम मिनिष्टरवाट श्री मेजर जनरल कुस्नध्वज कुवर राणाजिलाई लेषि गयाको १८ सये षोलाका हाम्रा रैतिहरूले भोटका जगामा षर्चरि तिरि अघिदेषि चौरी गोठ राष्याको रहेछ पौष मैह्नामा गोठ हेर्न जान्या गोठका मालिक गोठालाहरू ११ जना घोडा चढन्या १४ जना पैदल हिडन्या भोट तरफका भोट्याहरू आई डाका दि १ जनालाई मारी ४ जनालाई घाइत्या गराई ४ जनालाई पक्री दिउसो मारि वोकाई राति पाता फर्काई वांधी राषन्या गरि ३।४ दिनको वाटो लगि फर्काई दिया छन् . गोठका चौरी ५।६ सये र अरू आलमाल गैह्र सवै लुटी गयाछन् भनि १८ सये षोलाका द्वन्या अम्वरसि थापाले लेषि पठाउदा र आहावाट गयाका श्री पुराना गोरष पल्टनका सिपाहिले देषि आउंदा भोट्याहरूले यस्तो राह गर्न्यापछि हामीले पनि चुप लागि रहनु भएन फौज पठाउनु पर्न्यो श्री भाई मिनिष्टर जनरल वंवहादुर कुवर राणाजी र भैरवनाथ १ नयां जम्याको श्री जंगनाथ १ श्री गोरषनाथ १ जमा पल्टन ३ तोप ८ लि फागुन मैह्नाका २३ दिन जांदा येतावाट केरू झुगा किल्ला हान्नलाई गयो . श्री कालिवक्स १ श्री वर्दवानि १ जमा पल्टन २ तोप ८ लि विगिडीयेर मेजर कपतान रणसि षत्रि

कुतिको बाटो गया . श्री बरष पल्टन मोस्ताङको बाटो गरि बैशाषका १५ दिन जांदा झुगा पुग्या गरि जांछन् . सिवाना देषि बढन्या कुरालाई आहावाट जवाफ गयापछि बढौला भन्या विस्तार अघि लेषि गयाको हो अवर चाडै जानु पर्‍यो डवल भैरहेछ . आफना फौज षजाना रसद लाउन्या दोचा वषु गैंह जान्या बेलालाई हर्कत नहुन्या गरि तयारि भैरहनु आहावाट लेषि गयापछि एक छिन विलंव नगरि हुकुमको सायेत गरि सिवानादेषि बढन्या काम गरौला तेस्तरफ पनि डाका दिनआउनन् आपनु होसियारी गरी रहन्या काम गर्नु जंगि ऐनको ढडा १ पठाई दियाको छ . येसव ट अर्को सार्न लगाई कपतान-लाई सकल लेपटेनहरूलाई नकल दिनु यस्मा लेषिया वमोजिमको उदि सवै पल्टनलाई वेसगरि बुझाई सुनाइ दिनु भनि उदि दिनु. आहापनि पल्टन पिछे राइटर १ वहिदार १ जांछन् . ताहा पनि पल्टन जांदामा येही रितसंग पठाउनु सिपाहि काफि जवानलाई कम्वरि ३।३ गोलि गठा र ३।३ पत्थर दिनु . ताहाका पल्टनका पिपा षलासि गैंह्रलाई पीपा १ मा ४० गोलि गठा र ४० पत्थर ४ महतापका दरले भारी हालि पिपा षलासि-ले उठायासम्म पल्टनका साथ रवाना गर्नु पट्टी १ ले आफैले बोकि लैजानु पर्‍यो फलाम्या भाडा चुच्या ३ को दाला ३ चांट्या ३ घन १ गल १ बंचरो १ षुर्पा ३ महताप बालन्या चिमता १ ज्मा थान १६ का दरले पट्टी पट्टीमा बाडी दिनु कुंभी पातका १० हान्या ५ लैता बाप्राको सिपाहि फिजवानलाई बाडी दिनु पल्टनका निसान ताही राषि पूजा गर्नु निसानका बदलामा झंडा तयार गरी थिनै निसानलाई बोकाई लैजानु अफिसर गैंह्र सवै बंदुक लीजानु. तिनीहरूका आपना बन्दुक छन् भन्या बढीयै भयो रहेन छन भन्या ताहाका जगेरा बन्दुक मध्ये अफिसर गैंह्र लैन हवल्दार कप्रेलतकलाई बंदुक दिनु तिमीहरूका नाउमा ह्लासा डिगर्चा भोट तरफवाट चिठीपत्र ली आहा हामीसग भेट गर्न आउन्या र ताहा तिमीहरूसंग भेट गर्न आउन्याहरूले सेतो धोजा घुमाई आउन्या वकिल हुन् तिमीहरूलाई बन्दुक तिर कमान भाता वर्छा वाहेक व्यापसाली आउन्याहरूमा २०।२५ जनासम्म आउन दिनु यस्ता रीतसंग आउन्यालाई जसले हतियार चलाई मार्ला दुःख देला तस्लाई जंगी ऐन वमो-जिम काटीएला भन्या वेहोराको दस्षत १ पठायाको छ . सो वमोजिम उदि दिन्या काम गर्नु शुभम—

चैत्र वदी ४ रोज ४ मा

गोर्षा श्री सर्कारवाट ह्लासाका टुंटारीन अम्वालाई लेषि-गयाको भोटले विजाइ गर्‍याको कुराको विस्तार अघी कार्तिक महिनामा गयाका चिठीको उत्तरमा आफुवाङको चित्त बुझन्या गरि पठाउला भन्या कुरा आफुहरूवाट लेषि आउदा वाटो हेरी रह्याकै थ्यो तस्तै बीचमा दोसाध देषी उभो भोटको साष्या ढेवाका जगामा षर्चरी रूपिञा तिरी अघीदेषि हाम्रा रैंयतहरूको चौरी गोठ रहंध्या येस पटक भोटले गोठका मालिकहरूलाई मारी माल असवाफ लुटीलियाको हाम्रा अठार सय षोलाका द्वान्या अम्वरसिं थापाले हामीसंग चिठी लेषि विन्ति गरि पठा-उदा भोटले विजाई गर्‍याको सहन सकेनौ भोटसंग चढाई गर्ना निमित्त फौज विदा गर्‍यौ भन्या विस्तार फागुन वदी ३० रोज ६ का दिन लेषि पठायाका पत्रले जाहेर भयो हो फेरी पनि फागुन महिनाका २२ दिन जांदा आहावाट विदा गरि फौज हिडाउन्यु वैशाष मैंह्रा-का १५ दिन जांदासम्म हाम्रा फौज केरूवाट झुगा नाघन्या छैन कुतिवाट भैरव लंगुर नाघन्या छैन पश्चिम-को फौज ताकलाषारदेषी वढन्या छैन मोस्ताङको झुगा-देषि वढन्या छैन . पूर्वको फौज सिवानादेषि वढन्या छैन. उसै ठाउमा रहन्या छन् ताहासम्ममा भोटवाट घा गर्‍या सतुक भयो भन्या हाम्रो फौज फेरी आउन्या छन् . घां सलुक भयेन भन्या लडन्या छ श्री ५ वादशाहलाई अघिदेषि मुष पेटले येकत्व मानि आयाको छ. अव उप्रान्त पनि मान्यै छौ श्री ५ वादसाहका हकमा आयाले पनि हेर्न सक्तैन हात जोरीनुह्याका छौं तसर्निमित्त ग्यामि चिनिञा सिपाहिहरूसंग कदाचित् लडन्याछैन आफुहरूका तरफ ग्यामि सिपाहि टिगरिमा आई २५ जना बसिरह्या छन् भन्या षवर सुनिछ . अन्त पनि जाहा जाहा रह्याका छन् ज्यामिहरूलाई गोर्षा र भोटका लडाजोमा फरक भैरहन भन्या आफुहरूवाट उदि दि फरक राषी दिनु भया वढीया होला हुलमुलमा केहि गरि जषम हुन गया

भन्या किन यसो गऱ्याछन् भन्या कुरा आफुहरूलाई पनि जाला भंना निमित्त चिठी लेषि पठायाको हो येस्कुराको वचाउ आफुहरूवाट गर्नै हुन्याछ. भोटले हाम्रा लडाञ्चीका निमित्त लाग्याको कर वर रूपैञ्चा दिया घां गर्न्या छौ उसै माफिकको मुलुक दिया पनि घां गर्न्या छौ. भोटवाट अघि हात छोडी लडाञ्ची गऱ्या भन्या उनले सक्याको मुलुक उनैले अम्वल गर्नन् हामीले सक्याको मुलुक हामीले अम्वल गरौला. भोटलाई हामीले जितन सक्यौ भन्या श्री ५ वादसाहलाई अघि भोटले मान्या भन्दा पनि ज्यादा गरि मुषपेटले येकत्व भै मान्याछौ शुभम्—

चैत्र वदि ६ रोज ६ मा

ताहापछि श्री प्राइम मिनिष्टरका हजुरमा श्री मेजर जनरल कृस्नध्वज कुवर राणाजीले चढ्हाई पठायाको कंपनी ली आहा आउनु पर्न्या काजी मेजर कपतान हजुरमा अघी आई पुग्न्याहरूको पौचनामा अघी चढ्हाई पठायाको हो. पुगी विस्तार जाहेर भयो हो सुवाविर भंजन माझि जंगि रसद षर्च जानालाई पाल्पामा हुंदि भै आयाको ४०७०० रूपैञ्चा मध्ये २८६६२ रूपिञ्चा सिका पाल्पावाट हाम्रा मानिसका जिम्मा गरि पठाइदिया छन्. इनि रूपैया आहा जुमला आई पुग्दा यहा वटही गर्न षोजदा मोहर रूपिञ्चा सिका रूपिञ्चा आहा सरोवर यकै नाउ रहेछ. यहा आइ पुग्याका सिका रूपैया फेरी वुटौल पठाई वटही गरी ल्याउन पर्दा यहावाट सिका रूपिञ्चा पठायाको छ. तिमीले वटहीको वेहोरा वाधी मोहर रूपिञ्चा ली आउन्या काम गर्नु भनि यहावाट लेषिगयाको हुनाले सिका रूपिञ्चा वटही गरी मोहर रूपिञ्चा ली फागुनका २२ दिन जांदा यहा आइ पुग्या. मुकाम जुमला गल्फादरा शुभम—

४८) चैत्र वदी ७ रोज ७ मा

तसै वषत श्री प्राइम मिनिष्टरका हजुरमा श्री विर्गेडियेर जनरल षड्ग वहादुर कुंवर राणाजीले चढ्हाई पठायाको फागुन वदी १४ रोजसम्म आहा मधेसका रसद भरीयाको र चलान भयाको मेगजीनमा षजाना असवाफ वनाई तयार भयाको वालुंचुं पुग्या पछि अंगुर पार जानालाई कुन पाठले चलाई लैजान्या हो भन्या विस्तार अघि लेषि चढ्हाई पठायाका पत्रले जाहेर भयो हो अव फेरि चैत्र वदि १ रोज १ सम्म तयार भयाको षजाना असवाफ मधेसको रसद वालुचुं तरफ रवाना भयाको येस्तरफ हाम्रा सिवाना भित्र भयाका चौरी भेडा गदाहा षचर घोडा जाचि तायेदात गरि ल्यायाको मुचुल्काको नक्ल स्मेत पर्दे उतारि चढ्हाई पठायाको छ. जाहेर होला चौरी भेडाका मजुरीको कुरा गर्दा हामीहरूले मजुरीमा वोकाउन्या काम गऱ्याको छैन आज श्री ५ सर्कारका काजन ई चाहियो भन्या हाम्रो जो भयाका भारि वोकन्या जनावर हाजिर गर्छौं मजुरीको वन्दोवस्त जो गरि वक्सनु हुन्छ भनि भोटेहरू मंछन्. मजुरीका कुरालाई तेस्तरफ वन्दोवस्त भया माफिक सिक्षा वक्स्या मजुरीको वन्दोवस्त काम गरौंला मधेसको रसद दुनियालाई वोकाउंदा १२ हजार ८ पाठीका दरले भारी ३० हजार हुंदा घरलाई ४ षेप दरवन्दी लाग्यो. अवर षेतिपातिको याम पनि भयो. आफ्ना घरको दरवंदी लाग्याको रसद पनि वालुंचुं इनैले वोकि पुऱ्याउनु पर्न्या छ. मधेसको रसद १२ हजार मुरिदेषि वढता वोकाउनलाई पाहाडका दुनीआलाई टटा गर्न जालाकि भन्या जस्तो लाग्छ. १२ हजार मुरीसम्म वीजैपुरवाट चलान गर्न्या र ४ हजार मुरी श्री पींडेश्वर महादेवका मठमा जगेरा राषन्या काम गऱ्या पाहाडका रसदलाई र दरवंदी वमोजिम ताकित गरि राष्याको छ. म वालुंचुं पुग्यापछि जिल्ला जिल्लामा सिपाहि पठाई रसद झिकाई गोदाम घरमा भर्न्या काम गरौंला मैह्ना डेढा मैह्नासम्ममा पाहाडको रसद उठी आई सकन्यैछ वालुंचुं जानालाई फागुनका १८ दिन जांदा मेरो र १७ दिन जांदा तोपको सायेत ठहर्दा सायेतमा प्रस्थान सार्न्या काम गऱ्या आहा आउन्या श्री हेमालयश्वत्र पल्टनलाई छाउनि पनि तयार गर्न लाउन्या काम गऱ्या पिपा षलासि पनि सय छविस भर्ना गर्न्या अरू पनि जिल्ला जिल्लामा सिपाहि पठाई झिकायाको छ आउदैछन् मर्जि वमोजिम चाहिन्या भर्ना गरि सकि इन्को नाउ नमेसि वतन समेतको हाजिरी पर्दे चढ्हाई पठाउन्या काम गरौंला वालुंचुंमा आइ षलंगा वन्याको नक्सा उतारी चढ्हाई पठायाको छ. जाहेर होला षलंगा आइका जगालाई नक्सा लेषेर देषन्या मानिसहरूले वताया को वुझदा वैरी को

गम उस्तो लाग्या रहेनछ भन्या जस्तो लाग्छ . गोदाम घर मन्या अघि चाडो ताकिति गरि तयार भयो आड्लाई फागुन लाग्यादेखि गोलामा बरोबर हिउं पर्नाले काम गर्न नसकदा आजसम्म ढिल भयाको हो अवता हिउं पनि हट्दै जान लाग्यो १२।१५ दिनमा आड पनि तयार होला . श्री हिमालयेश्वज पल्टन फागुनका १०।८ दिन जांदा तेस्तरफ रवाना हुन्याछ भनि अघि लेखि वक्स्या को हो त्यो पल्टन पनि आजसम्म आइ पुगेनन् यामले भन्या भोट तरफ जानाको पनि वषत भयो रसद षजानाहरू पनि चाहिया माफिक तयार भयाको छ· ताहावाट आउन्या श्री हिमालयश्वज पल्टन आहावाट म पनि पल्टन ली वालुंचुं जान्या काम गरूंला . अव सवै चाहीन्या काम कुराको सिक्या मंजि मै आया वमोजिम वन्दोवस्त अन्जाम वांधी ताकिति गर्न्या काम गरूला मुकाम धनकुटा शुभम्—

षामभित्र परि आयाको पुर्जी

हदिया च्यांतां स्मेतका गोवा मझिया भोट्या रैयत गैंहुको मुचुल्का वमोजिम जनावरको तपसिल—

असामी—	चौरी	झोवा	भेडाच्यांग्रा	घोडा	जमा
हटीयाका—	४६	४५२	२९१	×	७९२
हिंदानाका—	८	×	×	×	८
च्यांतांका—	५३	२३७	२४७	२	५३९
वालुंचुं ·	२४८	×	५०७	५	७६०
तोपक्यामोला—	३४	×	१४३	६	१८३
उनढीकिका—	१	६९	३८	×	१०८
	३९३	७५८	१२२६	१३	२३९०

बीजैपुरमा भरीयाको चावल जमा मुरि— १६००० ।-।
येस्मध्ये पिंडेश्वर मठमा जगेरा रह्याका मुरी- ४००० ।।
वांकि वालुंचुं चलान गर्न्या मुरी— १२००० ।.।
ताके चैत्र वदी १ रोज १ सम्म चलान भयाको भारी २७००० के दर ।८। ले मुरि— १०८०० ।.।
वाकि चलान गर्नु पर्न्या भारी ३००० के दर ।८। ले मुरी— १२०० ।.।

चैत्र वदी १ रोज १ सम्म षजाना तयार भयाको तेरीज—

तोपको जंगि गोला—	१६००
ऐका गिराफ—	२००००
ऐका धातुको फुटन्या गोला—	६०
वन्दुकको गोली स्मेतका कार्तोस पिपा ७०० के—	२३७५००
पिपा ३५० के दर गठा ३५ ले गठा १२२५० के—	१२२५०
पिपा ३५० के दर गठा ३० ले गठा १०५०० के—	१०५००
तोपको पुटफैर—	२००
ऐ का महतोप—	४००

अरू चाहिन्या असवाफ स्मेत तयार भयाको छ—

चैत्र वदी ७ रोज ७ मा

तस्तैवीचमा श्री प्राइम मिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरलवाट चह्राई पठायाको आजका १२ घडी दिन वाकि छंदा तोप असवाफ स्मेत ली हजुरका मेहन मानगीले साघुसम्म पुग्यौ झुगाको र केरूंको नक्सा लेष्याको कागज जमिन नापन्या जंतर पठाई वक्स्या वढीया होला शुभम्—

चैत्र वदी ८ रोज १ मा

ताहापछि श्री मिनिष्टर जनरलका हजुरमा षजांचि सिद्धिमानसिं राजभण्डारीले चह्राई पठायाको ताहावाट मंजि भया वमोजिम केरूंको नक्सा र झुगा किल्लाको नक्सामा श्री प्राइम मिनिष्टरका वाहुलिका अक्षर भयाको नक्सा स्मेत ३ श्री प्राइम मिनिष्टर साहेववाट पठाइ वक्सनु भयाको छ. नजर भै जाहेर होला औ हाम्रा तरफ मिल्याका केरूंका १०।८ भोट्या र पांच सये षोलाका जांन्यासुन्या १०।८ भोट्या ज्मा २०।२५ लाई दर्माहा वक्सी नोकर राषी चेवा चर्चालाई राषोस् भनि मंजि भयाको छ सो वमोजिम मैंह्रावारी दर्माहा वक्सी २०।२५ जना मानिसलाई आफ्नासंगमा राषि चेवा चर्चा गर्न लाउन्या काम गरी वक्सन भया वढीया होला घडीवालको ठेगाना भयो १०।८ दिनमा ताहा हाजिरी हुनन् शुभम्—

चैत्र वदी ९ रोज २

श्री प्राइम मिनिष्टरका हजुरमा श्री मिनिष्टर जनरल-वाट चह्राई पठायाको नक्साका कागज ३ जमिन नापन्या जंत्र ३ पठाई वक्सनु भयाको चैत्र वदी ८ रोज २ मा आई पुग्यो तोप षजाना लस्कर सवै ली म आज ग्रामा वस्यां रसुवा पुग्यापछि सवै कुराको हेर्चाह गरि विन्ति चह्राई पठाउला केरू झुगा टीगरि तरफ वुझनु भनि पठायाको छ . जो षवर आउला विन्ति चह्राई पठाउला शुभम्—

चैत्र वदी ९ रोज २ मा

तस्तै वषतमा श्री प्राइम मिनिष्टरका हजुरमा श्री मेजर जनरल कुस्नध्वज कुवर राणाजीले चह्राइ पठायाको ताहा सामेल भयाका पल्टन कंपनीको भर्ना जनावर षालि षाल्सा स्मेत जगाई नाउ नमेसी हाजिरी पठाईदिनु भन्या अति सिक्ष्याको पत्र अघी मलाई वक्सी आयाको हो सवै पल्टन सामेल मै नसक्याको हुनाले २।४ दिन ढील हुन गयाको हो सवै पल्टन सामेल भया र हाजिर तयार गरि चह्राई पठायाको छ श्री लेफटेन जनरल दाज्यै ज्यू वाट हजुरमा दाषिल होला मुकाम जुमला गल्फा दरा शुभम् -

श्री प्राइम मिनिष्टरका हजुरमा नाइक्या रामसुन्दरले चह्राई पठायाको स्याठाकाजिले डाकि पठाउंदा चैत्र वदी ९ रोजका दिन टिगरिवाट ह्लचि जंगला शुभम्—

चैत्र वदि १० रोज ३ मा

श्री प्राइम मिनिष्टरका हजुरमा संभुका लामाले भोट्या अक्षर लेषि चह्राई पठायाको केरूमा आज आई पुगी हजुरवाट मंजि भयाको कुरा सवै आहाका पगरीहरूलाई र नौसय प्रजा सवैलाई वेस गरि सुनाञ्यु दर्कैमारे सवै मानिस भागन्या डवल छ सिवाना नाघि लस्कार आयो भोटको मुलुकमा वाटो वनाउन लागि रहेछ . यसो गरि वस्नु भयो भन्या पछि मैले पनि भोट्याहरू सवैलाई कुरा काहानि गर्न कठिन पर्छ अलिक दिन थामि वक्सनु होला म पनि भोट तरफ रात दिन गरि जाउला भनि ठान्याको हो त्रयोदशिका दिनदेखि ठूलो हिउ पर्नाले वाटो सवै हिउँले थुप्दा हिउ रह्या वित्तिकै वाटो चलाई भोट तिर जाउलान् फर्किन आउज्याल लस्कर थामि वक्सनु भयन भन्या वन्दोवस्त गर्न्या पाठ कठिन पर्न जाला तस निमित्त थामि मेहरमानगी गरि वक्स्या जाला येति कुरा मेरो कर जोरि विन्ति शुभम्—

चैत्र वदी १० रोज ३

श्री प्राइम मिनिष्टरका हजुरमा केरूका चितु ढेवाले भोट्या अक्षरले लेषि चह्राई पठायाको हुकुम मंजिले आयाका चितुले विन्ति गर्याको कुरा वमोजिमको वेहोरा ली भोट तरफ जानालाई वाटो टाढा हुनाले आजकाल हिउंठुलो वाटोमा कठिन हुनाले अलिक विस्तार हुन गयो भन्या अफसर माफ भया जाला तेस विचमा कुति केरू तरफ फौज पठाई वक्स्या काम र झोङमा वुझन्या मानिस पठाई वक्सनु भयो भन्या चिनिलां भोट् साहेवान् दुवै-लाई हामिहरूले ढाट्याको जस्तो पर्न जाला हामीहरूको ज्यू जाहानमा पर्न्या छ . ताहासम्मलाई सिमाना ननाघी थामि वक्स्या जाला आफु वडा साहेव सर्वज्ञ हुनुहुन्छ . हामी गरिपले विन्ति गर्नु पर्दैन सिवानामा ढुंगा गाडी श्री ५ चिन वादसाहवाट चिन्हु राष्याको हो यस्मा फौज पठाई वक्सनु भयो भन्या भोट्याहरू षुसिले केहि गर्न सक्न्या छैन हजुरवाट विचार राषि वक्स्या जाला शुभम्—

चैत्र वदि ११ रोज ३ मा

चैत्रका ३ दिन जांदा भोट मुलुक कुति केरू तरफ प्रवेश-को सायेत—

चैत्र वदि १२ रोज ५ मा

तस्तै विचमा श्री प्राइम मिनिष्टरवाट श्री मिनिष्टर जनरललाई लेषि गयाको नक्साका कागज ३ जमिन नापन्या जंत्र ३ पुग्याछन् वढीया भयछ वेत्रावतिका डेरा-को नक्सा पठाई दियाछौ आईपुग्यो केरू झुगा टिगरि तरफ षवर वुझन पठायाका मानिस आई पुग्यापछि लेषन्या काम गर्न्यै छौ . वांकि ह्लासाका अम्वावाट श्री ५ सर्कारमा आयाको चिठीको उतार १ जवाफ लेषि गयाको मसौदाका नकल १ जंमा कागज फर्द ३ पठाया-का छन् चिठीका उत्तरले र जवाफ लेषि गयाका मसौदा का कागजले सवै विस्तार वुझौला शुभम्—

चैत्र वदि १२ रोज ५ मा

तसै वखत श्री प्राइम मिनिष्टरका हजुरमा श्री जनरल वद्रीनरसिंह कुवर राणाजीवाट चह्राइ पठायाको रसदका रूपैया मरमगदुर ताकित गरि पठाइदिउंला कदाचित् ढिला भयो भन्या तेस जिल्ला भरका थरि मुखिया भला-दमीहरूलाई दस्खत देखाई रसद खरिद गर्न आयाको हुन रूपिआ पछी आउन्या छ भनि वन्दोवस्त गरि दरघर वाधि गोदाम घरमा रसद भरि राषनु. रूपिआ तिमीसंग दाखिल भयापछि भरपाई वमोजिम गनि दिन्ये काम गरूंला भनि अधि कप्तान अम्वरसिं कुवर राणाजिलाई लेषि गयाको हो . सो मुताविक तयार गर्न्याको होला . वगैर १० हजार हर्कत होला भंना निमित्त फेरी आहाका माहाजनसंग सर सापत गरि जमादार हुदा सिपाहिका जीम्मा लगाई मोहर रू ३ हजार आजमज कुर कपतान-संग मुस्ताङ रवाना गर्न्या काम गर्न्या शुभम्—

श्री गोर्षा सरकारलाई ह्लासाका टुंगारिन् अम्वाले लेषि पठायाको हाडफोङ ५ साल फागुन मैह्लाका ४ दिन जादा आफुवाङवाट हामी ताटीनलाई लेषि पठायाका चिठीको वेहोरा मालुम भयो आफुवाङवाट लेषि पठायाका कुरालाई अघी हामीवाट आफुहरूलाई लेष्याको जवाफ चाडै आउला भनि धेरै दिनसम्म वाटो हेरी पर्ष्याका थिञ्यु ढिल भै जवाफ नआउदा फेरी आफुहरूको नाउको चिठी र चार काजिको नाउको चिठी १ श्री ५ वादशाहका हजुरमा अर्जि लेखि अधि नाइक्या भयाका रामसुन्दर हस्ते पठायाको छ. सो अर्जि र आफुहरूलाई लेष्याको चिठीले सवै विस्तार वुझनु हुन्यै छ. श्री ५ वाद-शाहका हजुरमा जौन कुराको अर्जि हामीले चह्राई पठायाका छौ उस्तै काम हामीले गर्नु पर्न्या छ . अर्जिमा विन्ति गर्नु यक थोक काम गर्नु यक थोक हामीवाट हुन्या छैन सो वुझनु होला भन्याको अर्थ हामीले विचार गर्दा पोरका साल १० मैह्लामा आफुवाङवाट लेषि पठायाको चिठी आइ पुग्यो हामी ताटीनलाई लेषि पठायाको वेहोरा धेरै छन् काम धेरै हुनाले यस्ता वेहोरासित काम छिन्यौ भनि चिठी लेषि पठाउन पायेन येक पट्टी टक्सार राजा लामाज्यूलाई चिठी लेषि पठाउदा पुरानु रित नमानि जगात वढता लिन्छन्. ति झुपनहरूलाई अधि झिकाई फेरी थिचमिच लुटपिट गरि मानिस मार्न्या र आफ्ना राज्यका मानिस इ सवै टिगरिमा झिकाई धयेवुं छवज्य ग्यावुर कास्यांवाट षटाई पठायाको फटिकको मजुर भयाको भोट्ये पर्दा र धोज सौदुहरू वसि येक येक गरि जरा-देषि छुट्याई निर्मल गरि काम गर्नु साधि सोधि हामीलाई येतातिर विन्ति गरि पठाउनु र तिमीहरूले जो लेख्याको वेहोरा सवै वायुको चाल गरि हामीवाट श्री ५ चिन वादसाहका हजुरमा अर्जि चह्राई पठाउला श्री ५ चिन वादशाहवाट हुकुम वक्सनु भया वमोजिम हामीवाट आफु-वाङलाई चिठी लेषि पठाउला अर्जि चह्राई डण्डवत गरी सक्या पछि श्री ५ वादसाहवाट उत्तरा नआउज्याल आफुवाङले पर्षनु पर्छ तसअर्थ टिगरिका धयवुनहरू सवै टक्सारको मान भयाको हु तिनिहरूले सवै काम छिन्दामा सवै पगरि हुँ भनि पन्पक्षे गर्नन् भना निमित्त मनमा संखा पर्न जान्दा फेरी आहा ह्लासाका चिनियाको पुन टांझीर भोट्या काजि वाङछोग्यावुहरूसंग टिगरिसम्म गै वेस गरि हेरी षसोषास निसाफ गर्नु भनि रोजि पठा याको छ . तिधयवुनहरूले जो सोध्याको काम निश्चय गरि सोधनन् कि सोधैनन् रौं प्रमाण भया पनि गुप्त गर्नु हुन्दैन ति षटाई पठायाका भारदारहरूले अर्कसि सोध वुझ गरि ताहाको वेहोरा लेषि वायुको चाल गरि यामन्-मा पठाउ र सो वेहोरा हेरि साह्रो निसाफ गरि मान षोसि दिउला भनि हामीले दस्षत पठाउन्या वेलामा फेरी टक्सारमा कामकाज गर्न्यालि फेन आछिहु थुपेथु लामाज्यूलाई कुति केरू २ जगाका झुपनहरूले चह्राइ पठायाका विन्ति पत्रमा लेष्याको आफ्ना राज्यको पुरानु नाइक्या रामसुन्दरले मानिस साथ लि साथमा पुगी राम-सुन्दरले भन्याको कुरा श्री गोर्षा महाराजावाट ह्लासा-सम्म जाउ भनि हुकुम भै आयाको हुं हामी ताटिनलाई चह्राई पठायाको विन्ति पत्र र भोट्या चार काजिलाई चिठी लेषि पठायाको र श्री ५ वादसाहका हजुरमा चह्राई पठायाको अर्जि हामिले छेकन सक्यौन आज पनि टिगरिमा पुग्यो. टिगरिका चिनिआ र भोट्या भारादारले आहा वस भनि थाम्दा अैले हालसाल आही वस्छु भनि

टीगरिमा बस्यो . तर केरूका झुपनले आफुवाङलाई चिठी लेषि विन्ति गरि पठाउदा आफना राज्यका थ्येवुन् षासु-वाङ त्वेलेयन्यान् तिमि २ जना केरूमा जानु पर्छ भन्या का अर्थलाई हामि ताटिनले विचार गर्दा आफुवाट अर्जि चिठी चह्राउनु पर्न्या भया अधिदेषि कुनिसम्म झुपन हस्ते पुऱ्याउन पर्न्या हो सोपि भन्याका चिनिआ भारा-दार मार्फत गरि कुलुप मारि ह्लासा हामि ताटिन् यामनमा दाषिल गर्नु पर्न्या हो आफुवाङ उत्तरा पठाउदा षेर हामि ताथिनवाट तासाङमा हालि टिगरिका सोपि भारादारवाट कुटिका झुपन मार्फत गरि झुपनले मानिस षटाइ नेपालसम्म पुऱ्याउन पठाउनु पर्न्या हो ताहा पुग्या-पछि आफुवाङले जाचिलिनु पर्न्या पोहोर अधिदेषि आजसम्म मानिस षटाई आहासम्म पुऱ्याउन पठाउन्या दस्तुर छैन . औ पांच वर्षको एक फेरा अर्जि र आफु-वाङवाट षटाई सौगान चह्राई फर्किने नेपाल आई पुग्या पछि मेहर मानगि भयो भनि चह्राई पठायाको अर्जि मात्र हुन्छ . अरू जेतेमेते चह्राउनु हुन्दैन केहि कुरा अर्जि मान मिल्यादेषि हो मितुवाङ ताठिनवाट फर्काई दिन्या दस्तुर छ . वेहोरा मिलाई जोग्य प्रमाण गरि हामी ताठिन यामनमा चह्राई पठाया हामि मार्फत चह्राउला यो पुरानु दस्तुर भयाको ढेरै वर्ष भयो अधिदेषिको दस्तुर मानि काम गऱ्याको छ . अधिदेषि चुक्याको छैन . त्यो नाइक्या रामसुन्दर अर्जि र विन्तिपत्र चिठि लीम ह्लासामा चह्राउन जान्छु भनि आउदा झुपनले छेकता पनि मानेन यसो गऱ्या पछि अघिका दस्तुरमा मिल्दैन फेरी टिगरिमा जानु भनि चिनिआ भारादार भोट्या भारादारलाई षटाई मेरो दस्षत मानि सरासर जानु डिगर्चादेषि टिगरिसम्म ति रामसुन्दरसग भेट भयापछि तेस्ले त्यायाको अर्जि र विन्तिपत्र चिठी आहावाट गयाका भारादारहरू मुष्याजी राषि जाचिलिनु र वायुको चाल गरि ह्लासामा दि पठाउनु र हामि ताठिनले सारि हेरौला हुन्या नहुन्या ठहराउला . त्यो नाइक्या रामसुन्दरसग जाहा भेट हुन्छ चाडै फर्कि जानु फेरी ह्लासामा नआउनु तेसो गऱ्या वाटामा कठिन हुन्या छैन रीतमा पनि मिल्छ भारादारहरू गयाको १२ साल महिनाका आषिरमा र यो साल लाग्दै फागुन महिनामा अघि पछि गरी ह्लासावाट गै सक्या आज आफुवाङवाट आयाको चिठी र झुपनहरूले विन्ति गऱ्याको कत्ति फरक छैन अस्ति आफुवाङवाट आयाको चिठीका वेहोरा पर्षनु पऱ्याको अर्थ टिगरि घयेषुले काम नछिन्दा र श्री ५ वादशाहको हुकुम ढिलो हुंदा हामिले यसै विलम्व गऱ्याको होइन . श्री ५ वादशाहवाट हुकुम मै आया र टिगरिका घयेवुन्-वाट काम छिन्यो भन्याको उत्तराको चिठी आया हामी ताठिनले जस्तोको तस्तो सवै एक गरि निर्मल गरि काम छिन्यौ भन्याको चिठी आफुवाङले वुझन्या गरि लेषि पठाउला वाकी रामसुन्दर आजकाल टिगरिमा होला आफुवाङसंग यो चिठी पुग्यापछि ति नाइक्या केरूमा षटाई पठायाका ग्येवुषासु वोङवहरूलाई चांडै दस्षत लेषि छुट्टि गरि झिकाउनु र रामसुन्दरले त्यायाको अर्जि र विन्तिपत्र चिठी आहावाट षटाइ पठायाका भारादार लाई हाजिर गरि सौपिदिनु इनहरूले जाचि लियापछि मार्फट गरि ह्लासामा पठाइ दिनु हामी ताठिनले रिन वमोजिम सारि हेरौला त्यो अर्जि र विन्तिका चिठीमा जो भयाका वेहोरा सवै रिन नमानि छोड्यादेषि हामी ताठिनले कसो गरि चह्राई पठाउन्या हो . दस्तुरमा मिलन्या भया विचार गरि काम छिनि दिउंला . जो विन्ति गरि पठायाको अर्थ वुझदा ज्यूको माया मारि काम गऱ्या कठिन हुन्याछ दस्तुर भयाको ठुलो हो . छोडनु हुन्दैन जो भयाको काम सवैथोक आफुवाङले विन्ति गरि पठाया छौ काम नछिन्यासम्म पर्षनु पर्ला आफुवाङले श्री ५ वादसाहको मेहेर नछोडी ठुलो दया मेहेर सम्झि रहनु पर्छ तसर्थ यो चिठि पठायाको हो . श्री हाङवाङ ५ साल फागुन मैह्लाका १० दिन जांदा भोट ह्लासा यामन श्री गोर्षा सरकारवाट ह्लासाका टुंगारिन् अम्वा-लाई लेषि गयाको ५ वर्षको श्री ५ वादसाहका हजुरमा जान्या मामुलि अर्जि वाहेक अरू जेन्या मेन्या चिठी मानिसका साथ गरि ह्लासा पठाउन्या दस्तुर छैन भनि लेषनु भयाका कुरालाई अघि कार्तिक महिनामा आफुहरू-लाई लेषि पठायाका चिठीको ढेरै दिनसम्म आफुहरूवाट जवाफ नआउदा भोटका षेलले जवाप आउनलाई ढिला हुन गयाको हो भन्या वेहोराले आफना मानिस साथ गरि आफुहरू छेउ पठाया. चाडै जवाप आउला ढिल हुन जावैन

भना निमित्त भोटले हामीसाथि विजाइ विद्दत गऱ्याका सवै कुराको विस्तारको अर्जि र श्री ५ बादसाहका हजुरमा आफुहरूका नाउमा र ह्लासाका ४ काजिका नाउमा चिठी लेषि नायेक रामसुन्दरलाई साथ गरि ह्लासासम्म पठायाको हो . अरू जेन्यामेन्या कुरालाई होइन मुलुक जान्या आउन्या लाषौ प्राणिको कत्तल हुन्या वेहोरा हुनाले पठायाको हो . आफुहरूका चित्तमा मानिस साथमा आउन्या दस्तुर छैन . नायेक रामसुन्दरलाई फिराई अर्जि चिठीमात्र झिकाउन हुन्छ तापनि मुलुक सम्बन्धी ठुलो वेहोराको अर्जि चिठी लि आउन्यालाई ता झिकाउन्या हो भन्या ठहर्छ तापनि आफुहरूको षुसि नायक रामसुन्दरलाई टिगरिमा रह्याका भारादारले अर्जि चिठी ली जाउ भन्छन् भन्या ह्लासा जानु फर्कि जाउ भन्छन् भन्या अर्जि चिठी ताहि छोडी आउनु भन्या पर्वाना लेषि पठाउन्या काम गऱ्यौं . येक वेहोराको टिगरिमा पठायाको भोट्या भारादार चिनिया भारादार वाट जरादेषि निर्मल गरि लेषि आयाको सवै वेहोराको अर्जि श्री ५ बादशाहका हजुरमा लेषि चह्लाई पठाउला . श्री ५ बादसाहवाट उत्तरा नआउज्यालसम्म पर्षनु पर्छ भनि लेषनु भयाका कुरालाई अघि आफुहरूवाट इ सवै कुराको जरादेषि निर्मल गरि अघ्र्यालो गर्न्यालाई डंड गरूला षर्च लाग्यो भन्या कुराको विचार गरि आफुवाङ्को चित्त वुझ्न्या गरि चिठी लेषि षठाउला भन्या लेषि आउदा आफुहरूवाट लेषि आयाको मानि फौज रवाना गऱ्यौ भन्या लेषियाको थियो तापनि फौज थामि वाटो हेरि पषि रह्याकै थिऱ्यू यैस्तै विचमा हाम्रो भोटका जगामा षर्तरि वस्याका मानिसहरूलाई काटि चौरिमाल असवाफ लुटि लैगयाको षवर आउदा भोटले साह्रै मिच्याको सहन नसकि भोटसंग लडाञी गर्ना निमित्त फागुन मैह्लामा फौज रवाना गऱ्यु वैशाषका १५ दिन जांदा अरू फौज रवाना हुन्याछन् इ फौजलाई तिमीहरूले केरू झुगादेषि भैरव लंगुर ननाघनु केरू कुतिका माहाजन रैयतहरूलाई लुटपिट नगर्नु ग्यानि चिनिया सिपाहिसंग नलडनु भोटका मानिसहरूले हातहतियार लि लडन आयो भन्या हातहतियार चलाउन्यासंग मात्र लडनु विच कर्सेलाई केहि नगर्नु भन्या फौजलाई हुकुम पठायाको छ . सो वमोजिन रहन्या छन् . वैशाष मैह्लाका १५ दिन जांदासम्ममा भोटवाट येक करवड रुपैंया र अधिको हाम्रो पुरानु कुति र केरू को कुकुटथाट सांध हो पश्चिम सिषहरू आउन्या वाटो थुन्ना निमित्त तापलाषारको सांध भोटले येति कुरा दिघा गर्छन् भन्या हाम्रो चित्त वुझि घा पनि गछौं लडाञी थामदछौ वैशाषका १५ दिन जांदासम्म येति कुरा भोटले गर्दैनन् भन्या पछाडि हाम्रो लस्कर थपिया पछि घा सलुक गर्छौं गर्न्याछौन जाहासम्म भोटको राज्ये लिन सकौना लिन्याछौ भोटले सक्यासम्म हाम्रो मुलुक लिनन् हामि लाठिले विचार गर्दा जियको मायामारि काम गऱ्या कठिन हुन्या छ . दस्तुर भन्याको ठुलो हो भनि लेषनु भया कुरालाई भोटले हाम्रा ज्यू मान्या धन लि चार पाइ लुट्या पछि हाम्रा दर्वारको इजत हुर्मत गयो जाहासम्म भोटले गऱ्यापछि हामीले जिउको मायामारि भोटसंग लडाञी गर्न तयार भयाका हौ ताहा आफुहरूवाट गोर्षा मिलुन भनि वेस निसाप गर्नाको मनसुवा गरि टिगरिमा भोटका भारादार चिनिया भारादारलाई षटाई पठाउनु भै गै प्रमाण जति पनि फरक नपर्न्या गरि निसाफ गरौना भनि लेषि पठाउनु भयो थ्यो तपाञीका लिषत वमोजिम हामी रह्याका थिऱ्यू यस्तो लडाञी हुन्या कुरा पऱ्याका वेलामा भोटले आफुहरूको भय नराषि फेरी हाथा १८ सै षोलामा रैयतहरूको पुष मैह्लामा ज्यू मारि धन लुट्या पछि अव इ भोट्याहरूको नास नगरि छाडदैनौ भनि हामीले भोटमाथि फौज रवाना गऱ्यौ भोटले जाहासम्म गऱ्यापछि र हामीले लडाञी गर्नालाई फौज रवाना गऱ्यापछि भोट र गोर्षाका वीचमा आफुहरू फरक भै रहनु भया वढिया होला गोर्षाले भोट्यालाई जित्या पनि जस्तो अघिदेषि मानि आयाका छौ उस भंदा पनि ज्यादा मायाको गोर्षालाई ताहा भोटले जित्न्या भन्या पनि श्री ५ बादशाहलाई भन्या छन्. चिनिञा सिपाहि टिगरिमा भोटका लस्करमा छन् भन्या कुरा सुनिछ . ति सिपाहिहरू झिकि वक्सनु होला . चिन श्री ५ बादशाहका सिपाहि ताक्यां कुकुरसंग पनि लडन्या को सामर्थ हाम्रो छैन चिनिया सिपाहिलाई झिकिदिनु हवस भनि हामीले अगावै विन्ति गरि पठायाको हो . भोटका लस्करमा मिसिन गै हामीले नचिह्नि ति सिपाहि मर्न गयो भन्या पछि श्री ५ बादशाहवाट हामीलाई तक्सिर नलागोस् भना निमित्त अगावै आफुहरूलाई जाहेर गऱ्याको हो . वैशाषका १५ दिन जांदासम्म सिपाहि

झिकि दिनु भया वढीया होला ताहासम्म हामी टिगरिमा आई लडन्या छौन. सो वुझाउनु होला चैत्र वदी १२ रोज ५ शुभम्—

चैत्र वदि १३ रोज ६

तस्तै विचमा श्री प्राइम मिनिष्टरका हजुरमा श्री मिनिष्टर जनवाट लेषि चह्राई पठायाको उप्रान्त हाल केरूंका समाचार ढेवा २ पनि चैत्र वदि १२ रोज ५ का दिन ९।१० घडि वाकिमा आलमाल लि गयेछ श्री च्यांग्रासि देवताको केवरा चैत्र वदि १२ रोज ५ का दिनदेषि फुल्याको छैन पूजाहारी स्मेत भाग्याको छ भन्छन् देवा धर्माको लामा भन्या आजसम्म केरौंमा छ भन्छन्

तस्तै वषतमा श्री प्राइम मिनिष्टर यानका हजुरमा श्री विर्गेडियेर जनरल षड्ग वहादुर कुवर राणाजीवाट लेषि चह्राई पठायाको उप्रान्त म यतावाट सिकार्जु पुग्या पछि तैले डिगर्चा हान्नु जानु पर्न्या छ भनि अघि लेषि गयाको हो अवर अठार सये षोलाका हाम्रा रैतीहरूले भोटका जगामा षर्चरि तिरि अघिदेषि चौरी गोठ राष्याको रहेछ येस पालि भोटका ११ जना घोडचढि र १४ जना पैदल भोट्याहरू आई हाम्रा रैयतहरूमा १ जनालाई मारि ४ जनालाई घाइत्या गरि ५।६ सये चौरी र अरू आलमाल समेत लुटि लगेछ. भोटेहरूले यस्तो गर्न्या पछि हामीले चुप लागी रहनु भयेन फौज पठाउन पर्न्यो येस्तरफ कुति केरू झुगाको किल्ला हान्नालाई श्री मिनिष्टर जनरल वम्वहादुर राणाजी र श्री विर्गेडियेर मेजर कपतान रणसि षतृ पल्टन तोपस्मेत लि विदा भै हिड्या ताहावाट तैले पनि चाडो जानु पर्न्या छ आफ्नु फौज षर्षजाना रसद दोचा वषु गैह्र चाहिन्या कुराको हर्कत नहुन्या गरि तयार भै रहनु. जाहावाट लेषि गयापछि उसै वषत हुकुमको सायेत गरि सिवानादेषि वढि जान्या काम गर्नु तेस तरफ पनि डाका दिन आउनन् आफ्नु हुसियार गरि रहन्या काम गर्नु भनि सिक्या अति पठाई वक्स्याको भोटले ताहासम्म वेजाई वेराहा गर्न्या पछि हामीले सहि वस्नु जोग्य छैन चाहिन्या षरषजाना रसद दोचा वषु गैह्र कुराको पनि आफ्ना वुद्धिले भेट्यासम्मको अनुजाम वांधी ताकित गर्न्याको छ. श्री हिमालय धोज पल्टन पनि येस्तरफ रवाना गरि पठाइ वक्सनु भये छ. नीज पल्टन जाहा आइ पुग्याछि म पनि जाहावाट सवै फौज षजाना उठाई वालुंचुं जान्या काम गरूंला ताहावाट वढि जानालाई मर्जि आइ पुग्नि मात्रै हुकुमको सायेत गरि लगुर पार फौज वढाई जंगि ऐनमा लेषिया मुताविक आफ्ना वुद्धिले पुग्यासम्म लडन्या काम गरूंला हाल षवर्दारिलाई वालुंचुङ येस्तरफ भोटको रसद सिवाना चोर वाटो पौडा गल्फा ठाउठाउमा सोला भाजा दर्जन थापन्या र चौकि विकट राषि आफ्नु होसियारिसंग रहनु भनि मेजर कपतान भिमल् आलेलाई फेरि पनि लेषि पठाउन्या काम गर्न्या चौकि विकट राषि साला भाजा दर्जन थापि होसियारसंग रह्याकै छन् जंगी ऐन पनि ढडामा लेखिया वमोजिम सवै पल्टनका आफिसर लगायत पिपा षलासि वानादारसम्म गैह्र जवानलाई वेहोरा वुझाई सुनाउन्या काम गरि सकल कपतानलाई र नकल लेफटेनलाई दिन्या काम गर्न्या गोलि गठा थर महाताप फलाम भाडा गैह्र पिया षलालिले वोकन्या हालन्या र सिपाहि फिजवानलाई वाडि दिन्या पट्टिलाई जिम्मा लाउन्या तजवीज गरूंला ह्लासा डिगर्चावाट चिठीपत्र ली जाहा भेट गर्न आउन्या र ताहा तिमीहरूसंग आउन्याहरू सेतो ध्वजा घुमाई आउन्या वकिल हुन् तस्तालाई वन्दुकतिर कमान भाला वर्छा वाहेक च्यापसालि आउन्याहरूमा २५।३० जनासम्मलाई आउन दिनु यस्ता रितसंग आउन्यालाई जसले हतियार चलाई मार्ला दुःख देला तेस्तालाई जंगी ऐन वमोजिम काटियौला भन्या दस्यत पठाई वक्स्याका अर्थ दस्षतमा लेषियाको वेहोरा सवै पल्टनलाई उर्दि सुनाई दिन्या काम गर्न्या तेस्ता वकिल आयामा याद राषि षातिर गरि संभारसंग हजुरमा पठाउन्यासम्म आउन्यालाई उनले ल्यायाको चिठीको वेहोरा वुझी मुनासिफ माफिक जवाप दि पठाउन्या काम गरूला आजकाल येस्तरफ लंगुर पारका षवर वालुंचुङदेषि डिगर्चासम्म वाटा वारिपारि गाउंका रैतिहरू गोर्षाले चढाई गरि लुटपिट गर्छन अनि हडवडाई अन्यत्र गाउंमा भागि वसै गयाका थिया आजकाल ह्लासावाट मानिस पठाई गोर्षासंग हाम्रो घा वन्दोवस्त हुन्या छ तिमीहरूले हडवडाउनु पर्दैन आफ्ना आफ्ना गाउघर आई वस्न्या काम गर मनि षातिर तसल्लह गर्दा कोहि कोहि रैतिहरू आउन लागि रह्याछन् भनि लंगुर पारवाट वेपार गर्न आउन्या भोट्याहरूले भन्छन् भनि हटिया च्यातां वालुंलुङका गोवा मझियाले गर्न्याको विस्तार जाहेर गरि पठायाको छ मुकाम धनकुटा शुभम्-(क्रमशः)

ABOUT THE AUTHORS

Dr. Franz-Karl Ehrhard	—Co-ordinator, Nepal-German Manuscript Preservation Project, Nepal
Dr. Niels Gutschow	—German Research Scholar
Mr. Uddhav Acharya	—Lecturer, Kathmandu Multiple Campus, Kathmandu
Dr. Raja Ram Suvedi	—Lecturer, Central Department of History, Kirtipur Campus, T. U., Nepal
Mr. Shankar Man Rajvanshi	—Research Scholar, Nepal

'प्राचीन नेपाल' का निमित्त प्राग्–इतिहास तथा पुरातत्त्व, लिपिविज्ञान, हस्तलिखित ग्रन्थ, मुद्राशास्त्र, अभिलेख, मानवशास्त्र, संग्रहालय तथा ललितकलासंग सम्बन्धित मौलिक रचनाको माग गरिन्छ ।

रचना संक्षिप्त तथा प्रामाणिक हुनुका साथै अद्यापि अप्रकाशित हुनुपर्दछ । तर कुनै प्रकाशित विषयका सम्बन्धमा नयाँ सिद्धान्त र प्रमाण प्रस्तुत गरिएको भए तिनको स्वागत गरिनेछ ।

रचनासंग सम्बन्धित चित्रहरू पठाउन सकिनेछ । रचना पृष्ठको अग्रभागमा मात्र लेखिएको हुनुपर्नेछ । प्रकाशित लेखहरूमा व्यक्त गरिएको भावना वा मत सम्बन्धित लेखकको हो ।

महानिर्देशक
पुरातत्त्व विभाग
रामशाहपथ
काठमाडौं, नेपाल

Contribution of original nature dealing with pre-historic and field-archaeology, epigraphy, manuscripts, numismatics, archives, art, anthropology and architecture of Nepal and museum and other techniques connected with various aspects of our work are invited to **'Ancient Nepal'.**

The contribution should be concise and well-documented, and based on hitherto unpublished data, if not new interpretation of already known evidence.

The opinions expressed are those of the authors and do not necessarily reflect the views of the editor or the Department of Archaeology.

Photographs and illustrations (line drawing) may be sent. The typescript should be in double space and one side of the paper only sent to:

The Director General
Department of Archaeology
Ramshahpath
Kathmandu, Nepal.